साउन - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ७ | २०७८, साउन १-१५ | पूर्णाङ्क ६९७

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	८	इजलास नं. ९	८
इजलास नं. १	१	इजलास नं. १०	५
इजलास नं. ३	७	इजलास नं. ११	६
इजलास नं. ४	९	इजलास नं. १२	१
इजलास नं. ५	४	इजलास नं. १३	२
इजलास नं. ६	४	इजलास नं. १४	१
इजलास नं. ७	५	इजलास नं. १५	६
इजलास नं. ८	६	इजलास नं. १६	३
जम्मा	**४४**	**जम्मा**	**३२**

कूल जम्मा ४४ + ३२ = ७६

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, साउन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका, *०७२-CI-१११८, उत्प्रेषण / परमादेश, कुलबहादुर कार्कीसमेत वि. जिल्ला विकास समितिको कार्यालय खाँदबारी, संखुवासभासमेत*

पुनरावेदकहरूले विपक्षी गा.वि.स. कार्यालयको मिति २०७२।२।२५ को निर्णय एवं मिति २०७२।२।२७ को सम्झौता बदर गरी मिति २०६३।१२।४ र ५ को गाउँ परिषद्को निर्णय नं. १८ कायम राखी पाउन माग गरेको देखिन्छ । मिति २०६३।१२।४ र ५ को गाउँ परिषद्को १५ औं भेलाको निर्णय नं. १८ मा "आँखीभुइको जम्मा क्षेत्रको बिचमा पर्ने गरी गा.वि.स. को भवन रहने गरी केन्द्र निर्धारण गर्ने र सम्बन्धित निकायमा आवश्यक सिफारिस गरी पठाउने" भन्ने निर्णय भएको देखिन्छ भने मिति २०७२।२।२५ को निर्णयमा आँखीभुइ गा.वि.स.को भवन आँखीभुइ ६ मा निर्माण गर्न तपसिलमा उल्लिखित उपभोक्ता समिति निर्माण गर्ने बेहोरा उल्लेख भई भोलामान श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय निर्माण उपभोक्ता समित गठन भई सो समितिले विपक्षी जिल्ला प्राविधिक कार्यालयसँग सम्झौता गरेको देखिन्छ । यस प्रकार दुवै निर्णय गा.वि.स. भवन निर्माण गर्नसँग सम्बन्धित रहेको देखिने ।

मिति २०६३।१२।४ र ५ गतेको निर्णयमा आँखीभुइको जम्मा क्षेत्रको बिचमा पर्ने गरी गा.वि.स. को भवन रहने गरी केन्द्र निर्धारण गर्ने उल्लेख भए पनि त्यो निर्णय ९ वर्षसम्म कार्यान्वयन भएको देखिँदैन । उक्त निर्णयअनुसार बिच भाग कहाँ पर्ने, त्यो बिच भागमा गा.वि.स.को जग्गा भए नभएको र उपभोक्ता समिति निर्माण भए नभएको सम्बन्धमा पुनरावेदकहरूले केही उल्लेख गरेको देखिँदैन भने मिति २०७२।२।२५ को निर्णयमा वडा नं. ६ मा गा.वि.स. भवन निर्माण गर्ने उल्लेख भएको देखिन्छ । मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपिबाट वडा नं. ६ मा गा.वि.स. को आफ्नै नामको कि.नं. ४८७, १२६१ र १२६५ मा ५-१-०-० क्षेत्रफल जग्गा भएको देखियो । साबिक २०३७/३८ सालदेखि गा.वि.स. को भवन सोही वडा नं. ६ स्थित अमरूवा उच्च माध्यमिक विद्यालयको जग्गामा निर्माण भई कार्य सञ्चालन हुँदै आएको देखिन्छ । हाल भवन निर्माण गर्न शान्ति तथा पुनःनिर्माण मन्त्रालयले एक आ.व.को लागि ९ लाख ४० हजार रूपैयाँ बजेट स्वीकृत गरेको देखियो । उक्त मन्त्रालयले दिएको बजेटबाट भवन निर्माण गर्नु परेको अवस्थामा गा.वि.स. को नाममा भएका जग्गामा भवन बनाउन उपयुक्त नै हुन्छ । स्थलगत प्रतिवेदनमा पनि वडा नं. ६ मा भवन निर्माण गर्न उपयुक्त हुने उल्लेख भएको कुरा विपक्षी जिल्ला प्राविधिक कार्यालयको लिखित जवाफबाट देखिन्छ । तदनुरूप विपक्षी उपभोक्ता समिति र जिल्ला प्राविधिक कार्यालयबिच भवन निर्माण गर्ने सम्झौता भई डि.पि.सि. सम्मको निर्माण कार्य भएको देखिने ।

डि.पि.सि. सम्मको निर्माण कार्य सम्पन्न भएपश्चात् पुनरावेदकहरूले दिएको निवेदनमा पुनरावेदन अदालत धनकुटाको मिति २०७२।३।२७ गतेको अन्तरिम आदेशले निर्माण कार्य रोक्का भएको देखिन्छ । पुनरावेदकहरूले पुनरावेदन अदालतमा पुनरावेदकहरूसमेत २४ जनाले रिट दायर गरेकोमा रिट खारेज भएपछि त्यसलाई स्वीकार गरी लोकेन्द्र कार्की र टेकबहादुर विष्टसमेतका ७ जना निवेदकले यस अदालतमा पुनरावेदन गरेको देखिँदैन । त्यसमा पनि विपक्षीहरूको लिखित जवाफबाट अन्य सरकारी कार्यालय पनि सोही वडा नं. ६ मा रहेको भन्ने देखिन्छ । यसरी पुनरावेदन अदालतबाट रिट निवेदन खारेज भएपछि ७ जना निवेदकले स्वीकार गरेका, अन्य सरकारी कार्यालय र गा.वि.स. को नामको

जग्गा पनि वडा नं. ६ मा नै भएको अवस्थामा सोही स्थानमा गा.वि.स. भवन बनाउन मिति २०७२।२।२५ गते भएको निर्णयले पुनरावेदकहरूको संवैधानिक र कानूनी हकमा प्रतिकूल आघात पुगेको नदेखिने।

त्यसका अतिरिक्त पुनरावेदकहरूले बिचमा गा.वि.स. भवन बनाउने व्यवस्था हुन माग गरेकोमा नेपालको संविधानले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने व्यवस्था गरेअनुसार नेपाल सरकारले मुलुकमा ७ वटा प्रदेश र विभिन्न ७५३ वटा स्थानीय तहको गठन गरेको देखिन्छ। पुनरावेदकहरू १ नं. प्रदेशअन्तर्गत संखुवासभा जिल्लाको साबिक आँखीभुइ गा.वि.स.मा बसोबास गर्ने नागरिक भएको देखिन्छ। नेपाल सरकारले पुनरावेदकहरू बसोबास गर्ने साबिकको आँखीभुइ गा.वि.स. र अन्य माम्लिङ एवं तामाफोक गा.वि.स. लाई एक आपसमा मिलाएर हाल धर्मदेवी नगारपालिका गठन गरी साबिक तामाफोक गा.वि.स. को वडा नं. ९ केन्द्र तोकेको देखिन्छ। यसरी नेपाल सरकारले जिल्लाका साबिक ३ वटा गा.वि.स. मिलाएर एउटा धर्मदेवी नगरपालिका बनाई तामाफोकलाई केन्द्र तोकेको अवस्थाले अब आँखीभुइ नै बिच भागमा पर्ने नदेखिँदासमेत पुनरावेदन दाबीको कुनै अर्थ रहने नदेखिँदासमेतका आधार र कारणबाट पुनरावेदन अदालत धनकुटाले रिट निवेदन खारेज गरेको कार्यमा कुनै त्रुटि नदेखिने।

अतः गरिएको विवेचनाको आधार र कारणबाट पुनरावेदन अदालत धनकुटाले मिति २०७२।६।१३ मा निवेदन खारेज गर्ने गरेको आदेश (फैसला) मा कुनै कानूनको त्रुटि नदेखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका, *०७२-CI-११२१, उत्प्रेषण / परमादेश, कान्छा महर्जनसमेत वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत*

पुनरावेदक र प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयको जग्गा दाता पुरूषोत्तम राजभण्डारीसमेतका राजभण्डारी परिवार रहेको देखिन्छ। त्यो कुरालाई पुनरावेदक र प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले स्वीकार गरेको देखिन्छ। यसरी पुनरावेदकहरूलाई जग्गा बिक्री गर्ने र प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयलाई अर्पण गर्ने कार्य एकै परिवारबाट भएको अवस्थामा कुन कार्यले मान्यता पाउने भन्ने सम्बन्धमा हेर्नुपर्ने देखियो। पुनरावेदकहरूले मन्त्रिपरिषद्को मिति २०२३।११।१५ को निर्णयमा हाम्रो भोगचलनको जग्गाको सम्बन्धमा कुनै निर्णय भएको छैन, केवल पोत मात्र प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले लिन पाउने उल्लेख भएकोले जग्गा प्रत्यर्थी विश्वविद्यालयको हक पुग्न सक्दैन भन्ने पुनरावेदन जिकिर लिएको देखिने।

पुनरावेदकहरूको पुनरावेदन लेखबाट विवादित जग्गा २०४८/०४९ सालमा खरिद गरेको देखिन्छ। तर यिनै विवादित जग्गा यिनै पुनरावेदकका दाताले स्वेच्छाले शिक्षा क्षेत्रमा अर्पण गर्ने उद्देश्यले प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयलाई दिन निवेदन दिएपछि पुनरावेदकहरूले खरिद गर्नुभन्दा पहिले करिब २५ वर्षअगाडि मन्त्रिपरिषद्को मिति २०२३।११।१५ को निर्णयले जग्गा गुठीमा रहने र पोत प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले पाउने निर्णय भइसकेको देखिन्छ। त्यही निर्णयको आधारमा प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले बाली भराई पाउँ भनी भूमिसुधार कार्यालय काठमाडौंमा दिएको मुद्दामा उक्त कार्यालयले २०४१ साल आषाढ महिनामा त्रिभुवन विश्वविद्यालयले बाली भराई लिन पाउने ठहऱ्याई गरेको निर्णय अन्तिम भएको छ। अन्तिम भएको निर्णयलाई अन्यथा गर्न मिल्दैन। अन्यथा गर्दा फैसला अन्तिमताको सिद्धान्तविपरीत हुने।

भूमिसुधार कार्यालयको निर्णय अन्तिम भएको अवस्थामा पुनरावेदकहरूले सर्जमिन

मुचुल्कामा आफूहरूको हकभोग रहेको भनी लिएको जिकिर कानूनसम्मत मान्न मिलेन । प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले मिति २०२३।११।१५ को मन्त्रिपरिषद्को निर्णयको आधारमा विवादित जग्गा रोक्का राख्न प्रत्यर्थी मालपोत कार्यालयमा पत्राचार गरेको देखिन्छ । तर पुनरावेदकहरूले मिति २०२३।११।१५ को निर्णय बदर माग गर्न सकेको देखिँदैन । त्यो निर्णय बदर नभएसम्म राजभण्डारी परिवारले त्रिभुवन विश्वविद्यालयलाई अर्पण गरेको जग्गा साबिक जग्गाधनीको हकभोगमा फिर्ता भई पुनरावेदकहरूले खरिद गरेको मान्न मिल्ने हुँदैन । त्रिभुवन विश्वविद्यालयको नाममा जग्गा दर्ता हुन बाँकी भए पनि मन्त्रिपरिषद्को निर्णय कायमै रहेको देखिन्छ । यसरी राजभण्डारी परिवारले विवादित जग्गा प्रत्यर्थी त्रिभुवन विश्वविद्यालय शिक्षा क्षेत्रमा अर्पण गर्न निवेदन दिएअनुसार मन्त्रिपरिषद्को मिति २०२३।११।१५ को निर्णयले गुठीमा राख्ने निर्णय भएर सोही निर्णयको आधारमा २०४१ साल आषाढमा प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयले बाली भराई पाउने गरी भूमिसुधार कार्यालयबाट भएको निर्णय अन्तिम भएर बसेकोले पुनरावेदकहरूले खरिद गरेको कार्यले मान्यता नपाई प्रत्यर्थी त्रिभुवन विश्वविद्यालयलाई अर्पण गरेको कार्यले मान्यता पाउने देखिँदासमेतका आधार र कारणबाट पुनरावेदन अदालत पाटनको आदेश (फैसला) अन्यथा नदेखिने ।

अतः विवेचना गरिएका आधार र कारणबाट पुनरावेदन अदालत पाटनले रिट निवेदन खारेज गरेको मिति २०७२।५।१६ को आदेश (फैसला) मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम् ।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३-CR-१६१२, जबरजस्ती करणी / हाडनाता करणी, परिवर्तित नाम (एन १) वि. नेपाल सरकार*

प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा वारदातका समयमा पीडिता सुतेकै घाटमा सुतेको तर केही नराम्रो गरे जस्तो लाग्दैन भने पनि आफूले जबरजस्ती करणी गरेको होइन भनी किटानी भन्न भने सकेको देखिँदैन । आमा विदेश गएको र यी पुनरावेदक बाबुको संरक्षणमा बसेका पीडितालगायत छोराछोरी आफ्नै बाबुलाई जबरजस्ती करणी जस्तो गम्भीर अपराधको कसुरमा दोषारोपण गर्नुपर्नेसम्मको रिसइवी रहे भएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । सोही कारण पनि बाबुको संरक्षणमा नै रहने बस्ने उद्देश्यले नै अदालतमा आई बकपत्र गर्दा मौकाको बयानविपरीत प्रतिवादीबाट जबरजस्ती करणी भएको होइन भनी लेखाई दिएको अनुमान गर्नुपर्ने हुन्छ । त्यसैगरी पीडिताको शारीरिक जाँच परीक्षणमा अन्य कुरा Normal भए पनि Hymen not intact भनी उल्लेख भएको १२ वर्षीय नाबालक पीडिताको कन्याजाली अन्य कुनै कारणबाट च्यातिएको भनी अनुमान गर्न सक्ने अवस्था पनि रहँदैन । यसरी पीडिताको शारीरिक जाँच परीक्षणबाट देखाएको तथ्यलाई अन्य परिस्थितिजन्य प्रमाणले समर्थित गरिरहेको अवस्थामा पीडिता स्वयम्ले अदालतमा आई जबरजस्ती करणी गरेको छैन भनी बकपत्र गरेकै आधारमा आफूले पीडितालाई जबरजस्ती करणी गरेको होइन भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने ।

अतः यी पुनरावेदक प्रतिवादी N1 ले आफ्नै १२ वर्षीय नाबालक छोरीलाई जबरजस्ती करणी गरेको हुँदा मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष र हाडनाता करणी महलको १ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गरी पीडितालाई रू. ५०,०००।- क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्दै गरेको उच्च अदालत विराटनगर, इलाम

इजलासको मिति २०७३।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ईश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१६९४, लागु औषध (हेरोइन), रिक्की शाही वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीले बरामदी मुचुल्कामा उल्लिखित परिणामको लागु औषध आफूबाट बरामद भएको भन्ने तथ्यलाई स्वीकार गरी अदालत र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेबाट बरामदी मुचुल्कामा उल्लिखित परिणामको लागु औषध बरामद भएकोमा विवाद देखिएन । यी पुनरावेदक प्रतिवादीबाट बरामद लागु औषध हेरोइन रहेको भन्ने लागु औषध परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीबाट २० ग्राम लागु औषध ब्राउन सुगर बरामद भएको हो भनी प्रतिवेदकले अदालतसमक्ष बकपत्रसमेत गरी दिएको देखिने ।

बरामद लागु औषधको परिणामसमेतका आधारमा यी पुनरावेदक प्रतिवादीको उल्लिखित कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) बमोजिम कसुर अपराध देखिन आएकोले निजलाई ऐ. ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजाय गर्नुपर्ने नै देखिन आउने ।

उल्लिखित आधार र कारणबाट सुरू जिल्ला अदालतको फैसला केही उल्टी गर्दै उच्च अदालत पाटनले यी पुनरावेदक प्रतिवादी रिक्की शाहीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहऱ्याई गरेको मिति २०७३।०९।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम् ।

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१४२८, लागु औषध (खैरो हेरोइन), मनिषराज श्रेष्ठ वि. नेपाल सरकार

कुनै व्यक्तिका साथबाट लागु औषध बरामद भएमा निजले अन्यथा जिकिर लिएमा त्यस्तो जिकिर प्रमाणित गर्ने भार प्रतिवादीमा नै निहित रहने भन्ने लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा उल्लेख भइरहेको सन्दर्भमा यी पुनरावेदकले झोलाबाट डिजिटल तराजु मात्र बरामद भएको, बरामद लागु औषध हेरोइन यिनै पुनरावेदकको पाइन्टको खल्तीबाट बरामद भएको भन्ने बरामदी मुचुल्का र प्रहरी प्रतिवेदनबाट देखिएको उक्त बरामदी मुचुल्कालाई अन्यथा भनी यी पुनरावेदक प्रतिवादीले भन्न सकेको अवस्थासमेत नदेखिने ।

पुनरावेदक प्रतिवादीका सँगसाथबाट ३३ ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको, निजले अधिकारप्राप्त अधिकारीसमक्ष वीरगन्जबाट लागु औषध खरिद गरी ल्याई केही बेची बाँकी बिक्री गर्ने उद्देश्यले व्यक्ति कुरेर बसेको भनी लेखाई दिएको सुरू अदालतमा आई बयान गर्दा बरामद भएको लागु औषध र डिजिटल तराजुका सम्बन्धमा अन्यथा भन्न नसकेको र प्रतिवेदकद्वयले बरामदी मुचुल्का र प्रतिवेदनको समर्थनसमेत हुने गरी बकपत्र गरी दिएबाट यी पुनरावेदक प्रतिवादीले बिक्री वितरण गर्ने उद्देश्यले लागु औषध (खैरो हेरोइन) ल्याएको तथ्य पुष्टि हुन आएकोले सुरू र पुनरावेदन तहबाट भएको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था नरहने ।

अतः यी पुनरावेदक प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(च) विपरीत कसुर अपराधमा ऐ.ऐनको दफा १४(१)(छ)(२) बमोजिम सुरू जिल्ला अदालतले १० वर्ष कैद र रू.८०,०००।- जरिवाना हुने गरी गरेको सजाय सदर ठहऱ्याउँदै गरेको उच्च अदालत पाटनको

मिति २०७३।७।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

६

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-०९४२, लागु औषध (ब्राउन सुगर), समन वि.क. वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादीले आफू सेवनकर्ता भएकोले सेवन प्रयोजनको लागि १ डोज ब्राउन सुगर मात्र ल्याएको १७ पोका होइन भनी बयान गरे तापनि सोलाई पुष्टि हुने गरी कुनै प्रमाण गुजार्न सकेको देखिँदैन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम प्रमाणको भार प्रतिवादीमा रहने र आफू निर्दोष छु भन्ने प्रमाण आफैँले पुर्‍याउनुपर्नेमा यी पुनरावेदक प्रतिवादी आफूबाट १७ पोका ब्राउन सुगर बरामद भएको होइन भनी विश्वसनीय प्रमाण गुजार्न नसकेको, बरामद लागु औषधको मात्र १ ग्राम १३ मि.ग्रा. रहेको, यी पुनरावेदनले स्वयम्ले मौकाको बयानमा उक्त बरामद ब्राउन सुगर १७ डोज हुने भनी बयान गरिदिएबाट पनि सेवन प्रयोजनको लागि मात्र ल्याएको भनी पत्यारलायक पनि नदेखिने।

पुनरावेदक प्रतिवादी सुमन वि.क. बाट बरामद १ ग्राम १७ मि.ग्रा. ब्राउन सुगर आफू सेवन पनि गर्ने र बढी भएको बिक्री वितरण पनि गर्ने उद्देश्यले खरिद गरी मोटर साइकलको हेल्मेटमा ल्याएको तथ्य पुष्टि हुन आएको निजको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) बमोजिमको कसुर अपराधभित्रकै रहे भएको देखिने।

प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा आफू मोटर साइकल सवार भई आइरहेको अवस्थामा पक्राउ परेको नभई होटलबाट उठ्न लागेको अवस्थामा पक्राउ परेको र आफ्नो सँगसाथबाट ब्राउन सुगरको १ डोज बरामद भएको भनी लेखाई दिएका, बरामद ब्राउन सुगर मोटर साइकलको हेल्मेटबाट बरामद भएको भनी बरामदी मुचुल्कामा लेखिएको र बरामद मोटर साइकल नै यी पुनरावेदक प्रतिवादीले लागु औषध खरिद तथा ओसार पसार गर्ने कार्यमा प्रयोग भएको भनी ठोस प्रमाण गुजार्न नसकेको सन्दर्भसमेतलाई विचार गर्दा मोटर साइकलसमेत जफत हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

अतः यी पुनरावेदक प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय गर्दै बरामद मोटर साइकल जफत नगर्ने गरी गरेको उच्च अदालत तुलसीपुरको मिति २०७३।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

७

स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री हरिकृष्ण कार्की, *०७३-WO-०९३१, उत्प्रेषण / परमादेश, मणिराम ढकाल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक एउटै स्वास्थ्य कार्यालय खोटाङमा ७ वर्षभन्दा बढी नियमित कार्यकाल बिताई सकेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छ। त्यसैगरी रिट निवेदकको व्यक्तिगत विवरण (PIS) मा समेत निज विगत सात वर्षदेखि अविच्छिन्न रूपमा जिल्ला स्वास्थ्य कार्यालय, खोटाङमा कार्यरत रहेको देखिन्छ साथै निजको ठेगाना विवरण विराटनगर उप.म.न.पा. वडा नं. ४ मोरङ उल्लेख गरिएको भन्नेसमेत विपक्षीहरूको लिखित जवाफबाट खुल्न आएको छ । सो कुरालाई निवेदकले अन्यथा भन्न सकेको अवस्थासमेत देखिँदैन । उक्त व्यवस्थाले निजको व्यक्तिगत विवरण (PIS) मा उल्लिखित

ठेगानाको आधारमा पनि निजामती सेवा नियमावली, २०५० को नियम ३६(५) बमोजिमको व्यवस्था निजको हकमा आकर्षित हुने नदेखिने।

निवेदकको हकमा स्वास्थ्य मन्त्रालयको उपसचिवको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिले जिल्ला स्वास्थ्य कार्यालय, खोटाङको जिन्सी मालसामान लिलाम सम्बन्धमा छानबिन गरी तयार पारिएको प्रतिवेदनले निज दायित्वबाट विमुख रहेको भन्ने प्रतिवेदन रहेको र सो प्रतिवेदनका आधारमा स्वास्थ्य मन्त्रालयले निर्णय गरी निजलाई अन्यत्र सरूवा गरिदिनु भनी मिति २०७३।११।०४ च.नं. ५८४९ मा आएको पत्रबमोजिम सामान्य प्रशासन मन्त्रालयबाट सरूवा भएको भन्ने जिल्ला स्वास्थ्य कार्यालयको लिखित जवाफबाट देखिन आएकोले विभागीय कारबाही स्वरूप समितिले दिएको प्रतिवेदनका आधारमा सरूवा गरिएको देखिने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट यी रिट निवेदक जिल्ला जनस्वास्थ्य कार्यालय खोटाङमा विगत लामो समयदेखि कार्यरत रहेको देखिनुका साथै निजले घरपायक पर्ने स्थानबाट अन्यत्र सरूवा गरिएको भन्ने जिकिर लिएको भए तापनि निजको व्यक्तिगत विवरण (PIS) मा समेत निजको ठेगाना विवरण विराटनगर उप.म.न.पा. वडा नं. ४ मोरङ उल्लेख भएको देखिएको र सरूवा भएको कारणबाट आफ्नो पदीय हैसियत सुविधा तथा कार्यसम्पादनमा समेत फरक परेको नदेखिनुका साथै सरकारले खटाएको ठाउँमा जानु निजामती कर्मचारीको कर्तव्यसमेत भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम्।

इजलास नं.१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७४-WO-००१४, उत्प्रेषण / परमादेश, विजयकुमार यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत*

निवेदक विजयकुमार यादवसमेत विरूद्ध सप्तरी जिल्ला अदालतमा अपहरण तथा शरीरबन्धक मुद्दा दायर भएकोमा सप्तरी जिल्ला अदालतबाट निज प्रतिवादी / रिट निवेदक विजयकुमार यादवका नाउँमा २०६५।०३।१७ मा म्याद जारी भएको देखिन्छ । सो म्याद विजयकुमार यादव घरमा फेला नपरेको र निजको एकाघर परिवारका व्यक्तिसमेत घरमा नभएको भन्ने बेहोरा जनाई निजको घरदैलोमा टाँस भएको देखिन्छ। यसप्रकार टाँस भएको म्यादमा २ जना साक्षी राखी गा.वि.स. सचिवसमेत रोहबरमा बसी हस्ताक्षर गरी तामेली भएको देखियो। मुलुकी ऐन अ.बं.११० नं. मा म्यादवाला मानिस र निजका एकाघरका उमेर पुगेका मानिससमेत फेला नपरी म्यादवाला मानिसको घरडेराको ढोकामा टाँस गरी म्याद तामेल गर्दा सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य वा सचिव रोहवरमा राखी तामेल गर्नुपर्दछ भन्नेसमेतको बेहोरा उल्लेख भएको देखिएबाट उल्लिखित म्याद तामेली हुँदा मुलुकी ऐन, अ.बं.११० नं.को रीत पुगी तामेल भएको देखियो। साथै उक्त म्याद जारी गर्दा रिट निवेदकले प्रस्तुत निवेदनमा उल्लेख गरेको निजको स्थायी वतनमा निजको बाबुको नामसमेत उल्लेख गरी जारी भएको देखिँदा उक्त म्याद रीतपूर्वक जारी भई रीतपूर्वक नै तामेल भएको देखिने।

रीतपूर्वक म्याद जारी भएको र कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी तामेलसमेत भएको अवस्थामा तामेल भएको म्यादमा उल्लिखित समयभित्र प्रस्तुत मुद्दाका रिट निवेदक सम्बन्धित

अदालतमा उपस्थित भई आफ्नो सबुद प्रमाण प्रस्तुत गरी आफूउपरको आरोपको विश्वसनीय एवम् तथ्यसङ्गत तरिकाले खण्डन गराई आफूलाई निर्दोष साबित गराउनुपर्नेमा सो नगरी तामेल भएको म्यादमा तोकिएको अवधिभित्र उपस्थित नभई म्याद गुजारी बसेको देखिएबाट मलाई सुनुवाइको मौका नदिई अपहरण तथा शरीरबन्धक मुद्दामा फैसला भएको भन्ने रिट निवेदकको निवेदन बेहोरा यथार्थपरक र मनासिब देखिन नआउने।

तसर्थः रीतपूर्वक म्याद जारी भई त्यस्तो म्याद रीतपूर्वक नै तामेल भएको देखिएको तथा तामेल भएको म्यादमा उल्लिखित समयभित्र रिट निवेदक सम्बन्धित अदालतमा उपस्थित हुन गएको नदेखिएको अवस्थामा प्राकृतिक न्यायको सिद्धान्तअनुसार सुनुवाइको मौका पाइन भनी रिट निवेदकले लिएको जिकिर औचित्यपूर्ण र मनासिब नदेखिँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, *०६८-CR-०१४१, ०७०-CR-०१००, जबरजस्ती करणी (अप्राकृतिक मैथुन), नेपाल सरकार वि. प्रकाश के.सी, प्रकाश के.सी. वि. नेपाल सरकार*

प्रतिवादी प्रकाश के.सी.को अनुसन्धानको क्रममा भएको कागजमा पीडितलाई ट्युसन पढाउने क्रममा आफ्नो काखमा राख्ने, गाला ओठमा चुम्मा खाने, अङ्गालो मार्ने, स्तन खेलाउने, हातको औंला पीडितको योनिमा घुसाउने कार्य गरी यौन सन्तुष्टि लिएको भन्ने उल्लेख भए तापनि अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही उल्लिखित कार्यहरू गरेको होइन । ट्युसन पढाउने क्रममा थप्पड हानेको रिसइवीले झुठ्ठा कुराको जाहेरी दिएको भनी बयान गरेको देखिन्छ । पीडितलाई प्रतिवादीले ट्युसन पढाउने गरेको भन्ने कुरामा विवाद देखिँदैन । पीडितलाई प्रतिवादीले काखमा राख्ने, चुम्मा खाने, अङ्गालो मार्ने तथा स्तन खेलाउने गरेको पुष्टि हुने आधारहरू पीडितको शारीरिक परीक्षणबाट यकिन गर्न सकिने अवस्था पनि नहुने हुँदा उल्लिखित कार्यहरू जबरजस्ती करणी गरेको नै नभए तापनि करणी गर्ने खराब आशयबाट गरिने क्रियाभित्र पर्न जाने।

जहाँसम्म पीडितको योनिमा प्रतिवादीले औंला घुसाएको भन्ने विषय छ सो सम्बन्धमा हेर्दा पीडितको उमेर १० वर्षको रहेको भन्ने देखिन्छ । पीडितको शारीरिक परीक्षणबाट योनिमा औंला घुसाउँदा योनिमा पर्नसक्ने घर्षणका असरहरू देखिन सकिने अवस्था हुन्छ । पीडितको शारीरिक परीक्षणबाट पीडितको योनिमा त्यस्तो कुनै चिह्नहरू रहेभएको देखिन आएको छैन । हाम्रो कानूनमा के कस्ता क्रियालाई अप्राकृतिक मैथुन मान्ने भन्ने सम्बन्धमा निश्चित परिभाषा गरेको छैन । सामान्य रूपमा अप्राकृतिक मैथुनको अर्थ गर्दा प्राकृतिक यौन सम्पर्कबाहेकको यौन क्रिया भन्ने बुझिन्छ । प्रस्तुत वारदातमा प्रतिवादी र पीडितका बिचमा प्राकृतिक वा अप्राकृतिक यौन सम्पर्क भएको भन्ने देखिन आएको छैन। काखमा राख्ने, चुम्मा खाने, स्तन खेलाउने, अङ्गालो मार्ने कार्य स्वाभाविक रूपमा अन्य मानिसहरूले देख्न सक्ने अवस्था हुन सक्दछ। तर सिरक ओडेर पीडितको योनिमा औंला घुसाएको कुरा वस्तुगत आधारमा नै पुष्टि हुनुपर्ने हुन्छ। पीडितको योनिमा हातको औंला घुसाएको भन्ने तथ्य वस्तुगत प्रमाण आधारबाट प्रमाणित नभएसम्म अप्राकृतिक मैथुन गरेको भनी ठहर गर्न न्यायोचित हुने देखिँदैन।

पीडितलाई प्रतिवादीले अप्राकृतिक मैथुन गरेको भन्ने प्रमाणित हुन नआएकोले यी प्रतिवादीले अभियोग दाबी लिएअनुसार जबरजस्ती करणीको महलको १, ३(२) र ९क को कसुर गरेको भन्ने देखिन नआउने।

प्रतिवादी प्रकाश के.सी.ले आरोपित कसुर नगरेको र आफू निर्दोष रहेको भन्ने जिकिरतर्फ विचार गर्दा, यी प्रतिवादीले अदालतसमक्ष आरोपित कसुरमा इन्कारी बयान गरेको भए तापनि पीडितलाई साँझको समयमा ट्युसन पढाउने गरेको, वारदात भएको भनिएको दिनमा प्रतिवादी वारदात स्थलमा रहे भएको तथ्य स्वीकार गरेको र अनुसन्धानको क्रममा पीडितलाई चुम्मा खाने, अङ्गालो हाल्ने, स्तन चलाउने कार्य गरेको भन्ने कुरा यी प्रतिवादीले अनुसन्धानको क्रममा स्वीकार गरेको देखिएको छ। आफूले ट्युसन पढाउने विद्यार्थीले प्रतिवादीलाई झुट्टा कुराको आरोप लगाउनुपर्ने मनासिब कारण प्रतिवादीले दिन सकेको देखिँदैन। नाबालिकाको संवेदनशील अङ्ग समाउने चलाउने कार्य गलत मनसायले गरेको देखिने।

आशय करणीको कसुर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची (१) भित्रको रहेको नदेखिँदा उक्त ऐनको दफा २७ बमोजिम प्रचलित कानूनबमोजिम कारबाही किनारा हुन मनासिब नै देखियो। प्रमाण ऐन, २०३१ को दफा २७ ले सजायमा कमी वा छुट वा रिहाई पाउने कुनै जिकिर प्रतिवादीले लिन्छ भने सो कुराको प्रमाण पुऱ्याउने भार निज प्रतिवादीकै हुने हुँदा पीडितलाई करणीको आशयबाट चुम्मा खाने, अङ्गालो हाल्ने, स्तन चलाउने कार्य गरेको अनुसन्धानको क्रममा बयान गरेको देखिएकोले केवल अदालतमा कसुरमा इन्कार गरेकै आधारमा आरोपित कसुरमा सफाइ पाउनुपर्ने भनी निजले लिएको जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट दाङ देउखुरी जिल्ला अदालतले प्रतिवादी प्रकाश के.सी.लाई जबरजस्ती करणी अप्राकृतिक मैथुनमा सफाइ दिई प्रस्तुत वारदातलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम आशय करणीमा परिणत गर्ने गरी मिति २०६७/१/१२ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०६७।१२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७२-CR-०५६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. लिलबहादुर दर्लामी*

मृतक ज्ञानबहादुरको मृत्यु २०७०।०७।१९ मा प्यूठान जिल्ला बाङ्गेसाल गा.वि.स. वडा नं. ८ मा हत्या भएकोमा मिति २०७०।०८।११ मा प्रतिवादीको नाम उल्लेख नगरी म ढुङ्गेगढी गा.वि.स. वडा नं.७ पाखापानी बस्दै आएको थिएँ, भोलिपल्ट गाउँ घरमा आएपछि हल्ला सुनेँ, लिलबहादुर दर्लामीउपर शंका लाग्छ भनी शंकाको आधारमा जाहेरी दिएको पाइन्छ भने मिति २०७०।०९।१९ मा वारदात भएको दुई महिनापछाडि प्रतिवादीउपर किटानी जाहेरी परेको देखिन्छ। मृतक ज्ञानबहादुरको घर र प्रतिवादी लिलबहादुर दर्लामीको घर १०० मिटरका दुरीमा रहेकोले निजको छिमेकी रहे भएको देखिन्छ । छिमेकी भएको कारणले मृतक र यी प्रतिवादीका बिच सामान्य वादविवाद र झगडा हुनु स्वाभाविक भए पनि मृतक ज्ञानबहादुरको कर्तव्य गरी हत्या गर्नुपर्नेसम्मको कुनै पूर्वरिसइवी, इवीलाग रहे भएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन । घटना भएको दिन २०७०।०७।१९ देखि २०७०।०८।११ सम्ममा के कस्तो वस्तुनिष्ठ प्रमाणबाट देखिएबाट यी प्रतिवादी लिलबहादुर दर्लामीउपर शंका उत्पन्न भएको हो र मिति २०७०।०९।१९ सम्ममा के प्रमाण

सङ्कलन भएको कारण यी प्रतिवादीको नाममा किटानी जाहेरी दिनुपरेको हो भन्ने सम्बन्धमा जाहेरवाला र वादी नेपाल सरकारबाट ठोस एवं विश्वसनीय जवाफ आउन सकेको नदेखिने।

प्रस्तुत मुद्दामा जाहेरवाला तथा मौकामा कागज गर्ने व्यक्तिले तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएको लिखतलाई ती व्यक्तिले अदालतमा आई पुष्ट्याई नगरेको अवस्थामा अनुसन्धान अधिकारीसमक्ष भएको त्यस्तो लिखतको विश्वसनीयतामा प्रश्न उठ्न सक्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था भएको देखिन्छ। प्रतिवादी लिलबहादुर दर्लामीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. अनुसारको कसुर गरेकोले प्रतिवादीलाई ऐ. महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने प्रतिवादीउपरको अभियोग दाबी रहेको छ । प्रतिवादीलाई अभियोग दाबी लगाउनु र अभियोग प्रमाणित हुनु पृथक कुरा हुन् । अड्कल, अनुमान र शंकाका भरमा मात्र कर्तव्य ज्यान जस्तो गम्भीर र सङ्गीन फौजदारी अपराधमा कसैलाई पनि दोषी ठहर गर्न मिल्दैन। शंका, आशंका र अनुमानलाई वस्तुनिष्ठ, तथ्यगत र सारभूत प्रमाण मान्न मिल्दैन। प्रस्तुत आरोपमा शंकाको भरमा दिएको जाहेरीबाट सुरू भएको अनुसन्धानमा किटानी जाहेरी लिँदा पनि वस्तुनिष्ठ प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाण फेला परेको नदेखिने।

प्रतिवादीउपरको अभियोग दाबीलाई वादीले तथ्यगत, वस्तुनिष्ठ र सारभूत प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिएन । प्रतिवादीलाई अभियोग लगाएकै आधारमा मात्र कर्तव्य ज्यान जस्तो फौजदारी अभियोगमा कसुरदार ठहर गर्न मिल्दैन । प्रतिवादीउपरको अभियोग दाबी शंकारहित, तथ्यगत र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनु पर्दछ । प्रत्यक्ष प्रमाण फेला नपरेपछि मालाकार कडीको रूपमा परिस्थितिजन्य प्रमाण सङ्कलन गरी अभियोग प्रमाणित गर्नुपर्ने आवश्यकता थियो। यस्तो अवस्थामा अभियोग दाबी शंकारहित तथ्यगत प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिवादीले शंकाको सुविधा पाउने (Benefit of doubt goes to the accused) भन्ने फौजदारी न्यायको सिद्धान्त आकर्षित हुने अवस्था यस मुद्दामा देखिँदा प्रतिवादी लिलबहादुर दर्लामीले शंकाको सुविधा पाउने भई अभियोग दाबीबाट सफाइ पाउने देखिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी लिलबहादुर दर्लामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको सुरू प्यूठान जिल्ला अदालतको मिति २०७१।०३।०४ को फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७१।१२।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६८-WO-०८३१, उत्प्रेषण, अनितादेवी महरा वि. उर्मिला देवीसमेत*

निवेदक अनितादेवी महराको ससुरा सुवधा महरा एवं पति सुरेशकुमार महरा भएको नाता सम्बन्धमा कुनै विवाद भएन । निवेदकका ससुरा सुवधा महराले विपक्षी उर्मिला देवीसँग रू. ५,७३,५६५।- मिति २०६४।४।८ मा कपाली तमसुक गरी ऋण लिँदाको अवस्थामा यी निवेदकहरूसमेत सगोलमा रहेभएको देखिन्छ । सो कुरा निवेदकको बाबु ससुरा र स्वयं निवेदक एकासगोलमा रहेको कुरा मिति २०६७।४।२० मा निवेदकहरू र निजका ससुरासमेतबिच अंश मुद्दामा

सुरू अदालतमा भएको मिलापत्रले प्रमाणित गरेको देखिन्छ । निवेदकहरूबिच मिति २०६७।२।९ मा अंश मुद्दा गर्नुअगावै मिति २०६४।४।८ मा लेनदेनको लिखत भएको देखिन आई ऋणी घरको मुख्य व्यक्ति रहेकोमा कुनै विवाद नरही सगोलमै रहेको अवस्थामा ऋण खाएको देखिँदा सो ऋण तिर्ने दायित्व सबै अंशियारमा रहेभएको देखिने।

मुलुकी ऐन, दण्ड सजायको २६ नं. मा बिगोबापत जायजात गर्दा त्यो धन खाने १२ वर्षमाथिका ऐनबमोजिम मानो नछुट्टी सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंशसमेत जायजात गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट ऋण खाँदा सँग बसेको निवेदकहरूको नामको जग्गाबाट विपक्षी / वादीको बिगो भराउन नसक्ने भन्न मिल्ने नदेखिने।

निवेदकहरूबिच २०६३ सालमा मानो छुट्टिएको भन्ने रीतपूर्वकको लिखत मौकैमा खडा भएको देखिँदैन। निवेदकहरू र निजका बाबु ससुराबिच साहुको ऋण पचाउने उद्देश्यले सुरू अदालतमा मिलापत्र गरेको प्रस्ट देखिन्छ। मिति २०६७।४।२० मा अंश मुद्दामा मिलापत्र हुँदाका अवस्थामा मिलापत्रमा २०६३ सालमा मानो छुट्टिई भिन्न भएको भन्ने बेहोराको बोलीसम्म पारेको देखिन्छ। सुवधा र अनिता ससुरा बुहारीको नियत नै सफा देखिँदैन । मिति २०६४।४।८ मा तमसुक भएको र २०६७ सालमा बन्डापत्र तयार भएको भन्ने मिलापत्रबाट देखिँदा पछि भएको बन्डापत्रले अघि भएको लिखतबमोजिमको दायित्व प्रभावित पार्न सक्ने हुँदैन । तसर्थ, साहुको बिगो भराउने प्रयोजनको लागि सुरू अदालतबाट लेनदेन मुद्दामा रोक्का रहेको जग्गा सिराहा जिल्ला अदालतबाट मिति २०६७।१०।६ मा फुकुवा गर्ने गरेको आदेशलाई पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।३।९ मा रोक्का गरेको आदेश त्रुटिपूर्ण नदेखिँदा मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल पौष ३० गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-WO-०८०४, उत्प्रेषण, अशोककुमार यादव वि. पुनरावेदन अदालत राजविराजसमेत*

विवादको कि.नं. २४६ को जग्गा वादी प्रनिताकुमारी सिंह प्रतिवादी राजदेव सिंह भएको ०६७ सालको बिगो नं.४९७/१८३ को लेनदेनको बिगो भराइपाउँ भन्ने मुद्दामा प्रनिताकुमारीको बिगोबापत मिति २०६९।२।२२ गते डाँक लिलामबाट प्राप्त हुन आएको देखिन्छ । यी विपक्षी / प्रतिवादी चन्देश्वर र प्रनिताकुमारी पति पत्नी भई एकासगोलमा रहेभएकोमा विवाद देखिँदैन । यिनीहरूबिच अंशबन्डा भई भिन्दाभिन्दै रहेको भन्ने कुनै लिखत प्रमाण पेस गरेको देखिँदैन । उल्लिखित प्रतिवादीको डाँक लिलामबाट प्राप्त हुन आएको जग्गा निजी आर्जन गरेको सम्पत्तिबाट खरिद भएको हो भन्ने कुरा कतैबाट खुल्न आएको र त्यसको पुष्टि भएको देखिँदैन । उक्त जग्गा यस परिबन्धबाट आफ्नो आर्जनको सम्पत्तिबाट आर्जन खरिद भएको हो भन्ने कुरा पनि लिखतहरूबाट खुल्न आउँदैन । प्रतिवादीले लिखित जवाफलगायत अन्य प्रमाणबाट पनि यो जग्गाहरू निजी आर्जनको सम्पत्तिबाट आर्जेको निजी सम्पत्ति हो भनी भन्न र प्रमाणित गर्न सकेको पनि नदेखिने।

सगोलको सम्पत्ति होइन भन्नको लागि सम्बन्धित लिखतमा निजी आर्जन भन्दैमा वा नभन्दैमा नै पनि पर्याप्त हुँदैन जस्तो अंशबन्डा भएको कुरा बन्डापत्र पारित भएको लिखत नभए पनि अंशबन्डाको ३० नं. ले व्यवहार प्रमाणबाट अंशबन्डा भइसकेको देखिएमा मान्यता पाउँछ, त्यस्तै निजी आर्जनको

सम्पत्ति हुन पनि लिखतको अतिरिक्त त्यस्तै रूपले व्यवहार प्रमाणबाट पनि निजी आर्जनको सम्पत्ति हो भन्ने कुरा स्पष्ट देखिनु पर्दछ । अन्य मुद्दामा डाँक लिलामबाट प्राप्त भएको भन्दैमा निजी आर्जनको भन्न नमिल्ने ।

तसर्थ, प्रतिवादी चन्द्रेश्वर घरको मुख्य र प्रनिताकुमारी विपक्षी / प्रतिवादीको पत्नी हुँदा निज पत्नीले आर्जन गरेको भनेको विवादको कि.नं. ४६ को जग्गा निजी आर्जनको कमाइको हो भन्ने पक्का प्रमाण आउन सकेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा ६(क) मा एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भनी अदालतले अनुमान गर्नुपर्ने भनी कानूनी व्यवस्था भएको पाइन्छ । निजी सम्पत्तिको पक्का प्रमाणको अभावमा एकाघरसँगको पत्नीको नाउँमा रहेको अचल सम्पत्तिबाट बिगो भराउन मिल्ने होइन भन्ने प्रतिवादीमध्येको प्रनिता कुमारीको भनाइ विश्वसनीय एवं पत्यारलायक भएन। यसरी प्रचलित कानूनको हरेक दृष्टिबाट कि.नं.२४६ को जग्गा विपक्षीहरू चन्द्रेश्वर र प्रनिताकुमारीको सगोलको सम्पत्ति हो भन्ने सहज अवस्था हुँदाहुँदै रोक्का फुकुवाको एक मात्र उद्देश्य निवेदकको बिगो भरिभराउ हुन नदिनु नै हो । यस्तो अवस्थामा सुरू अदालतको रोक्का फुकुवा गरेको आदेश बदर गर्नुपर्नेमा विपक्षी प्रनिताकुमारीको नाउँमा दर्ता भएको जग्गाबाट विपक्षीको बिगो असुलउपर गर्न नमिल्ने हुँदा निजको नाउँको उल्लिखित कि.नं. ४६ को रोक्का रहेको जग्गा सुरू सिराहा जिल्ला अदालतको मिति २०७०।३।१९ को रोक्का फुकुवा गर्ने आदेश र सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।६।१० मा भएको आदेश बेरितको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। उल्लिखित कि.नं.४६ को जग्गाबाट निवेदक / वादी अशोककुमार यादवको यथाशीघ्र बिगो भराइदिनु भनी विपक्षीहरूमध्येको सिराहा जिल्ला अदालतसमेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कोशलेश्वर झवाली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७४ साल पौष ३० गते रोज १ शुभम् ।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०६९-CI-०९८५, अंश, केशवराम यादव अहिर वि. स्वामी दयाल अहिरसमेत*

कि.नं.१४८को जग्गा हालको नयाँ नापीमा बाँके जिल्ला, खजुराखुर्द गा.वि.स. वडा नं.२ सिट नं.०३५/१२४८ ०,१७१० वर्गमिटर जग्गा कायम गरेको देखिएकोमा उक्त जग्गा निज प्रतिवादीमध्येकी प्यारा अहिरको नाममा मिति २०३८।१२।२५ मा राजीनामाको लिखत गरी खरिद गरी लिएको देखिएकोमा उक्त जग्गा खरिद गरी लिँदा राजीनामा लिखतको कैफियत महलमा यिनै पुनरावेदक वादीका पिता एवं प्रतिवादी गयाप्रसाद अहिरले दाइजो पेवाको रूपैयाँबाट खरिद गरेको हो भनी सनाखत गरी दिएको देखिन्छ । २०३८ सालमा घरको बुहारीका नाउँमा खरिद भएको उक्त जग्गा एकासगोलको पुर्ख्यौली पैतृक सम्पत्तिबाट खरिद गरिएको भए स्वयं खरिदकर्ताका ससुरा अर्थात् यी वादीका पिताले नै उक्त लिखत हुँदाका अवस्थामा सो जग्गा प्रतिवादीका नाउँमा प्राप्त हुन आएको कारणसहितको बेहोरा खुलाई लिखतको कैफियत महलमा उल्लेख गरिदिएको सो कुरालाई अन्यथा हो भनी मान्न मिल्ने अवस्था देखिन नआएबाट उक्त जग्गा यी वादीलगायतका अन्य अंशियारालाई बन्डा गरिदिनुपर्ने जग्गा हो भनी मान्न मिल्ने देखिन नआएकोले उक्त जग्गाको हकमा बन्डा गर्न नपर्ने भनी सुरू अदालतबाट भएको सो हदसम्मको फैसला मिलेको भनी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादी प्यारा अहिरको नाउँ दर्तामा रहेको कि.नं.६२ को जग्गा निजले राजेन्द्र कुर्मीबाट

मिति २०५१।१०।१७ र कि.नं. ६४ को जग्गा विपत चमारबाट मिति २०५०।११।२० मा निजले बकसपत्रको माध्यमबाट प्राप्त गरेको तथ्यमा कुनै विवाद रहेको देखिँदैन। सो बकसपत्रको लिखतहरूबाट निजका नाउँमा प्राप्त हुन आएका उक्त सम्पत्तिलाई पुर्ख्यौली एवं पैतृक सम्पतिका रूपमा बन्डायोग्य रहेको भनी मान्न मिल्ने देखिन आउँदैन। यी वादीकी भाउजू नाताकी यी पुनरावेदक प्रतिवादी प्यारा अहिरका नाउँमा बकसपत्र लिखतको माध्यमबाट प्राप्त हुन आएको उक्त जग्गासमेत बन्डा गर्ने गरी सुरू अदालतबाट भएको सो हदसम्मको फैसला मिलेको नदेखिएकोले सो हदसम्म उल्टी गरी उक्त जग्गामा बन्डा नलाग्ने भनी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मनासिबै रहेको देखिन नआउने।

प्रतिवादी सुधरी अहिरको नाउँमा रहेको कि.नं.६१ र ३५९ को जग्गा दाइजो पेवा तथा दुध बिक्री गरी सङ्कलन भएको रूपैयाँबाट खरिद गरेको निजी आर्जनको भनी जिकिर लिएको देखिए तापनि उक्त जग्गा निजका नाउँमा निजको दाइजो पेवा तथा निजी आर्जनको रूपैयाँबाट खरिद गरिएको जग्गा हो भनी यकिन हुने कुनै लिखत प्रमाण निज प्रतिवादीबाट पेस दाखिला हुन सकेको नदेखिएको र जवाहरलाल अहिरको नाउँमा रहेको कि.नं. ३६,१३३/१३५ र कि.नं.५० को जग्गा निजले आफूले सञ्चय कोषबाट रकम सापट लिई आफ्नो तलबसमेतको रकमबाट खरिद गरिएको भन्ने जिकिर लिएको देखिएकोमा उक्त जग्गा निजका नाउँमा प्राप्त हुँदाका अवस्थामा नै निजले सञ्चय कोषबाट ऋण सापटी लिएको भन्ने तथ्यको पुष्टि हुन नआएको र निजले आफ्नो तलबको रकमबाट नै उक्त जग्गा खरिद गरी प्राप्त हुन आएको भन्ने कुराको तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएको अवस्थामा उक्त जग्गा निजको निजी आर्जनको जग्गा हो भनी मान्न मिल्ने नदेखिएकोले निजका नामको जग्गा सगोलकै आर्जन भई सबै अंशियारालाई अंश लाग्ने प्रकृतिकै देखिँदा सो बन्डा लगाएको र अरू सम्पत्ति पनि वादी प्रतिवादीबिच अंशबन्डा लगाएकोलाई त्रुटि भयो भन्न नमिल्ने देखिँदा निजी आर्जन भन्ने जिकिरलाई प्रत्यक्ष प्रमाणबाट पुष्टि नभएसम्म सगोलको नै मान्नुपर्ने हुँदा यो जिकिरसँग सहमत हुन सकिएन। उक्त जग्गाहरूमा बन्डा लाग्ने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

तसर्थ, सुरू बाँके जिल्ला अदालतको मिति २०६७।१०।२ को फैसला केही उल्टी भई प्रतिवादी प्यारा अहिरको कि.नं.६२ र ६४ को जग्गाहरू बन्डा नलाग्ने भनी पुनरावेदन अदालत नेपालगन्जको मिति २०६९।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-RC-०१४२, कर्तव्य ज्यान, नेपाल सरकार वि. ङिमा देण्डी शेर्पासमेत*

मिसिल संलग्न रहेका वस्तुनिष्ठ तथ्यहरूले मृतकको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाट भएकोमा विवाद नभएको, प्रतिवादीहरू आरोपित कसुरमा साबित रही अदालत र अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको, निजहरूको सो बयान बेहोरा सो घटनाका प्रत्यक्षदर्शी गोपाल थापा मगरको घटना विवरण कागज तथा सो बेहोरालाई समर्थन गर्दै अदालतमा गरेको बकपत्र बेहोरा एवं मृतककी श्रीमतीले दिएको जाहेरी बेहोरा र निजको अदालतको बकपत्र तथा उक्त घटना वारदातमा प्रयोग भएको हतियारलगायतका प्रतिवादीहरूले लगाएका कपडाहरूसमेत बरामद भएको बरामदी मुचुल्कालगायतका स्वतन्त्र प्रमाणहरूबाट यी प्रतिवादीहरूले आरोपित कसुर गरेको देखिएको यस

अवस्थामा प्रतिवादीहरू अनिल राई, डिमा देण्डी शेर्पा र शरणकुमार राईलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०७१।२।१२ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१८ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी प्रतिवादीहरूमध्येका डिमादेण्डी शेर्पा र अनिल राईले मृतकलाई मार्ने योजना नबनाएको, उक्त कसुरमा मनसाय तत्त्वको अभावमा उक्त वारदात हुन पुगेको भए तापनि उक्त घटना वारदातमा आफूहरूको संलग्नता रहेको कुरा स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग गरेकोले आफूहरूलाई कम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिर एवं निजका तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसमेतसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू अनिल राई, डिमा देण्डी शेर्पा र शरणकुमार राईलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०७१।२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-CR-१४१५, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. विक्रम तामाङसमेत

मोटरसाइकलमा सँगै हिँडेका तीनजना प्रतिवादीमध्ये प्रकाश वि.क. को साथबाट लागु औषध खैरो हेरोइन ९ ग्राम बरामद भई पक्राउ परेको भए तापनि आफूहरूको भूमिका निज प्रतिवादी प्रकाश वि.क. ले बोकेको लागु औषध बिक्री वितरण गर्न भनी आफूहरूसमेत निज सँगै हिँडेको भन्ने नदेखिए तापनि मुख्य कसुरदारका रूपमा रहेका प्रकाश वि.क. को साथ लागी प्रतिवादी सोनाम गुरूङ र विक्रम तामाङ एउटै मोटरसाइकलमा बसी गएको देखिएको र अर्का प्रतिवादी मंगले तामाङसँग अन्य व्यक्तिले लागु औषध माग गरेकोले यी प्रतिवादी प्रकाश वि.क. लाई भनिदिएको भन्ने देखिन आएको हुँदा यी प्रतिवादीहरू उक्त वारदातमा प्रतिवादी प्रकाश वि.क. लाई सघाउने किसिमले सरिक रहेको भनी कसुरमा आंशिक रूपमा साबित भई वारदातमा संलग्नता रहेको भन्ने कुरालाई स्वीकार गरेको देखिन आएकोमा यी प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङले आफूहरू लागु औषध खैरो हेरोइनको सेवनकर्ता हुँ भनी खुलाएको देखिन नआएको र निज प्रतिवादीहरूउपर उक्त लागु औषध खैरो हेरोइनको सेवनतर्फको कसुरमा दाबी नलिएको अवस्थामा निजहरूलाई सेवनतर्फको कसुरदार ठहर गर्न मिल्ने अवस्था नदेखिने।

लागु औषध खैरो हेरोइनसहित पक्राउ परेका मुख्य कसुरदार ठहर भएका प्रतिवादी प्रकाश वि.क.लाई अभियोग दाबीबमोजिम सजाय ठहर गरिएकोमा मुख्य कसुरदारलाई सहयोग पुर्‍याउने अरू प्रतिवादीहरूलाई कसुरमा निजहरूको संलग्नताका आधारमा सजाय गर्नुपर्ने देखिएको हुँदा निज प्रतिवादीहरूले आपसमा सरसल्लाह गरी प्रतिवादी प्रकाश वि.क.ले गरेको उक्त लागु औषधको कारोबारमा सहयोगसम्म पुर्‍याई निषेधित कार्य गरेको तथ्य स्थापित हुन आएको र घटनाको प्रकृतिबाट समेत लागु औषधसम्बन्धी कसुरमा मतियारा भई संलग्न रहेको पुष्टि हुन आएको देखिएबाट यी तीनैजना प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङलाई घटना वारदातमा निजहरूको उपस्थितिको प्रकृति र सो कसुरमा संलग्नताको आधारबाट सजाय निर्धारण हुनुपर्ने।

मुख्य कसुरदारलाई अभियोग दाबीअनुसार कसुरदार ठहरिसकेपछि अन्य प्रतिवादीहरूको पनि सो वारदातमा भएको संलग्नता र मिलेमतोको आधारमा

मुख्य प्रतिवादी प्रकाश वि.क.लाई अभियोग दाबीको कसुरमा पाँच वर्ष कैद तथा रू.१०,०००।- जरिवाना हुने ठहर भएपछि सो वारदातमा मतियारका रूपमा रहेका यी प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङलाई पनि मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय गर्नुपर्नेमा निज प्रतिवादीहरूका हकमा सुरू चितवन जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म केही उल्टी गरी यी तीनैजना प्रत्यर्थी प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङलाई मुख्य कसुरदार प्रकाश वि.क.लाई हुने ठहरेको सजायको आधा सजाय हुने अवस्था विद्यमान रहेको देखिने।

अघिल्लो वारदातमा कसुरदार ठहरिसकेपछि अर्को वारदातमा पटकेको सम्बन्धमा विचार विमर्श भई पटके देखिन आएकोमा पटकेतर्फ थप सजाय निर्धारण हुन सक्ने देखिएको हुँदा प्रतिवादी मङ्गले तामाङको हकमा त्यस किसिमको अवस्था नभई एकै पटक निर्णय गर्दा लगाउमा रहेको पुरानो तथ्यलाई आधार बनाएर पटकेतर्फ थप सजाय गर्ने गरेको सुरू चितवन जिल्ला अदालतको फैसला सो हदसम्म नमिलेकोले उल्टी हुने भनी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला मिलेकै देखिन नआउने।

प्रतिवादीहरू सोनाम गुरूङ र बिक्रम तामाङलाई लागु औषध सेवनको कसुरमा १० महिना कैद सजाय र प्रतिवादी मङ्गले तामाङलाई सोही कसुरमा २ महिना कैद र रू.२,०००।- जरिवानाको सजाय हुने तथा निज प्रतिवादी मङ्गले तामाङलाई पटकेतर्फ ४ महिना कैद र रू.५,०००।- जरिवाना हुने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०७२।०३।०८ मा भएको फैसला सो हदसम्म केही उल्टी हुने गरी यी प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मुख्य कसुरदार ठहर गरिएका प्रतिवादी प्रकाश वि.क.लाई भएको सजायको आधा अर्थात् २ वर्ष ६ महिना कैद र रू.५,०००।- जनही सजाय हुने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।०९।१२ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, यी प्रतिवादीहरू सोनाम गुरूङ, विक्रम तामाङ र मङ्गले तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मुख्य कसुरदार प्रतिवादी प्रकाश वि.क.लाई भएको सजायको आधा अर्थात् जनही २ वर्ष ६ महिना कैद र रू.५,०००।- जरिवाना सजाय हुने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।०९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७५ साल भाद्र १० गते रोज १ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, *०७१-CR-०३७९, सार्वजनिक अपराध, नेपाल सरकार वि. इन्द्रबहादुर घले*

प्रतिवादी जाहेरवालीको घरमा डेरा गरी बसेको, भाडा तिर्न बाँकी रहेको, घरधनीको मन्जुरीबेगर नै डेरा सरेको, पछि बाटामा भेट हुँदा भाडा तिर्ने विषयमा जाहेरवालीसँग सडकमा वादविवाद भई जाहेरवालीलाई गाली गलौज गरेको तथ्य स्थापित भएको हुँदा निजलाई सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ बमोजिम रू.१०,०००/- जरिवाना सजाय हुने ठहऱ्याएको हदसम्मको सुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला अन्यथा नदेखिने।

जाहेरवालीले जाहेरी दिँदा यी प्रतिवादीले मूल्य रू.८७,०००/- भएको सुनको सिक्री, साथमा

भएको नगद लुटपाट गरी लगेको र दिन बाँकी भाडा रकमसहितको गरी बिगो रू.१,३१,०००/- बिगो कायम गरी जाहेरी दिएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी र सुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमक्ष बयान गर्दा जाहेरवालीको बिगो लुटपाट गरेको कुरामा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ भने सो बिगो यी प्रतिवादीबाट बरामद भएको अवस्था पनि देखिँदैन । पीडितले आफ्नो नोक्सानी भएको बिगोसम्म आफ्नो बकपत्रमा उल्लेख गरे पनि सोलाई प्रमाणित गर्न कुनै कागज प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिन आएन । यसरी क्षतिपूर्ति भएको भनिएको रकम जाहेरीमा सम्म उल्लेख भएको तर अन्य प्रमाणद्वारा प्रमाणित नभएको अवस्था रहेको देखिँदा क्षतिपूर्ति बिगो भराइदिने ठहर गरेको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको निर्णय सो हदसम्म उल्टी गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आयो । क्षतिपूर्तिको बिगोसमेत कायम गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी प्रकाश भन्ने इन्द्रबहादुर घलेले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को (क) (छ) (ज) र (झ) को कसुर गरेको तथ्य पुष्टि हुन आएको हुँदा निजलाई रू.१०,०००/- जरिवाना हुने तथा अभियोग दाबीबमोजिमको बिगोसमेत भराई पाउने ठहर्‍याएको सुरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंको फैसला केही उल्टी गरी प्रतिवादीलाई रू.१०,०००/- जरिवानाको सजाय हुने र क्षतिपूर्तिको बिगो भराइदिन नपर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ गते २३ रोज ५ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, *०७१-CR-०७१३, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. उद्धव गुरागाई*

प्रतिवादी अधिकारप्राप्त अधिकारी र न्यायाधिकरणसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेको, जाहेरवालाहरूले पेस गरेको भरपाईहरूबाट प्रतिवादीको नाउँमा जम्मा गरिदिएको रकम वैदेशिक रोजगार प्रयोजनकै लागि भन्ने कुरा प्रस्ट नभएको, प्रतिवादीले जाहेरवालाबाट रकम लिएको कुरा स्वीकारे पनि उक्त रकम वैदेशिक रोजगारमा पठाइदिने प्रयोजनको लागि नभई अनलाइन जबसम्बन्धी काम गर्न भनी लिएको भनी उल्लेख गरेको, जाहेरवालाबाट लिएको रकम फिर्ता गर्न नसकेपछि जाहेरवाला राजेन्द्रकुमार रिजाल र मिलनकुमार पौडेलको मामा पर्नेको नाउँमा प्रतिवादीले आफ्नो बाबुको नाउँको कि.नं ७७३ को ०-८-० जग्गासमेत राजीनामा पारित गरिदिएको देखिएको, हामीबाट लिएको सापटी रकमबापत प्रतिवादीका बाबुले सो रूपैयाँ बराबरको ज.वि. ०-८-० पास गरिदिनु भएको भनी जाहेरवाला राजेन्द्रकुमार रिजालले अदालतमा बकपत्र गर्दा उल्लेख गरेको, जाहेरवालाहरूले प्रतिवादीका बाबुसँग गरेको मिति २०६८/५/३१ को कागज करकाप ठहरी उल्टै यी जाहेरवालालाई सजाय हुने गरी फैसला भएकोलगायतका कागज प्रमाणहरूबाट प्रतिवादी र जाहेरवालाबिच बिगोबमोजिमको रकम लिनु दिनु भई अन्य लेनदेन व्यवहारसम्म भएको देखिन आयो । अभियोग दाबीबमोजिमको रकम वैदेशिक रोजगार क्यानडामा पठाइदिने प्रयोजनको लागि भनी जाहेरवालाहरूबाट प्रतिवादीले लिएको पुष्टि हुन नआएकोले सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको फैसला कानून र न्यायको रोहमा मनासिब नै देखिने ।

फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग पुष्टि गर्ने र प्रतिवादीको बयान बेहोरा गलत साबित गर्ने दायित्व वादी पक्षमा रहन्छ । तर अभियोग दाबी पुष्टि गर्ने र प्रतिवादीको बयान बेहोरा गलत भएको पुष्टि गर्ने कुनै ठोस सबुद प्रमाण वादी पक्षबाट पेस गर्न सकेको देखिँदैन । जहाँसम्म इमेल र भिसाको कुरा छ उक्त इमेल र भिसाको कपी प्रतिवादीबाट नै जाहेरवालाको इमेलमा पठाइएको हो भन्ने कुरा पुष्टि हुने कुनै कागज प्रमाण वादी पक्षबाट पेस गर्न सकेको देखिँदैन । आधिकारिक रूपमा त्यस्तो इमेल र भिसाको फोटोकपी प्रतिवादीबाट नै पठाइएको भन्ने कुरा ठोस रूपमा प्रमाणित नभएसम्म त्यस्तो इमेल र भिसाको प्रिन्ट पेस गरेकै आधारमा कसैलाई कसुरदार ठहर गर्न मनासिब नहुने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई भएको मिति २०७०/४/२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नागेन्द्र कालाखेती

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री मीरा खडका, *०७४-CR-०६५४, कर्तव्य ज्यान, प्रमिला राई वि. नेपाल सरकार*

प्रतिवादी प्रमिला राई एक्लैले आफ्नो सतीत्वको रक्षा गर्ने क्रममा दिलकुमारलाई उसै बखत उही थलामा वा लपेट्दै गई अगुल्टा लाठीले हानी मारेको अवस्था नभई सुरूमा अगुल्टाले हानेको र पछि पुनः दिलकुमारले बन्दुक खुकुरीले मार्छु भनेर आएपछि पुनः लाठीले टाउको शरीरका विभिन्न भागमा हानेकोमा पछि सोही चोट पीडाले निजको मृत्यु भएको अवस्था देखिन आउँछ । मृतकलाई अन्य प्रतिवादीले बाँधी घरमा लडाउँदासमेत प्रतिवादी प्रमिला घटनास्थलमा नै रहिरहेको अवस्थामा जबरजस्ती करणीको महलको ८ नं.मा भएको उल्लिखित व्यवस्थाअनुसार पुनरावेदक प्रतिवादीले उन्मुक्ति पाउने अवस्था नदेखिने ।

पुनरावेदक / प्रतिवादीले मृतकलाई आफ्नो सतीत्वको रक्षा गर्ने क्रममा कुटपिट गरी मृतकको मृत्यु भएको भन्ने नदेखिई निज प्रतिवादी प्रमिला राईले सुरूमा दिलकुमार राईलाई अगुल्टाले हानेको, त्यसपछि पनि लाठीले निधार टाउको तथा शरीरका विभिन्न भागमा जथाभावी हानेको कुरालाई निजले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा स्वीकार गरेको, सो तथ्य मृतकको लास प्रकृति मुचुल्का एवं लास जाँच प्रतिवेदनबाट पुष्टि भइरहेको छ । यी पुनरावेदक प्रतिवादीको कुटपिटपश्चात् मृतकलाई अन्य प्रतिवादीहरूले डोरीले बाँधी घरमा लडाई राखेकोले दिलकुमार राईको मृत्यु भएको देखिन्छ । घटनास्थल मुचुल्काबाट २ वटा लाठी र डोरी बरामद भएको, वस्तुस्थिति मुचुल्काका मानिस दिलकुमार राई, जाहेरवाला लालबहादुर राई, लास जाँच मुचुल्काका मानिस हर्कराज राई, मौकामा कागज गर्ने जकबहादुर राई, प्रेमबहादुर राईले गरेको बकपत्रलगायतका तथ्यहरूबाट दिलकुमार राईको मृत्यु यी प्रतिवादी प्रमिला राईको कर्तव्यबाट भएको भन्ने देखिन आउने ।

मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने नदेखिएको, आफ्नै सहोदर जेठाजु नाताकी मृतकले रातको समयमा करणीको आशयले प्रतिवादीको कोठामा आई हातपात गरेको कारणबाट प्रस्तुत घटना घट्न गएको देखिएको छ । प्रतिवादीले आफूले गरेको कसुर स्वीकार गरी न्याय सम्पादनमा सहयोग गरेको देखिएको र निजको श्रीमान् वैदेशिक रोजगारमा रहेको, प्रतिवादीको साथमा नाबालक छोराछोरीसमेत रहेको र तिनीहरूको संरक्षण एवं पालन पोषण गर्नुपर्ने जिम्मेवारीसमेत यिनै प्रतिवादीउपर

रहेकोले प्रतिवादी प्रमिला राईलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा कैद वर्ष ५ (पाँच) गर्दा ऐनको मक्सद पूरा हुने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष ५ (पाँच) गर्ने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट व्यक्त गरेको मिति २०७३।१०।२६ को रायसमेत सदर हुने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पौष १ गते रोज १ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री मीरा खडका, *०७४-CR-०९४९, अपहरणपश्चात् कर्तव्य ज्यान, बलदेव नाउँ वि. नेपाल सरकार*

मृतकलाई प्रतिवादी प्रदेशी भन्ने बलदेव नाउँले मृतकको आमा शोभा ठाकुरले आफूलाई मागेको रकम नदिएको रिसइवीबाट नाबालक रोहन ठाकुरलाई निजको संरक्षक बाबु आमालाई थाहा जानकारी नदिई प्रलोभनमा पारी अपहरण गरी घटनास्थलतर्फ लगी मृतकको परिवारसँग फिरौती माग गर्ने प्रयास गर्न लाग्दा मृतक रोई कराई गरेको कारणबाट अरूले थाहा पाउने भए भन्ने सम्झी रोहन ठाकुरलाई मार्ने योजना बनाई मृतकले लगाएको पेटी खोलीदिई सो पेटीले मृतक रोहन ठाकुरको घाँटी कसी कर्तव्य गरी मारेको कुरा मिसिल संलग्न माथि विवेचित प्रमाण कागजबाट पुष्टि हुन आउने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट मृतकको मृत्युमा यी पुनरावेदक प्रतिवादीको संलग्नता पुष्टि हुन आएकोले अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको पुनरावेदन अदालत बुटवल, तुलसीपुरको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा आरोपित कसुर बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीअनुरूप अपहरणतर्फको कसुरमा ऐ.को ३ नं. बमोजिम १० वर्ष कैद र रू.५०,०००।- (पचास हजार रुपैयाँ) जरिवाना र वर्ष ५ को नाबालक अपहरण गरेको देखिँदा ऐ.को ९ नं. बमोजिम २ (दुई) वर्ष थप कैदसमेत हुने गरी भएको रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर, बुटवलको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७२/८/२८ मा भएको फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुर, बुटवलको मिति २०७४।२।२ को फैसला मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४० को उपदफा (२) मा कानूनमा **कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन** भन्ने व्यवस्थाअनुसार सर्वस्वसहित गर्नुपरेन। जन्मकैदको हकमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल पुस १ गते रोज १ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०६८-CR-०६९३, किर्ते जालसाजी, सहदेव साह वि. सोमनी सरवरिया*

भूमिसुधार कार्यालय धनुषाको मिति २०४६।३।६ को निर्णयअनुसार विवादित जग्गामा प्रत्यर्थी प्रतिवादी सोमनी सरवरियाको नाउँमा मोही कायम भएको पाइन्छ । सोही निर्णयलाई आधार मानी सहरी नापी हुँदा मिति २०४७।७।२८ को नापी कार्यालयको र मिति २०४७।८।२८ को नापी टोलीको निर्णयबाट विवादित जग्गाको मोही सोमनी सरवरियाको हकमा कायम भई फिल्डबुकमा समेत जनाएको देखिने।

विवादित जग्गामा प्रत्यर्थी प्रतिवादी सोमनी सरवरियाको नाउँमा मोही कायम गर्ने गरी भूमिसुधार

कार्यालय धनुषाले मिति २०४६।३।६ मा गरेको निर्णय नै बदर गरिपाउँ भनी जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयको पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन परी पुनरावेदन अदालत जनकपुरबाट मिति २०४९।८।१६ मा भएको फैसलाले भूमिसुधार कार्यालय धनुषाको उक्त मिति २०४६।३।६ को निर्णय बदर गरी जो जे बुझ्नुपर्ने हो बुझी निर्णय गर्नु भनी भूमिसुधार कार्यालय धनुषामा पठाएकोमा भूमिसुधार कार्यालय धनुषाले मिति २०५४।४।६ मा मुद्दा तामेलीमा राखिदिने गरी गरेको निर्णयउपर वादीको पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन परी पुनरावेदन अदालत जनकपुरबाट मिति २०५५।१।१४ मा भएको फैसलाले भूमिसुधार कार्यालय धनुषाको उक्त मिति २०५४।४।६ को मुद्दा तामेलीमा राख्ने निर्णय बदर गरी जो जे बुझ्नुपर्ने हो बुझी निर्णय गर्नु भनी भूमिसुधार कार्यालय धनुषामा मिसिल पठाउने फैसला भएको।

पुनरावेदक सहदेव साहले मिति २०३१।१०।१६, मिति २०३७।९।१० र मिति २०४४।११।११ का धान बाली बुझेको भरपाईहरू किर्ते गरेको भनी दाबी गरेका छन् । सो धान बाली बुझाएको भरपाई पेस गर्ने प्रत्यर्थी प्रतिवादी सोमनी सरवरियाको विवादित जग्गामा मोही हक नठहर्ने ठहरी भूमिसुधार कार्यालय धनुषाबाट निर्णय भइसकेको छ । साथै सो भूमिसुधार कार्यालयको निर्णय उच्च अदालत जनकपुरमा विचाराधीन रहेको छ । उच्च अदालत जनकपुरमा विचाराधीन रहेको उक्त मुद्दाबाट नै विवादित जग्गामा प्रत्यर्थी सोमनी सरवरियाको मोहियानी हक रहने वा नरहने भनी फैसला नहुँदै सो फैसलालाई प्रभाव पर्ने गरी विवादित भरपाईहरूको बारेमा यस अदालतबाट बोल्न मिल्ने नदेखिने।

वस्तुतः मोहियानी हक बेहकको सम्बन्धमा आधिकारिक निकायबाट निवेदकको हकमा कुनै निर्णय भएको देखिन नआएको स्थितिमा दाबीको बाली बुझेको भरपाईको सम्बन्धमा वादी दाबी नपुग्ने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मनासिब नै रहेको देखिएको अवस्थामा यस अदालतबाट मिति २०६३।३।९ मा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्न लिएका आधार कारणहरूसँग सहमत हुन नसकिने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट वादी दाबी पुग्न सक्दैन भनी सुरू धनुषा जिल्ला अदालतबाट भएको मिति २०५६।११।९ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०५८।१२।८ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस ३० गते रोज २ शुभम्।

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई, *०७२-CR-०२५३, जालसाजी, भवदत्त सुवेदी वि. त्रिलोचन सापकोटा*

प्रतिवादीहरूको हक स्वामित्वमा रहेका जग्गाहरूको क्षेत्रफल सुधार सम्बन्धमा भएको सरजमिनलाई चुनौती गर्ने हकदैया (Locus Stand) विपक्षीलाई छैन । कुनै पनि क्रिया जालसाजी ठहर्नको लागि दाबीकर्ताको स्थापित अधिकार (Perfect Right) अपहरित भएको हुनुपर्ने । (ने.का.प. २०६१, अङ्क ११, नि.नं. ७४६४, पृ. १४६८) भन्ने सिद्धान्त प्रतिपादित भएको छ । प्रस्तुत मुद्दामा उक्त जग्गाहरूमा प्रत्यर्थी वादीको हक नै नपुगेको अवस्थामा जालसाजी ठहर हुन सक्ने अवस्था देखिन आएन । किर्ते कागजको ३ नं. अनुसार जालसाजी ठहर हुनका लागि कानूनद्वारा संरक्षित हक जाने वा नोक्सान पार्ने कार्य भएको हुनुपर्छ । पुनरावेदक प्रतिवादीले आफ्नु नाउँमा दर्ता रहेको जग्गाको नक्सामा भएको जग्गा टायल चेक गराई बढ कायम गरेको देखिएको र प्रतिवादी दर्ताको

जग्गामा यी प्रत्यर्थी वादीको हक स्थापित भएको अवस्था देखिँदैन। प्रत्यर्थी वादीले पारित गराई लिएको राजीनामाबमोजिमको ०-१६-१७ जग्गा निजको कि.नं.१९४ को जग्गा ०-१६-१७ रहेको भन्ने प्रस्ट भइरहेको हुँदा वादीको हकै स्थापित नभएको विषयमा वादीको दाबीबाट जालसाजी गरेको ठहर हुने स्थिति नदेखिने।

अतः वादीले पारित गराई लिएको लिखतबमोजिमको जग्गा कायम रहिरहेको अवस्थामा प्रतिवादीले नक्सामा भएको जग्गा नरबढी कायम गरेको कार्यलाई जालसाज ठहर गर्ने गरेको सुरूको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२९ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७४ साल चैत्र २ गते रोज ६ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-०३४२, निर्णय बदर गरी दर्ता हक कायम, भवदत्त सुवेदी वि. त्रिलोचन सापकोटा भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ।

७

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७०-WO-०४४६, उत्प्रेषण, नानु श्रेष्ठ वि. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदिका २०२९ सालदेखि अनमी पदमा नियुक्ति लिई सेवा प्रवेश गरी २०४३ सालमा जिल्ला जनस्वास्थ्य कार्यालयमा दरबन्दी रही नारायणी अञ्चल अस्पतालमा काजमा रहेको देखिन्छ। मिति २०४३।१२।३ को आदेशअनुसार नारायणी अञ्चल अस्पताल विकास समिति गठन भएकोमा विवाद देखिएन। उक्त अस्पतालमा कार्यरत यी निवेदिका साबिकदेखि नै सोही अस्पतालमा सरकारी कर्मचारीको रूपमा नै निरन्तर रूपमा काम गरेको देखियो। यी निवेदिका आफू कार्यरत रहेको अस्पताल छाडी अन्यत्र काम गर्न गएको भन्ने देखिँदैन। सरकारको निर्णयबाट आफू कार्यरत सरकारी अस्पताललाई विकास समितिमा परिणत गरेपश्चात् यी निवेदिका निरन्तर रूपमा सोही अस्पतालमा कार्यरत रहेको छैन भनी विवाद गरिएको नदेखिने।

२०४४ सालमा निवेदिकाले निवेदन दिएको भनिए तापनि निज सरकारी सेवाबाट अलग्गिने गरी निजबाट राजीनामा गराई लिएको वा सरकारी सेवा टुटेको कुनै प्रमाण हेरी छुट्टै सेवा प्रवेश गराएको अवस्था पनि छैन। निजसँग निजको सेवासर्त तोकी छुट्टै करार गरी नारायणी अञ्चल अस्पताल विकास समितिले लिएको भन्ने पनि देखिँदैन। यसरी छुट्टै करार गरेको वा गराएको अवस्था नभई एकै अस्पतालमा यी निवेदिका निरन्तर रूपमा सेवामा रहेको र गठन आदेशको परिणाम स्वास्थ्य कर्मचारीसम्बन्धी व्यवस्थापन गर्दा देखिएको अन्यौलताकै बिच निरन्तर रूपमा काममा लगाएकोमा २०५३ साल वैशाख १४ गते उक्त विकास समितिले अवकाश दिएको देखिने।

सो मितिले ३५ दिनभित्र निवेदिकाले अख्तियारवालासमक्ष निवेदन दिएकोबाट यी निवेदिका समयमै आफ्नो अधिकारको लागि प्रयत्नरत रहेको देखिन्छ। सो निवेदनउपर कुनै सुनुवाइ नभएकोले यस अदालतमा उत्प्रेषणयुक्त परमादेश जारी गरिपाउँ भनी निवेदन दिएकोमा यस अदालतबाट मिति २०६८।२।१ मा उक्त निर्णय बदर गरी निवेदनको विषय छिटो टुङ्गो लगाउनुपर्ने देखिएको हुँदा तीन महिनाभित्र निर्णय गरी उक्त निवेदनको टुङ्गो लगाउनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने ठहर्छ भनी आदेश भएको देखिने।

सो आदेशपश्चात् पनि करिब १६ महिनापछि मात्र नेपाल सरकार स्वास्थ्य मन्त्रालयका सचिवस्तरको मिति २०६९।६।२६ को निर्णयानुसार

निवेदिकालाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७४ को उपदफा १ को खण्ड (ज) को कसुरमा सोही ऐनको दफा ७२ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाइएको भनी भएको निर्णयउपर निवेदिकाले प्रशासकीय अदालतमा पुनरावेदन गरेकोमा प्रशासकीय अदालतबाट यी निवेदिकाले स्वास्थ्य सेवा विभागमा दिएको निवेदन कारबाहीकै अवस्थामा रहेको भन्ने देखिँदा त्यसतर्फ कुनै निर्णय नै नगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको तहबाट त्यसै विषयमा पुनः सेवाबाट हटाइएको निर्णय, सर्वोच्च अदालतको आदेश, सचिवको क्षेत्राधिकार एवं कानूनको उचित प्रक्रिया पूरा गरी निर्णय गरेको भन्ने नदेखिँदा बदर गरी सर्वोच्च अदालतको आदेशबमोजिम निर्णय गर्नु भनी फायल स्वास्थ्य सेवा विभागमा पठाइदिने ठहरी प्रशासकीय अदालतबाट मिति २०७०।२।२ मा फैसला भएको देखिने । यसरी सरकार मातहत रहेको अस्पताललाई विकास समिति मातहत लगेपछि पनि निरन्तर रूपमा सोही अस्पतालमा कार्यरत यी निवेदिकालाई निजको सेवाको निरन्तरता नरहने भनी कुनै जानकारी दिएको वा निर्णय गरिएको पनि नदेखिने।

तथ्यगत रूपमा हेर्दा यी निवेदिका उक्त अस्पतालमा अनुपस्थित भएको नभई संस्थाको संरचना परिवर्तनसम्म भएको तर यी निवेदिका निरन्तर रूपमा सोही अस्पतालमा सेवारत रहेको नै देखियो। यस अदालतबाट मिति २०७४।१०।२१ मा आदेश हुँदा यी निवेदक नारायणी अञ्चल अस्पताल विकास समिति गठन आदेश, २०४३ मिति २०४३।१२।२ मा राजपत्रमा सूचना जारी हुनुपूर्व नारायणी अञ्चल अस्पतालमा सरूवा भइसकेको अवस्था हो वा होइन भनी तथ्यगत स्पष्टताको लागि जवाफ माग भएकोमा मिति २०७४।१०।२४ मा यस अदालतबाट भएको पत्राचारको जवाफ ६ महिनापश्चात् मिति २०७५।४।२३ मा प.सं. ०७५/७६ च.नं. ७५९४ बाट दिँदासमेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कर्मचारी प्रशासन शाखाबाट "नारायणी उपक्षेत्रीय अस्पतालका तत्कालीन अ.न.मी. नानु श्रेष्ठ नारायणी उपक्षेत्रीय अस्पतालको विकास समितितर्फ करारतर्फ मिति २०४४।१।१ देखि १ वर्षको लागि नियुक्ति भएको बेहोरा नेपाल सरकार (सचिव स्तर) को मिति २०७५।४।२१ को निर्णयानुसार अनुरोध छ" भनी लेखी आएको देखिने।

माग भएको जानकारी नदिई तथ्य लुकाई अदालतलाई भ्रममा पार्ने प्रकृतिको उपर्युक्त जवाफ अदालतबाट अपेक्षित थिएन । अदालतबाट मिति २०४३।१२।३ अघि निज निवेदिका नारायणी अञ्चल अस्पतालमा सरूवा भइसकेको अवस्था हो, होइन भन्ने सम्बन्धमा २०६५ सालको रिट नं. ०४७४ (आदेश मिति २०६८।२।१) तथा प्रशासकीय अदालतबाट २०६९ सालको पु.वे.नं. ०९ मुद्दामा भएको मिति २०७०।२।२ को फैसलाबाट यी निवेदिका मिति २०२९।७।२७ को लोक सेवा आयोगको सिफारिसबमोजिम नेपाल स्वास्थ्य सेवामा प्रवेश गरी मिति २०३७।१२।१८ देखि जनस्वास्थ्य शाखा नारायणी अञ्चल अस्पतालमा काम गर्दै आएको भन्ने तथ्य उल्लेख भएबाट यी निवेदिकाले नारायणी अञ्चल अस्पताल, वीरगन्जमा कार्यरत रहँदा नारायणी अञ्चल अस्पताल विकास समिति गठन भएपश्चात् पनि निरन्तर रूपमा काम गर्दै आएको पुष्टि हुने।

मिति २०४३।१२।२ को नेपाल राजपत्रको सूचनाको दफा ८ बमोजिम अस्पतालमा कार्यरत यी कर्मचारीलाई नेपाल सरकारले अन्यत्र कतै नखटाएको र नयाँ संरचना बनेको अवस्थामा रहेका अन्यौलको स्थितिमा तत्कालीन अध्यक्षको आदेशानुसार भनी साबिकको सरकारी सेवातर्फ केही नबोली करार सेवामा एक वर्षको लागि भनी नियुक्ति गरेको पत्र दिए पनि अनवरत रूपमा कार्यरत रहेकी

यी निवेदिकालाई हठात् मिति २०५२।१२।१२ को निर्णयानुसार भनी विकास समितिबाट अवकाश दिएको देखियो। निजामती किताबखानाको विवरण (सिटरोल) को प्रतिलिपि हेर्दा यी निवेदिकालाई नारायणी अञ्चल अस्पताल, वीरगन्ज, पर्सामा मिति २०४४।१।१ मा सरूवा गरेको भन्ने पनि उल्लेख रहेको देखिन आउने।

निवेदिका कार्यरत अस्पताल नेपाल राजपत्र मिति २०४३।१२।२ मा प्रकाशित सूचनाबाट विकास समितिमा परिणत भएको अवस्थामा अनवरत सेवारत रही आएको र सोबिच विपक्षी मन्त्रालय वा विभागबाट त्यसबारे कुनै प्रश्न नउठाई निवेदिकालाई मिति २०४४।१।१ पश्चात् कुनै पत्राचार पनि नगरी मौन बसेको अवस्थामा नेपाल राजपत्रको उपर्युक्त सूचनाको दफा ८ बमोजिम निज निवेदिकालाई साबिकको सेवालाई निरन्तरता दिएको अवस्था नै देखिएकोले यी निवेदिका अनुपस्थित भई सेवा परित्याग गरेको सेवा छाडी हिँडेको भनी भन्न मिल्ने नदेखिने। निवेदिकाले अन्यत्र काम गरेको जिकिर नरहेको, निजको सेवा अनवरत देखिएको सिटरोलमा मिति २०४४।१।१ मा सरूवा भन्ने उल्लेख भएको र विकास समितिबाट अवकाश दिए पनि सिटरोलबाट यी निवेदिका मिति २०६९।७।३ सम्म सेवामा बहाल रहनुपर्नेमा अधिकार प्राप्त सम्बन्धित निकायको अन्यौलता र अनिर्णयको कारण यति लामो अवधिसम्म विवादलाई झुलाई रहेको अवस्था देखियो। यस्तो कार्य न्यायको रोहमा शोभनीय र स्वीकार्य नदेखिने।

अतः सचिवस्तरीय मिति २०६९।६।२६ को निर्णय प्रशासकीय अदालतबाट मिति २०७०।२।२ मा बदर भइसकेको र प्रशासकीय अदालतको सो निर्णयपश्चात् भएका कारबाही हेर्दा आफूले मिति २०४४।१।१ पश्चात् कुनै कारबाही नगरी बसेको निष्क्रियतालाई वैधानिक आवरण दिने प्रकृतिबाट स्वास्थ्य सेवा विभागले मिति २०७०।७।१४ मा निर्णय गरी अधिकारप्राप्त अधिकारीलाई निर्णय गर्न भनी निर्णयको बेहोरा नै उल्लेख गरी निर्देशात्मक निर्णय पत्र पठाएको देखिए पनि हालसम्म अन्यथा कुनै निर्णय भएको नदेखिएको हुँदा उक्त मिति २०७०।७।१४ को निर्णय र मिति २०७०।७।२० को पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। यी निवेदिकालाई विकास समितिबाट मिति २०५२।११।१ मा अवकाश दिएपश्चात् सिटरोलमा उल्लिखित अवकाश मिति २०६९।७।३ सम्म कुनै वस्तुनिष्ठ निर्णय नगरी काममा समेत नलगाएको देखिएको हुँदा सो मितिसम्मको तलब, भत्ता, सुविधा उपलब्ध गराउनु र अवकाश अवधिपछिको निवृत्तिभरणपत्रसमेत बनाइदिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७५ साल मङ्सिर ३ गते रोज २ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६७-CR-०२३७, भन्सार महसुल फिर्ता, भैरहवा भन्सार कार्यालय, बेलहिया सिद्धार्थनगर वि. युनाइटेड टेलिकम*

भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा १ र उपदफा २ को कानूनी व्यवस्थाअनुसार श्री ५ को सरकारले तोकिएको किसिमको आयातित वस्तुमा भन्सार महसुल पूर्ण वा केही अंशमा छुट दिन सक्ने देखिन्छ। श्री ५ को सरकारले मिति २०५६।३।२८ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दा एक्सचेन्ज स्थापना तथा नेटवर्क विस्तारका लागि आयात गर्ने उपकरणमा सुविधा दिने भन्ने निर्णयमा कुनै खास उपकरणको नामकरण गरी वर्गीकरण गरेको देखिँदैन। यस अवस्थामा एक्सचेन्ज स्थापना र नेटवर्क विस्तारका लागि आवश्यक पर्ने उपकरण नै

सुविधा दिने उपकरणभित्र पर्ने देखिने।

भन्सार विभागको प.सं. म.फा.१२।०६०।०६१ च.नं. ३९२ मिति २०६०।६।१४ को भैरहवा भन्सार कार्यालयलाई पठाएको पत्रको बेहोरा हेर्दा ***"...एयर कन्डीसन प्लान्ट, ब्याट्री, डिजेल इन्जिन जेनेरेटर, सेक्युरिटी एन्ड फायर फाइटिङ सिस्टम जस्ता सामानहरू विशुद्ध रूपमा दूरसञ्चार सेवाको लागि मात्र बनेको नभई बहुप्रयोग हुन सक्ने भएकोले त्यस्ता सामग्रीहरूमा म.प.को निर्णयानुसारको सुविधा दिन उपयुक्त नहुने देखिन्छ र दूरसञ्चार सेवाको लागि मात्र प्रयोग हुने उपकरणमा मात्र सुविधा दिने गरी मिति २०६०।६।१२ मा भएको निर्णयानुसार"*** भनी लेखिएको देखिन्छ । उक्त पत्रको आधारमा भैरहवा भन्सार कार्यालयले युनाइटेड टेलिकम लिमिटेडले आयात गरेका ब्याट्री तथा जेनेरेटर, डिजेल इन्जिनका सामान बहुउपयोग हुनसक्ने भन्दै भन्सार सुविधा दिन इन्कार गरेको देखिन्छ। तर भन्सार विभागले लेखेको उक्त पत्रमा ***दूरसञ्चार सेवाको लागि मात्र प्रयोग हुने उपकरणमा मात्र सुविधा दिने*** भनी दूरसञ्चार सेवाका लागि प्रयोग हुने उपकरणमा सुविधा दिनुपर्ने कुरालाई स्वीकार गरेकै पाइन्छ । युनाइटेड टेलिकम लिमिटेडबाट आयातित ब्याट्री तथा डिजेल इन्जिन दूरसञ्चार सेवाको लागि प्रयोग हुने उपकरण होइन भनी भन्न सकेको अवस्था छैन । साथै दूरसञ्चार सेवाका लागि प्रयोग हुने सामान बहुप्रयोग हुन सक्ने भएमा सोही कारणले मात्र भन्सार सुविधा नपाइने भनी मिति २०६०।६।१२ को निर्णयमा उल्लेख गरेको नपाइने।

युनाइटेड टेलिकम लिमिटेडबाट आयात गरिएका विवादित सामानहरू एक्सचेन्ज स्थापना तथा नेटवर्क विस्तारका लागि प्रयोग भएको छ छैन भन्ने सम्बन्धमा विचार गर्दा दूरसञ्चार प्राधिकरणबाट २५ जनवरी २००५ मा प्राविधिक जाँच गरिएको प्रतिवेदन हेर्दा आयातित उपकरणमध्ये २ थान ब्याट्री र १ थान जेनेरेटर Spare मा रहेको र अरू ब्याट्री तथा जेनेरेटर Installed भइसकेको भन्ने देखिन्छ। सञ्चार उपकरण सञ्चालनको लागि आवश्यक पर्ने ब्याट्री तथा जेनेरेटरको अभावमा एक्सचेन्ज स्थापना तथा नेटवर्क कार्य अगाडि नबढ्ने हुँदा उल्लिखित सामान सञ्चारका लागि अत्यावश्यक देखिँदा ब्याट्री तथा जेनेरेटर अलगै सामान हुन् भन्न मिल्ने देखिन आएन । आयातित सामानहरू दूरसञ्चारको एक्सचेन्ज स्थापना र नेटवर्क विस्तारमा प्रयोग भइसकेको प्राविधिक प्रतिवेदनबाट समेत देखिएको अवस्थामा Spare सामानबाहेक अन्य जडित सामानको राजपत्रमा प्रकाशित सूचनाअनुसार ५ प्रतिशत भन्सार महसुल तथा नियमानुसार लाग्ने मु.अ.कर असुल गरी बाँकी धरौटी रकम पुनरावेदकले फिर्ता पाउने ठहऱ्याएको राजस्व न्यायाधिकरण पोखराको मिति २०६५।३।२२ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार, कारणबाट युनाइटेड टेलिकम लिमिटेडले दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि आयात गरिएका सामानमा राजपत्रमा प्रकाशित सूचनाअनुसारको सुविधा नदिने गरी भैरहवा भन्सार कार्यालयबाट मिति २०६४।३।४ मा भएको निर्णय उल्टी गरी जडित सामानको ५ प्रतिशत भन्सार महसुल तथा नियमानुसार लाग्ने मु.अ.कर असुल गरी बाँकी धरौटी रकम पुनरावेदकले फिर्ता पाउने ठहऱ्याएको राजस्व न्यायाधिकरण पोखराबाट मिति २०६५।३।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल चैत्र २६ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६८-CI-१४११, फैसला*

बदर अंश नामसारी, चिनकी बारी वि. शिवड बारीसमेत

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा प्रतिवादी ज्ञानमती बारीले आफ्ना देवर शिवड बारीउपर २०६४।२।२३ मा अंश मुद्दा दायर गर्दा जगलाल बारीका २ छोरा दशरथ बारी र शिवड बारी भएकोमा आफ्ना पति दशरथ बारीको मृत्यु भएको हुँदा २ भागको १ भाग अंश छुट्टयाई पाउँ भनी दाबी लिएको पाइन्छ। उक्त मुद्दामा अदालतबाट जारी भएको आफ्नो नामको म्याद मिति २०६४।३।१२ मा शिवड बारी आफैँले बुझी लिई प्रतिउत्तर पत्र नै नफिराएको तथा वादी प्रतिवादी सगोलको अंशियार देखिएको र सगोलको अंशियारले आफ्नो अंश छुट्याई लिन पाउने नै हुँदा ज्ञानमती बारीले वादी दाबीबमोजिम २ भागको १ भाग अंश पाउने ठहरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६५।३।२५ मा फैसला भएको देखिन्छ। उक्त फैसला बदर गरी सम्पूर्ण सम्पत्तिलाई ७ भाग लगाई १ भाग दिलाइपाउँ भनी वादी चिनकी बारीको फैसला बदर अंश नामसारी मुद्दाको फिराद परेको पाइयो। प्रस्तुत मुद्दामा निजले दाजु मरेपछि मात्र ज्ञानमती बारीलाई ल्याइताको रूपमा राखेको भन्ने शिवड वादीको प्रतिउत्तरपत्रमा उल्लिखित बेहोराले फिराद दाबीलाई समर्थन गरेको जस्तो देखिए पनि प्रतिवादी ज्ञानमती बारीले मिति २०६३।१२।१४ मा जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट प्राप्त गरेको नागरिकता प्रमाणपत्रको पतिको महलमा दशरथ बारीको नाम उल्लेख भएको देखिँदा ज्ञानमतीलाई ल्याइताको रूपमा ल्याएको भन्ने वादीको जिकिर विश्वसनीय देखिएन। यसरी आधिकारिक निकायबाट जारी गरिएको नागरिकताको प्रमाण पत्र एवं प्रतिवादी शिवड बारी आफैँले अघिल्लो अंश मुद्दामा प्रतिवादी ज्ञानमती बारी स्वर्गीय दशरथ बारीकी पत्नी भएको कुरामा आपत्ति नगरी प्रतिउत्तरसम्म पनि नफिराई स्वीकार गरिरहेको र प्रतिवादी ज्ञानमती बारी आफूले समेत लोग्नेको सत्यमा बसेको भनी जिकिर लिइरहेको अवस्थामा तराईको रीति, परम्परा, प्रचलनअनुसार अधिकांश जातिले दाजु मरेपछि भाउजूलाई संरक्षण दिन पत्नीको रूपमा राख्ने प्रचलन रहेको हुँदा ज्ञानमतीका पति दशरथको मृत्युपश्चात् शिवड बारीले निजलाई पत्नी बनाई सँगै राखी आएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणसमेतबाट प्रतिवादी ज्ञानमती बारी स्वर्गीय दशरथ बारीको पत्नी कायम रहेको देखिँदा निजले प्रतिवादी शिवड बारीबाट २०६५।३।२५ को फैसलाबमोजिम प्राप्त गरेको २ भागको १ भाग अंशमध्ये वादी चिनकी बारीको हकसम्म बदर गरी ७ भागको १ भाग अंश पाउँ भन्ने वादी दाबी नपुग्ने ठहर्छ। वादी दाबीबमोजिम मिति २०६५।३।२५ को फैसलाको वादीको अंश हकसम्म बदर गरी ७ भागको १ भाग अंश पाउने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६७।६।१३ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवल रूपन्देहीको मिति २०६८।६।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख ३१ गते रोज २ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७१-RB-०२०७, आयकर (आ.व.२०५१/०५२), अमृतप्रसाद कायष्ठ वि. नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड, हेटौंडा*

आयकर ऐन, २०३१ को दफा ४१(झ) मा **छुट दिन नसकिने व्यवस्था**अन्तर्गत ***यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको खुद आय निर्धारण गर्दा आय आर्जन वा प्राप्त गर्ने कामसँग सम्बन्ध नभएका खर्चहरू कट्टा गरिने छैन*** भनी उल्लेख भएको देखिन्छ।

करदाताले भन्सार कार्यालयमा भरेको प्रज्ञापनपत्रमा उल्लिखित परिमाण भन्सार कार्यालयको रेकर्डबाट कर कार्यालयको कम्प्युटरको अभिलेखमा चढाएको र सोपछि करदाताको लेखा अभिलेखसँग भिडाउँदा फरक परेको अवस्थामा उक्त कानूनी व्यवस्थाबमोजिम फरक परिमाणलाई आयआर्जनको कार्यमा प्रयोग भएको नदेखिएको आधारमा थोकमा बिक्री गरेको मानी कर निर्धारण भएको देखिन्छ।

उक्त फरक परिमाणको कच्चा पदार्थ करदाताले कुन कम्पनीलाई कति मूल्य र परिमाणमा थोक बिक्री गरेको भन्ने वस्तुनिष्ठ प्रमाणविना नै सो फरक परिमाण करदाताले थोक बिक्री गरेको भन्ने कर अधिकृतको निर्णयाधार अनुमानमा आधारित रहेको देखिन्छ । उक्त थोक बिक्रीबाट करदातालाई रू.३१,७८,४१०।३० खुद आय भएको भनी कर अधिकृतले स्पष्ट कानूनी आधार र सबुद प्रमाणको अभावमा कर कार्यालय हेटौंडाबाट रू. ३१,७८,४१०।३० आयतर्फ समावेश गरेको देखिने।

वस्तुतः कर अधिकृतबाट करदाताले पेस गरेको लेखा अभिलेखलाई अस्वीकार गर्न सकेको देखिँदैन । आयकरका लागि करदाताले कुनै कारोबारबाट आय आर्जन गरेको भन्ने देखिनु पर्दछ । कर कार्यालयमा रहेको कम्प्युटरले देखाएको कच्चा पदार्थ आयातको परिमाण सबै नै करदाताले खपत गरेको कच्चा पदार्थको परिमाण रहेछ र अन्य उद्योगको कच्चा पदार्थको परिमाणसमेत करदाताको अभिलेखमा जनिन गएको हो भन्ने वस्तुनिष्ठ प्रमाण प्राप्त हुन सकेको देखिँदैन । यस अवस्थामा कर कार्यालयको कम्प्युटर अभिलेखले देखाएको सबै परिमाण प्रत्यर्थी करदाताले आफ्नै लागि आयात गरेको परिमाण हो भन्ने अनुमान गर्न मिल्ने नदेखिने।

नेपाल वनस्पति घ्यू उद्योग लिमिटेडले लागत मूल्यभन्दा कममा बिक्री गर्नुपरेको भन्ने करदाताको जिकिर सामान्य व्यावसायिक सिद्धान्तविपरीत देखिएको भन्ने जिकिर सम्बन्धमा हेर्दा वनस्पति घ्यू नेपालभित्र उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री हुने हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारले नै यसको मूल्य निर्धारण गरेको हुन्छ । तसर्थ यसको मूल्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बजारअनुसार घटबढ भइरहने हुँदा लागत मूल्यभन्दा कम मूल्यमा पनि नेपाल वनस्पति घ्यू उद्योग लिमिटेडले आफ्नो उत्पादन बिक्री गर्नु परेको भन्ने करदाताको भनाइलाई अन्यथा भन्न मिल्ने देखिन आएन । यस स्थितिमा पुनरावेदन जिकिर एवं पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले समेत सोही बेहोरा उल्लेख गरी गर्नुभएको बहस र मुद्दा दोहोर्‍याई हेर्न अनुमति प्रदान गरिएको आदेशमा उल्लेख भएको आधार एवं कारणसँग पनि यो इजलास सहमत हुन नसक्ने।

अतः उल्लिखित आधार, कारणबाट बढी पैठारी गरेको कच्चा पदार्थ थोक बिक्री गरेको भनी रू.३१,७८,४१०।३० र बिक्री मूल्यभन्दा लागत मूल्य बढी देखिएको भनी रू १,८५,३६,३४६।६२ आयतर्फ समावेश गर्ने गरेको हदसम्म सुरू कर कार्यालय हेटौंडाको मिति २०५५।३।३२ को निर्णय समर्थन गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको मिति २०५८।४।१ को निर्णयसमेत केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।१२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७१-RB-०२०८, आयकर (आ.व.२०५१/०५२), अमृतप्रसाद कायष्ठ वि. नेपाल वनस्पती घ्यू उद्योग लिमिटेड, हेटौंडा

इजलास नं.६

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-१२६७, ०७५-CR-०६५०, कर्तव्य ज्यान, नेपाल सरकार वि. बागवीर तामाङसमेत, बागबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबिच रक्सी नदिएको निहुँमा वादविवाद हुनुअगाडि प्रतिवादीको मृतकलाई मार्नेसम्मको पूर्वरिसइवी तथा मनसाय रहेको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिए तापनि रक्सी नदिएको निहुँमा मृतकले आफूलाई गाली गलौज तथा कुटपिटसमेत गरेको कारण यी प्रतिवादीले ढुङ्गा जस्तो कडा वस्तुले मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा हिर्काउँदा मृतकको मृत्यु हुन्छ भन्ने जानकारी हुँदाहुँदै टाउको जस्तो संवेदनशील अङ्गमा ढुङ्गा जस्तो कडा वस्तुले प्रहार गरेको र शरीरको अन्य भागमा समेत ढुङ्गाले ३/४ पटकसम्म हिर्काएर मृतकको मृत्यु भएको देखिँदा उक्त घटनामा प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भनी मान्न सक्ने अवस्था नदेखिने।

विवेचित आधार, कारणहरूबाट प्रतिवादी बागबहादुर तामाङले मृतक चक्रबहादुर थापालाई निजको टाउको जस्तो संवेदनशील अङ्गसमेतमा ढुङ्गा जस्तो कडा वस्तुले हान्दा निजको मृत्यु हुन्छ भन्ने थाहा जानकारी हुँदाहुँदै प्रतिवादीले मृतकलाई मार्ने मनसायले मृतकको टाउकोसमेतमा ढुङ्गाले ३/४ पटकसम्म प्रहार गरी घाइते बनाई सोही चोट पिरको कारण निजको मृत्यु भएको देखिएकोले उक्त मनसायपूर्वक गरिएको हत्यालाई पुनरावेदक प्रतिवादीले जिकिर लिएजस्तै भवितव्य तथा आवेश प्रेरित हत्या हो भनी मान्न सक्ने अवस्था विद्यमान नदेखिँदा ज्यानसम्बन्धी महलको ६(२) तथा १४ नं. बमोजिम सजाय कम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू बागवीर तामाङ र सोमा तामाङसमेतलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिँदा उक्त पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी बागवीर तामाङले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा वारदातको समयमा म गाईवस्तुलाई घाँस हाल्न गएको थिएँ। घर आउँदा घरको आँगनमा चक्रबहादुर थापा मृत अवस्थामा लडिरहेका थिए। छोरालाई सोध्दा रक्सी मागी बेइज्जत गरेको हुँदा मैले ढुङ्गाले हानी मारेको हो भनी भनेको थियो। मैले मृतकलाई मार्नुपर्ने कुनै रिसइवी थिएन। मैले निजलाई कर्तव्य गरी मारेको होइन भनी बयान गरी अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिने।

त्यस्तै प्रतिवादी सोमा तामाङले पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातको दिन खेतमा काम गर्न गएको थिएँ। बेलुकी घरमा आउँदा श्रीमान् बागबहादुर तामाङ रक्सीले मातेर बसेका थिए। तातोपानी तताई दे भनेकाले तातोपानी तताएर गोठमा घाँसपात गर्न गएको थिएँ। मेरो श्रीमान् बागबहादुरले मृतक चक्रबहादुर थापालाई ससुरा बागवीर तामाङको आँगनमा ढुङ्गाले हानी मारेको भन्ने पछि सुनेर थाहा पाएको हो। मृतकसँग मेरो कुनै पनि रिसइवी छैन, निजलाई मैले कर्तव्य गरी मारेको होइन भनी बयान गरेको र अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिने।

प्रतिवादी बागबहादुर तामाङले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत मृतक चक्रबहादुर थापालाई म एक्लैले मारेको हो। निजलाई मार्नमा अरू कसैको संलग्नता छैन भनी यी प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन हुने गरी बयान गरेको देखिन्छ। यी प्रतिवादीहरूले गरेको

इन्कारी बयानलाई प्रतिवादीका साक्षी ज्ञानबहादुर तामाङले समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिन्छ। जाहेरवाला कमलबहादुर थापासहितका मौकामा कागज गर्ने वादी पक्षका साक्षी टंकबहादुर थापा, कालु तामाङ, सोमबहादुर थापासमेतले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादीहरूको कर्तव्यले मृतकको मृत्यु भएको भनी प्रस्ट किटान गरी यी प्रतिवादी बागवीर तामाङ र सोमा तामाङलाई पोल गरी बकपत्र भएको अवस्थासमेत देखिँदैन भने उक्त वारदातमा यी दुईजना प्रतिवादीले के कस्तो भूमिका निर्वाह गरेका थिए सोसमेत कहीँकतैबाट खुल्न आएको नदेखिने।

मृतकलाई मार्नमा यी प्रतिवादीहरूले बाटो गौडा थुन्ने, भाग्न, उम्कन नपाउने गरी समाइदिने, मार्नमा कुनै बेह्रोराले संयोग जुटाइदिने जस्ता कार्य गरेकोसमेत मिसिल संलग्न कागज प्रमाणबाट देखिन आउँदैन। यो यस प्रतिवादीले यो यस रोह रीतसँग यो यस्तो कार्य गरी सहयोग गरेको वा प्रहार गरेको भनी मिसिल संलग्न प्रमाणहरूबाट खुल्न आएको देखिँदैन। साथै प्रतिवादी बागबहादुर तामाङले अदालतमा बयान गर्दा मैले मृतकलाई टाउकोलगायत शरीरको विभिन्न भागमा ३/४ पटक हिर्काएर मारेको हुँ भनी बयान गरेको देखिँदा निज प्रतिवादी एक्लैले पनि मृतकलाई पटकपटक ढुङ्गाले हिर्काउँदा मृतकको शरीरका विभिन्न भागमा चोटपटक, नीलडाम लाग्न सक्ने नै देखिँदा मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि नभएसम्म मृतकको शरीरको विभिन्न भागमा भएको चोटपटकको कारणले मात्र बागबहादुर तामाङबाहेकका यी प्रतिवादीहरूसमेत मृतकलाई मार्ने कार्यमा संलग्न थिए भन्ने अनुमानको भरमा ठोस तथ्ययुक्त आधार, प्रमाणबेगर यी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरू बागवीर तामाङ र सोमा तामाङसमेतले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत कसुरमा इन्कार रहेको र वादी नेपाल सरकारतर्फबाट यी प्रतिवादीहरूसमेत मृतक चक्रबहादुर थापालाई मार्ने कार्यमा संलग्न थिए भनी तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा यी प्रतिवादीहरूसमेतलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी बागबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने र अन्य प्रतिवादीहरू बागवीर तामाङ र सोमा तामाङलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतले मिति २०७१।०५।१० मा गरेको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी बागबहादुर तामाङलाई माथि ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्छ कि भनी विचार गर्दा यी प्रतिवादीको मृतकलाई मार्ने पूर्वरिसइवी तथा पूर्वयोजनासमेत भएको नदेखिएको, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत मृतकलाई आफूले कुटपिट गरी मारेकोमा साबित रही बयान गरी न्यायिक निरूपण गर्ने काममा सहयोग पुऱ्याएको, घटना वारदातको अवस्था, परिस्थिति तथा पारिवारिक दायित्वसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने र निजलाई १०(दश) वर्ष कैद सजाय गर्दासमेत ऐनको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी बागबहादुर तामाङलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: रणबहादुर कटवाल र अरूणकुमार कोइराला

इति संवत् २०७५ साल चैत्र ३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-१३२२, कर्तव्य ज्यान, गजिन भन्ने गजेन्द्रबहादुर लिम्बु वि. नेपाल सरकार*

प्रतिवादी गजेन्द्रबहादुर लिम्बुको अधिकारप्राप्त अधिकारी र अदालतमा भएको साबिती बयान, किटानी जाहेरी दरखास्त, घटनास्थलमा रही घटना प्रत्यक्ष देख्ने मृतकको छोरी एकता लिम्बुसमेतले गरेको घटना विवरण कागज, निजहरूले अदालतमा गरेको बकपत्र, घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, मृतकलाई प्रहार गरेको भनिएको तरबार बरामद भएको बरामदी मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रत्यक्ष तथा परिस्थितिजन्य प्रमाण कागजहरूबाट प्रतिवादी गजिन भन्ने गजेन्द्रबहादुर लिम्बुले मृतक नरेश लिम्बुलाई पहिलेदेखि हेप्ने तथा झैझगडा गरिरहने पूर्वरिसइवीको कारण मृतकको घरमै गई तरबारले मृतकको छाती र घाँटीसमेतमा काटी, घोपी निजको हत्या गरी आरोपित कसुर गरेको सिलसिलेवार तथा क्रमबद्ध रूपमा पुष्टि भइरहेको देखिने।

पुनरावेदक प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरमा सजाय कम गरिपाउँ भनी जिकिर लिएको भए तापनि निजलाई कुन ऐनको कति दफाबमोजिम सजाय कम हुनुपर्ने हो सजाय कम हुनपर्ने आधार कारण अवस्था के हो निजले आफ्नो पुनरावेदनमा खुलाउन सकेको पाइँदैन। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. हेर्दा, **"कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन, मार्नको उद्योग गर्न हुँदैन।"** भन्ने र सोही महलको १३(१) नं. हेर्दा, **"धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छ। सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ।"** भन्ने उल्लेख भएको पाइन्छ। प्रतिवादी घटना हुँदाको अवस्थामा १८ वर्षको भई साबालक नै रहे भएको निजको बयानबाट देखिन्छ। यी प्रतिवादीले ज्यान मार्ने मनसायबाट योजनाबद्ध तरिकाले पूर्वतयारी गरी एक महिनाअगाडिदेखि हतियारको व्यवस्थापन गरी उचित मौका खोजिरहेको र आफैँले मृतकलाई तरबार जस्तो जोखिमी हतियार प्रहार गरी मारेको देखिएकोले धार भएको वा नभएको जोखिमी हतियार प्रहार गरी ज्यान मार्ने कसुरदारलाई सजाय कम वा बेसी गर्ने तजबिजी अधिकार कुनै कानूनले प्रदान गरेको देखिँदैन। केवल मारौं भन्ने नियत नभई जोखिमी हतियार प्रयोग नगरी कुनै कार्य गर्दा भवितव्यको रूपबाट ज्यान मर्न गएको अवस्थामा सम्म तजविजी अधिकार प्रयोग हुन सक्ने तर मनसायपूर्वक पूर्वरिसइवी राखी पूर्वतयारी गरी जोखिमी हतियार प्रयोग गरी निर्ममतापूर्वक मारेको अवस्थामा तजबिजी अधिकारद्वारा सजाय घटाउनु न्यायको मर्मविपरीत हुने।

माथि विवेचित आधार, प्रमाणहरूबाट यी प्रतिवादी गजिन भन्ने गजेन्द्र लिम्बुले पहिलेदेखि हेप्ने तथा झैझगडा गर्ने गरेको रिसइवीको कारण मृतक नरेश लिम्बुको घरमा गई तरबार जस्तो धारिलो तथा जोखिमी हतियारले मृतकको छाती तथा घाँटी जस्तो संवेदनशील अङ्गसमेतमा हानी, रोपी निजको हत्या गरी निजले आरोपित कसुर गरेको देखिएकोले प्रतिवादी गजिन भन्ने गजेन्द्र लिम्बुलाई अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १, १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०७२।१०।१९ मा भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७३।८।३० को फैसला मिलेकै देखिए तापनि २०७५।५।१ देखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम यो ऐन प्रारम्भ भएपछि सर्वस्व हुने गरी सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी गजिन भन्ने गजेन्द्रबहादुर

लिम्बुलाई जन्मकैदको सजाय हुने।

मुद्दामा प्रतिवादी गजिन भन्ने गजेन्द्रबहादुर लिम्बुले पहिलेदेखि आफूलाई हेप्ने र झैझगडा गरिरहेने रिसइवीको कारण मृतकलाई मार्ने योजनाअनुसार अर्को प्रतिवादी परिवर्तित नाम हिमालको घरबाट एक महिनाअगाडिदेखि तरबार ल्याई घटना भएको दिन बिहान ७:०० बजे नै मृतक नरेश लिम्बुको घरको भान्साकोठामा गई मृतक खाजा खाइरहेको अवस्थामा मृतकको पत्नी, बहिनीसमेतका परिवारको सदस्यहरूकै अगाडि मृतक नरेश लिम्बुको छाती र घाँटी जस्तो संवेदनशील अङ्गसमेतमा तरबारले पटकपटक प्रहार गरी मृतकको हत्या गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदा यस्तो मनसायपूर्वक गरिएको हत्यालाई ऐनले परिकल्पना गरेअनुसार भवितव्य हो की भनी शंका गर्नुपर्ने अवस्था देखिँदैन। तत्कालको कुनै घटनाको कारण झैझगडा भई उक्त घटना घटेकोसमेत देखिँदैन। साथै यी प्रतिवादीले पहिलेदेखि हेप्ने र झगडा गरिरहने पूर्वरिसइवीको कारण मार्ने योजना बनाई साथीको घरबाट एक महिनाअघिदेखि तरबार मागेर ल्याई पूर्वतयारीसमेत गरी मृतकको घाटी र छातीजस्तो संवेदनशील अङ्गमा तरबार जस्तो धारिलो हतियारले मार्ने मनसायले पटकपटक प्रहार गरी मृतकको क्रूर तरिकाले हत्या गरेको देखिँदा **घटना हुँदाको अवस्थालाई** विचार गर्दासमेत मुलुकी ऐन, अ.बं.१८८ नं. ले परिकल्पना गरेको अवस्था विद्यमान नदेखिने।

माथि विवेचित आधार, कारणहरूबाट यी प्रतिवादीहरूले आफूलाई हेप्ने र झैझगडा गरिरहने रिसइवीको कारण पूर्वयोजना तथा तयारीसमेत गरी मृतकलाई मार्ने मनसायले मृतकको छाती र घाँटी जस्तो संवेदनशील अङ्गसमेतमा तरबारले पटकपटक प्रहार गरी क्रूर तरिकाले मृतकको हत्या गरेको देखिई मुलुकी ऐन, अ.बं.१८८ नं. ले परिकल्पना गरेको अवस्था विद्यमान नदेखिएकोले उक्त दफा प्रयोग गरी यी प्रतिवादीको सजाय कम गर्न कानून तथा न्यायको रोहबाट समेत मिल्ने नदेखिँदा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम यी प्रतिवादीको सजाय कम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृत : रणबहादुर कटवाल र अरूणकुमार कोइराला

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल चैत्र ३ गते रोज १ शुभम्।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-CR-०२३४, जबरजस्ती करणी, केशर रोकाय क्षेत्री वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा जाहेरवाली पीडितको आमा परिवर्तित नाम ६४ छिन्चु ८ ले मेरी नाबालिका छोरीलाई प्रतिवादी केशर रोकाय क्षेत्रीले जबरजस्ती करणी गरेको हो भन्ने बेहोराको किटानी जाहेरी र सोही बेहोराको समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, जबरजस्ती करणी गरिरहेको अवस्थामा देख्ने प्रत्यक्षदर्शी र घटना विवरण कागज गर्ने परिवर्तित नाम ६४ छिन्चु ८ ग ले कोठाभित्र पीडित रोइकराई गरेको सुनी के भएको भनी गई हेर्दा निज प्रतिवादीले पीडित परिवर्तित नाम ६४ छिन्चु ८ क लाई जबरजस्ती करणीको कार्य गरिरहेको देखी यो के गरेको भनेपछि भागी गएका हुन्। तत्कालै पीडितको योनिमा हेर्दा रातो दाग भई सुन्निएको अवस्था थियो भनी गरेको कागज र सो कुरा पुष्टि हुने गरी गरेको बकपत्रसमेतबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा पुष्टि हुन आउँछ। पीडित स्वयंले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादी आफू घरमा एक्लै भएको समयमा अत्यधिक मदिरा सेवन गरी आएको र मलाई भान्साकोठामा लगी सुताई निजको लिङ्ग मेरो योनिभित्र घुसाउन लाग्दा लिङ्ग

नघुसेको र म रोई कराई गरी मैले निजको नाकमा कोतारेपछि निजले मेरो योनिभित्र औंला घुसाएको हो भनी प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको कुरा सविस्तार लेखाएको, प्रतिवादीले समेत मौकाको बयानमा पीडितको योनिभित्र औंला छिराई भित्रबाहिर बनाउँदा निज पीडित पीडाले रोई कराई गर्दा निजको अन्टीले देखी थाहा पाएको हो भनी कसुरमा साबित रही बयान गरेको देखिँदा प्रतिवादीको अदालतसमक्ष गरेको इन्कारी बयान खण्डित भइरहेको अवस्था छ भने पीडितको कथन, प्रत्यक्षदर्शीको भनाइलाई पीडित र पीडकको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न तथ्ययुक्त प्रमाणबाट घटनासँग मेल खाने गरी क्रमबद्ध रूपले मिलान हुन आएको देखिन्छ। प्रतिवादीलाई करणी जस्तो हुँदै नभएको कुरामा त्यसरी दोषारोपण गर्नुपर्ने उचित कारणसमेत नदेखिने।

पीडितको भेजिनल स्वावमा वीर्य पाइएको भन्ने देखिन्छ तर उक्त वीर्य प्रतिवादीकै हो भन्ने प्रमाणित नभएको भन्ने प्रतिवादीतर्फका विद्वान् अधिवक्ताको बहस जिकिर रहे तापनि यी प्रतिवादी पीडित घरमा एक्लै भएको अवस्थामा पीडितको भान्साकोठामा पीडितसँगै रहेको र निजलाई करणी गरिरहेको अवस्थामा देख्ने प्रत्यक्षदर्शीले लेखाइदिएको कुराबाट यी प्रतिवादीबाहेक अरू कोही कसैले त्यस्तो कार्य गरेको कुरा कहीँकतैबाट पुष्टि हुन नआई परिस्थिति र तथ्यगत प्रमाणबाट समेत प्रतिवादीबाट नै कसुरजन्य कार्य भएको देखिन्छ। प्राविधिक रूपले वीर्य को कसको हो भन्ने जाँच हुन सक्ने भए तापनि त्यस्तो प्रविधि उपलब्ध हुन नसकेको कारणबाट मात्र प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउन सक्ने आधार बन्न सक्दैन। नाबालक पीडितको भनाइ र प्रत्यक्षदर्शीको कथनसमेतबाट प्रतिवादीले कसुर गरेको कुरा स्थापित भइरहेको अवस्थामा प्राविधिक प्रश्नकै आधारमा मात्र कसुरदार हैन भन्ने बहससँग यो इजलास सहमत हुन सक्दैन। फौजदारी न्यायको सिद्धान्तअनुसार जबरजस्ती करणी मुद्दामा प्रथम साक्षी पीडित स्वयम् हुने भएको र यसमा पीडितको भनाइ र प्रतिवादीको मौकाको कागज एक आपसमा मिलिरहेको देखिँदा निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्न मिल्ने नदेखिने।

यसरी जबरजस्ती करणीको अपराध हुन पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनि नच्यातिएको र वीर्य पहिचान नभए पनि मिसिल संलग्न अन्य प्रमाणहरूबाट जबरजस्ती करणीको कसुर स्थापित हुन सक्ने अवस्था हुँदा पीडितको कन्याजाली नच्यातिएकै आधारमा जबरजस्ती करणी भएको होइन भन्ने प्रतिवादी केशर रोकाय क्षेत्रीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने नदेखिने।

अतः विवेचित आधार, कारणहरूबाट प्रतिवादी केशर रोकाय क्षेत्रीले पीडित परिवर्तित नाम ६४ छिन्चु ८ क लाई जबरजस्ती करणी गरेको देखिँदा सुर्खेत जिल्ला अदालतको फैसला सदर गरी प्रतिवादी केशर रोकाय क्षेत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.४०,०००।- (चालिस हजार) क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहराएको उच्च अदालत सुर्खेतको मिति २०७४।१०।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।

४

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-CR-१२९२, जबरजस्ती करणी / हाडनाता, डिलप्रसाद बास्तोला वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालीले लेनदेनको विवाद र पूर्वरिसइवीका कारण मउपर झुठा आरोप लगाएको हो। जाहेरवाली पीडितको भेजिनल स्वाव र पीडितको कपडा तथा प्रतिवादीको कपडामा

समेत वीर्य नदेखिएको भन्ने मुख्य पुनरावेदन जिकिर लिएकोतर्फ विचार गर्दा स्वास्थ्य परीक्षण प्रतिवेदनबाट प्रतिवादीको कट्टु र पीडितको पेटिकोटमा सेतो दाग देखिएको भन्ने उल्लेख भएको देखिन्छ भने पीडित जाहेरवालीले जाहेरी दिँदा र अदालतसमक्ष गरेको बकपत्रमा समेत प्रतिवादीले निजको उत्तेजित लिङ्ग मेरो योनिमा प्रवेश गराई वीर्यसमेत योनिभित्रै स्खलन गराएको हो भनी उल्लेख गरेको र प्रतिवादीले मौकाको बयानमा समेत कुनै अस्थायी साधन प्रयोग नगरी वीर्यसमेत योनिभित्रै स्खलन गराई करणी गरेको कुरा स्वीकार गरेको देखिन्छ । जाहेरवाली पीडितले प्रतिवादीलाई जबरजस्ती करणीको झुट्ठा आरोप लगाउनुपर्ने लेनदेनको विवाद र पूर्वरिसइवी तथा कुनै उल्लेख्य कारण भएको देखिँदैन। आफूमाथि अनैतिक कार्य नै नगरेको अवस्थामा आफ्नो चरित्रमा समेत असर पर्ने गरी लेनदेनकै विषयमा मात्र जबरजस्ती करणी जस्तो दोष लगाउन सक्ने हुँदैन । त्यसमा पनि आफ्ना नाताभित्रका व्यक्तिलाई त्यसरी झुट्ठा आरोप लगाउनुपर्ने कुनै कारण नदेखिने।

पीडितले जाहेरी दरखास्त दिँदा र अदालतमा बकपत्र गर्दासमेत स्पष्ट रूपमा आफू र प्रतिवादीबिच भतिजी र काका नाता पर्छ । मेरो बाजे र प्रतिवादीको बाबु सहोदर दाजुभाइ हुन् भनी लेखाएको र सो कुरा मिसिल संलग्न कागज प्रमाण र प्रतिवादीको मौकाको बयानसमेतबाट पुष्टि भइरहेको देखिँदा प्रतिवादी र जाहेरवाला काका भतिजी भई सात पुस्ताभित्रको हाडनाताभित्रको व्यक्ति देखिएको र सात पुस्ताभित्रको भतिजी पीडित परिवर्तित नामथर ६४ वीरेन्द्रनगर क २७ लाई प्रतिवादी डिलप्रसाद बास्तोलाले जबरजस्ती करणी गरेको देखिने।

अतः विवेचित आधार, कारणहरूबाट प्रतिवादी डिलप्रसाद बास्तोलाले आफ्नै हाडनाताभित्रकी सहोदर भतिजी परिवर्तित नामथर ६४ वीरेन्द्रनगर क २७ लाई जबरजस्ती करणी गरेको देखिँदा सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी डिलप्रसाद बास्तोलालाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५(पाँच) वर्ष कैद र हाडनाता करणीको महलको २(३) नं. बमोजिम थप १(एक) वर्ष कैदसमेत जम्मा ६(छ) वर्ष कैद हुने ठहऱ्याई गरेको मिति २०७४।११।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७४-CR-०७९३, जबरजस्ती करणी, अजय राम वि. नेपाल सरकार*

सामान्यतया अनुसन्धानमा भएको बयानलाई प्रमाणमा ग्रहण गरिँदैन तर सो सबै अवस्थामा लागु हुन्छ भन्ने हुँदैन। अनुसन्धानमा गरेको साबिती हुनुपर्ने कारण, अवस्था र स्थिति तथा सो बयानलाई अन्य प्रमाणहरूले समर्थन गरेको अवस्था भएमा प्रमाणमा लिन सकिने नै हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाको जाहेरी, पीडित र पीडितको आमाको मौकाको कागज र अदालतमा भएको बकपत्र सो बकपत्रको बेहोरालाई घटना विवरण कागज गर्ने व्यक्तिहरू अजयकुमार चौधरी र नविनकुमार चौधरी एवं वस्तुस्थिति मुचुल्काका मानिसहरू छनहरू राम, अजितकुमार चौधरी र मुकेश चौधरीको मिति २०७२।५।११ का दिन करिब २/३ बजेतिर जाहेरवालाको निज छोरी प्रतिवादी अजय रामको घरमा खेल्न गएको अवस्थामा सो बखत आफ्नो घर कोठामा एक्लै रहेको निज प्रतिवादी अजय रामले जाहेरवालाको छोरीलाई आफ्नो कोठाभित्र बोलाई सो कोठाको चुकुल भित्रबाट बन्द गरी आफू सुत्ने गरेको

विस्तारासहितको पलङ्गमा सुताई ललाई फकाई निजलाई जबरजस्ती करणी गरेको कुरा पीडितसमेतले बताउँदा हामीहरूले थाहा पाएका थियौँ र सो बखत पीडितको शारीरिक अवस्था हेर्दा निजलाई हिँड्डुल गर्न अत्यधिक कठिनाई भइरहेको देखिएकोबाट पनि निजलाई जबरजस्ती करणी गरेको कुरामा पूर्णविश्वास भएको हो भन्नेसमेत बेहोराको करिब एकै मिलानको समर्थन गर्ने भनाइसमेतको आधारमा निज प्रतिवादी अजय रामले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान सत्य रहेको र अदालतमा कसुरबाट उन्मुक्ति पाउनका लागि इन्कारी रहेको भन्ने पुष्टि हुन्छ । त्यसैगरी निज प्रतिवादी अजय रामको अनुसन्धानमा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई पीडित बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको योनिको वरिपरि र बायाँतिर नीलडाम, घाउ तथा चिथोरिएको दाग भएको, योनि पर्दा (12 clock position र 6 clock) मा च्यातिएको भन्नेसमेत बेहोरा र स्वास्थ्य जाँच गर्ने चिकित्सकले प्रतिवेदनलाई समर्थन हुने गरी गरेको बकपत्रसमेतले पुष्टि गरेको देखिँदा निज प्रतिवादी अजय रामले पीडित बालिकालाई करणी गरेको स्थापित हुन्छ । केन्द्रीय विधि विज्ञान प्रयोगशालाको पीडितको फ्रक र Vagina swab र पीडकको लिङ्गबाट उठाइएको स्वाव परीक्षण प्रतिवेदनमा Semen नपाइएको भन्ने सन्दर्भमा हेर्दा प्रतिवादीले बलपूर्वक लिङ्ग योनिभित्र पसाउन प्रयास गर्दा पस्न नसकी बालिका छट्पटाउन थालेपछि छाडी दिएको भन्ने प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट देखिएको हुँदा स्वाव परीक्षणमा Semen नपाउने अवस्था रहेको नै देखिन्छ । Semen जबरजस्ती करणीको लागि अनिवार्य तत्त्व मान्न नसकिने ।

जबरजस्ती करणीको वारदातले उपयुक्त स्थान र अनुकूल समयको खोजी गर्ने भएकोले प्रत्यक्षदर्शी एवं साक्षी प्रमाणको उपस्थिति पाउन अत्यन्तै कठिन हुन्छ । प्रतिवादीको घर र पीडितको विद्यालय अढाई कि.मि. दुरीमा रहेकोले वारदातस्थल प्रतिवादीको निम्ति पहुँचयोग्य रहेकोसमेत देखिन्छ । पसलको उधारो नतिरेको कारणले आफ्नो छोरीको अस्मितामा आँच आउने गरी जाहेरवालाले प्रतिशोध लिने काम गरेका होलान् भनी अनुमान गर्ने विश्वसनीय आधार बन्न सक्दैन । मौकामा पीडितले गरेको कागजबाट वारदात हुनुभन्दा अगाडिदेखि नै प्रतिवादी अजय रामले निजको घरमा खेल्न गएको अवस्थामा खाने कुरा तथा पैसाको प्रलोभनमा पारी योजनाबद्ध तरिकाले योनिमा विभिन्न अनैतिक क्रियाकलाप गर्दै आएको भन्ने लेखाएकोबाट प्रतिवादीले यौन तृष्णाको आपराधिक मनसाय राखी उचित समय र स्थानको प्रतीक्षा गरी प्रस्तुत वारदात घटाएको देखिने ।

सुरू मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले आफ्नो घरमा कोही नभएको मौका पारी पीडित नाबालिग वर्ष ६ की परिवर्तित नाम ३२ चन्द्रनिगाहपुर (न) लाई फकाई फुलाई आफ्नो कोठामा बोलाई ढोकाको चुकुल लगाई पीडितलाई चाउचाउ दिई आफ्नो विस्तारामा सुताई तिमीलाई पैसा पनि दिन्छु भन्दै बालिका (पीडित) ले लगाएको फ्रक उठाई कट्टु खोली आफ्नो लुगा कट्टु खोली उत्तेजित लिङ्ग बालिकाको योनिमा बलपूर्वक पसाई जबरजस्ती करणी गरेको भन्ने बेहोरा जाहेरवालाको मौकाको जाहेरी तथा अदालतमा उपस्थित भई जाहेरीलाई समर्थन हुने गरी गरेको बकपत्र, पीडितले मौकाको कागज तथा अदालतमा बकपत्र गर्दा निज प्रतिवादीले करणी गरेको उल्लेख गरेको, घटना विवरणका साक्षीहरूको मौकाको कागज तथा अदालतसमक्षको बकपत्र, योनिको वरिपरि र बायाँतिर नीलडाम घाउ तथा चिथोरिएको दाग एवं योनि पर्दा च्यातिएको भन्ने घाउ जाँच प्रतिवेदन र स्वास्थ्य जाँच गर्ने चिकित्सकले प्रतिवेदनलाई समर्थन हुने गरी गरेको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानसमेतका सुरू

मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले पीडित परिवर्तित नाम ३२ चन्द्रनिगाहपुर (न) लाई जबरजस्ती करणी गरेको भन्ने वारदात स्थापित हुन आएकाले प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर गरेको तथ्य पुष्टि हुन आएको अवस्थामा पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी महलको १ नं. को कसुरमा ऐ. को ३(१) बमोजिम १० वर्ष कैद र ऐ. को १० नं. बमोजिम पीडित नाबालिगलाई पचास हजार रूपैयाँ क्षतिपूर्तिबापत भराइदिने गरी सुरू रौतहट जिल्ला अदालतबाट मिति २०७३/०४/२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजालस वीरगन्जबाट मिति २०७४/०५/२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-CR-१७५०, ०७२-RC-००६१, कर्तव्य ज्यान, मोतीराम जैशी वि. नेपाल सरकार, नेपाल सरकार वि. उज्जवली जैशीसमेत*

सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग दाबी स्वतन्त्र, निष्पक्ष र शंकारहित तवरबाट पुष्टि गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षको हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी उज्जवली जैशीले आफ्नो सतीत्व रक्षाका निम्ति लौरोले हानेकोसम्म स्वीकार (Admission) गरेको अवस्था भए पनि अन्य प्रतिवादीहरूको उक्त घटनामा के-कस्तो संलग्नता थियो भन्ने कुराको मिसिल कागज प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन भने उज्जवली जैशीले लोहोरोले हान्दा बनेको चोट-घाउकै कारण निजको मृत्यु भएको भन्ने कुरा शव परीक्षण (Autopsy Report) प्रतिवेदनले समेत पुष्टि नगरेको स्थितिमा केवल अनुमान र उक्त घटना हुँदाका बखत वारदात स्थलमा उपस्थितसमेत नरहेकी जाहेरवालीको जाहेरीका आधारमा प्रतिवादीहरूलाई दोषी कायम गर्नु न्यायोचित नहुने साथै फौजदारी न्यायको मान्य सिद्धान्त विरूद्धसमेत हुन जान्छ । जाहेरवाला तथा अनुसन्धानको क्रममा घटना विवरणमा कागज गर्ने व्यक्तिहरू प्रत्यक्षदर्शी होइनन् । निजहरूको कथन अध्ययन गर्दा सुनेको र शंकाको आधारमा बेहोरा लेखाएको देखिन्छ । यसरी सुनेको र शंकाको आधारमा दिइएको कथित जाहेरी तथा सोही आधारमा भएका बकपत्रलाई अकाट्य प्रमाणको रूपमा लिन कानूनतः नमिल्ने ।

अतः प्रतिवादी उज्जवली जैशीले लोहोरोले प्रहार गरेको भनी अदालतमा समेत स्वीकार गरी बयान गरेकोमा अन्य प्रतिवादीहरू कसैले पनि कुटपिट नगरेको भनी बयान गरेको र सो कथनलाई अन्यथा हुने गरी मिसिल संलग्न प्रमाणबाट स्थापित हुन सकेको नदेखिएको, मिति २०६५।७।४ को कुटपिटको चोटपिरको कारणबाट नै मृत्यु भएको भन्ने पनि शव परीक्षण प्रतिवेदनबाट किटान हुन नसकेको, कुनै अङ्ग फोरे छिनालेको अवस्था नरहेको र ज्यानसम्बन्धी महलको ९ नं. ले तोकेको २१ दिनको अवधिभित्र मरेको पनि नदेखिएको अवस्थामा उज्जवली जैशीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, मोतीराम जैशी र भागीराम जैशीलाई १३(४) बमोजिम जन्मकैद र हरिप्रसाद जैशीलाई १७(३) बमोजिम ३ वर्ष कैद गर्ने गरी बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मनासिब मान्न नमिल्ने ।

प्रतिवादी उज्जवली जैशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) अनुसार सर्वस्वसहित जन्मकैद, मोतीराम जैशी र भागीराम जैशीलाई

ऐ.महलको १३(४) नं. अनुसार जन्मकैद, अर्का प्रतिवादी हरिप्रसाद जैशीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार ३ वर्ष कैद हुने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६९।९।१९ मा भएको फैसला र सोही फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।१।२३ को फैसला नमिलेको हुँदा पुनरावेदन अदालत नेपालगन्जको फैसला उल्टी भई यस अदालतमा पुनरावेदन गरेका प्रतिवादी मोतीराम जैशीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ र साधकको रोहमा प्रतिवादीहरू उज्जवली जैशी भन्ने अम्बिका जैशी र भागीराम जैशीको हकमा अन्तिम साधक जाँचको लागि पेस भएकोमा सोसमेत उल्टी भई निज प्रतिवादीहरू उज्जवली जैशी भन्ने अम्विका जैशी र भागीराम जैशीले अभियोग दाबीबाट सफाइ पाउने। साथै पुनरावेदन नगरेका र साधकको रोहमा समेत पेस नभएका प्रतिवादी हरिप्रसाद जैशीलाई समेत सो कसुर नै स्थापित हुन नसकेको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन अदालत बन्दोबस्तको महलको २०५ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (२) का आधारमा निजले पनि अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल पौष ३ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-CR-०२८९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. करूणाकर घिमिरे*

प्रतिवादी करूणाकर घिमिरेको नाममा वैदेशिक शैक्षिक संस्थाहरूमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई परामर्श उपलब्ध गराउनेसम्बन्धी कार्य गर्ने उद्देश्य रहेको रोवर्ट स्टेट एजुकेसन कन्सल्टेन्सी दर्ता रहेको भनी कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०७२।०८।११ को मिसिल संलग्न पत्रमा उल्लेख भएको देखिँदा निज प्रतिवादीले सोसम्बन्धी कार्य गर्न इजाजत प्राप्त गरेको अवस्था रहेको देखिन्छ। जाहेरवालाले प्रतिवादी करूणाकर घिमिरेउपर दाबी लिन सकेको देखिँदैन। अर्का प्रतिवादी देवबहादुर गैरेले मौकामा बयान गर्दा जाहेरवालालाई करूणाकर घिमिरेसँग सम्पर्क गराई दिएको हो भनी उल्लेख गरेको आधारमा नै यी प्रतिवादीउपर अभियोगपत्र दायर भएको देखियो । प्रतिवादीउपरको अभियोग दाबी आफैँमा कसुर प्रमाणित गर्ने आधार बन्न सक्दैन । अभियोग दाबीबमोजिमको कसुर स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुनु पर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादी करूणाकर घिमिरेको हकमा लिइएको अभियोग दाबी प्रमाणित हुने तथ्ययुक्त सबुद प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको देखिएन । यस अवस्थामा प्रतिवादी करूणाकर घिमिरेलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने।

मिसिल संलग्न मिति २०७१।५।२ को लिखत बेहोरा हेर्दा, प्रतिवादी देवप्रसाद गैरेले युरोपियन देशमा पठाउनका लागि भनी जाहेरवालाबाट रू.८,००,०००।- रकम लिएको भन्ने तथ्यसम्म उल्लेख भएको देखिन्छ । उक्त लिखतमा युरोपको कुन देशमा र के प्रयोजनका लागि पठाउने भनेर जाहेरवालाबाट प्रतिवादीले रकम लिएको हो सो कुरा उल्लेख भएको देखिँदैन । यसैगरी प्रतिवादी देवबहादुर गैरेले निज प्रतिवादी करूणाकर घिमिरेलाई जाहेरवालाबाट लिएको रकम वैदेशिक रोजगारी प्रयोजनको निमित्त बुझाएको कुनै लिखत वा प्रमाण मिसिल सामेल रहेको अवस्था छैन भने जाहेरवाला स्वयंले निज करूणाकर घिमिरेको प्रत्यक्षरूपमा यो कसुरमा संलग्नता छैन भनी अनुसन्धान अधिकृतसमक्ष बयानसमेत गरेको अवस्थामा यी प्रतिवादी करूणाकर घिमिरेलाई कसुरमा संलग्न रहेको भन्न मिल्ने नदेखिने।

प्रतिवादीउपरको फौजदारी कसुरको अभियोग

शंकारहित तवरबाट प्रमाणित हुनुपर्ने र फौजदारी मुद्दामा प्रमाणको भार वादी पक्षमा रहने फौजदारी न्यायको मान्य सिद्धान्त हो । आत्मनिष्ठ अनुमान फौजदारी कसुर स्थापित गर्ने आधार बन्न सक्दैन । प्रस्तुत मुद्दामा जाहेरवालाबाट प्रतिवादीले युरोपियन मुलुकमा पठाई दिने भनी रकम लिएको भन्नेसम्म बेहोरा उल्लेख भएको लिखतलाई जाहेरवालालाई वैदेशिक रोजगारीका लागि पठाइदिने भनी गरेको लिखत नै हो भनी अनुमान गरी अर्थ गर्न मिल्ने देखिएन। वादी नेपाल सरकार विरूद्ध शिव विन्दुलाल कायस्थ प्रतिवादी भई चलेको वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दामा *"----प्रतिवादीले जाहेरवालालाई विदेश पठाउन गरिदिएको कागजमा कुन मुलुकमा रोजगारीको लागि पठाउने भनी उल्लेखसम्म नगरिएको अवस्थामा शंका र अनुमानकै आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्न नमिल्ने---"* भनी सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त (सर्वोच्च अदालत बुलेटिन, वर्ष २२, अङ्क ३, २०७० जेष्ठ १-१५, पृ.८) समेतको प्रतिकूल हुने गरी प्रतिवादीलाई कसुरदार ठहर गर्न न्यायको रोहमा मिल्ने नदेखिने।

जाहेरवालाको बकपत्र तथा मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादी करूणाकर घिमिरेले जाहेरवालालाई विदेश पठाउनका लागि पैसा लिएको तथा आश्वासन दिएको भन्ने स्थापित हुन नसकेको भन्ने आधारमा निजले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको भनी पुष्टि हुन नआएकोले निज प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल कात्तिक २६ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७१-CI-०९१२, रकम दिलाई पाऊँ, दुर्गाप्रसाद श्रेष्ठ वि. सञ्चालक समिति, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयसमेत*

प्रतिवादी नेपाल बैंक लिमिटेडको प्रतिउत्तर पत्रको प्रकरण २ को देहाय ग) मा ***असाधारण स्थितिमा वा बरबुझारथसम्बन्धी काम गर्ने कर्मचारीको हकमा मात्र ग्रेडबाहेक तलब भत्ता उपभोग गराउने निर्देशन दिइसकेकोले विपक्षीले २०४८।१२।२२ देखि २०४९।१।११ सम्म तलब भत्ता मात्र पाउन सक्ने हो अरू केही होइन*** भनी उल्लेख भएको देखिएबाट फिराद दाबीबमोजिम फिरादी २०४९।१।११ सम्म बैंकमा कार्यरत रहेको भन्ने कुरामा अन्यथा भन्न नमिल्ने।

तसर्थ यी पुनरावेदकले प्रतिवादी बैंकबाट जारी भएको परिपत्रलाई स्वीकार गरी स्वेच्छिक अवकाशमा जान आवेदन दिएको भए पनि बैंकले निजलाई निरन्तर रूपमा हाजिर गराई २०४९।१।११ सम्म कामकाज लगाए गराएको अवस्था देखिन्छ । कर्मचारीको अवकाश हुँदा नियमबमोजिम प्राप्त हुने सेवा सुविधाको रकमहरू कर्मचारी आफ्नो कार्यालयमा हाजिर भई अन्तिम दिन कामकाज गर्दाको अवस्थामा कायम रहेको तलबमानअनुसार नै गणना गरी सेवा सुविधाको रकम उपलब्ध गराउनुपर्नेमा २०४९।१।११ सम्म फिरादीले कामकाज गरेको र सोही मितिमा अवकाश पत्र प्राप्त गरेको भन्ने विषय स्थापित भएको अवस्थामा सो मितिमा निजले खाइपाइ आएको तलबमानको आधारमा अवकाशपश्चात्का सेवा सुविधा प्रदान गर्नुपर्नेमा सो नगरी २०४८।१०।२१ को निर्णयानुसार फिरादीले अवकाश पाएको भनी पुरानै तलबमानअनुसार अवकाशबापतको सम्पूर्ण सेवा सुविधा प्रदान गरी नयाँ तलबमान लागु भएको मिति २०४९।१।१ देखि वादी कार्यालयमा हाजिर रहेको

मिति २०४९।१।११ सम्म नयाँ तलबमानअनुसार जम्मा ११ दिनको तलब प्रतिवादीलाई उपलब्ध गराएको अवस्था देखिन्छ । नयाँ तलबमानबमोजिम तलब भुक्तानी गरेपछि सोअनुसार नै निवृत्तिभरण, सञ्चित बिदा, औषधी उपचारलगायतका आनुषाङ्गिक लाभहरू स्वत: प्राप्त हुनेमा सोमा दाबी नपुग्ने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०५५।८।९ को फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको २०५७।३।१३ को फैसला सो हदसम्म मिलेको नेखिँदा केही उल्टी भई फिरादीले फिरादपत्रको प्रकरण नं.८ बमोजिमको रकम रू.३९,५३७।८७ प्रत्यर्थी प्रतिवादी नेपाल बैंक लिमिटेडबाट भराई पाउने ठहर्ने ।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल कार्तिक २९ गते रोज ६ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी, *०७०-CR-१६६४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामप्रसाद महतो नुनियासमेत*

जाहेरवालालगायत मौकामा कागज गर्ने व्यक्तिहरू प्रत्यक्षदर्शी नरहेका र निजहरू सबै अदालतमा आई बकपत्र गर्दा जाहेरी र मौकामा गराएको कागज प्रतिकूल बकपत्र गरी जाहेरी र मौकाको कागजलाई खण्डन गरेको हुँदा उक्त जाहेरी र मौकाको कागजलाई प्रमाणमा ग्रहण गरी यी प्रतिवादीहरूलाई दोषी ठहराउन प्रमाण कानूनको सिद्धान्तविपरीत हुने साथै मिसिल संलग्न अन्य कागजहरूबाट यी प्रतिवादीहरूको कर्तव्यबाट ववितादेवीको हत्या भएको भन्ने पुष्टि हुन सक्ने प्रमाणको अभावमा यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब देखिने ।

मृतक वविताको मृत्युमा यी प्रतिवादी रामप्रसाद साह नुनिया र समुन्द्रीदेवीको संलग्नता रहेको भन्ने नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको निवेदन जिकिर र यस अदालतको संयुक्त इजलासबाट दोहोर्‍याउने निस्सा प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू रामप्रसाद महतो नुनिया र समुन्द्रीदेवीले अभियोग दाबीबाट सफाइ पाउने गरी रौतहट जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।९।१४ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने ।

इजलास अधिकृत: नरेन्द्रबहादुर बुढा

कम्प्युटर: रवि दुवाल

इति संवत् २०७६ साल आश्विन ६ गते रोज २ शुभम्।

इजलास नं.८

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, *०७४-CR-०७०८, जबरजस्ती करणी, नेपाल सरकार वि. ।५ (परिवर्तित नाम)*

१०(दश) वर्षको उमेरको प्रतिवादी परिवर्तित नाम ।५ ले जबरजस्ती करणीको कार्य गर्न सक्ने कुरा सामान्यतया निजको शारीरिक अवस्थाले समेत स्वाभाविक पनि हुँदैन । बालकले समाजमा अन्य व्यक्ति लोग्ने स्वास्नी भई बसेको देखेको वा सिनेमा वा अन्य अग्रज साथीभाइबाट सुनेका कुराको आधारमा जिज्ञासु बाल मनोदशाका कारण लोग्नेस्वास्नी हुने वा यौन जिज्ञासाको लागि नक्कल गर्न खोज्दा अपराध घटित हुन पनि सक्छ । तर प्रस्तुत वारदातमा निजलाई बलजफ्ती वारदात स्थलमा लगी डर धाक देखाई जबरजस्ती निजको लुगा खोली पीडितमाथि राखेको तथ्य प्रमाणित भएको देखिन्छ । अर्कोतर्फ कुनै पनि

अपराध हुन साधारणतया अपराधका तत्त्व मनसाय र कार्यको परिणाम स्वरूप अपराध हुन्छ । प्रस्तुत वारदातमा पीडक बालक ।५ को करणी गर्ने उद्देश्य मनसाय देखिँदैन र वारदात स्थलसम्म जाँदासमेत निजले सो कुरा सोचेको भन्ने पनि देखिँदैन । साथै निजको लुगा जबरजस्ती प्रतिवादी शेखर लक्समले खोली पीडितमाथि राख्ने कार्य गरेको देखिएबाट उक्त कार्यसमेत निज प्रतिवादीले स्वेच्छिक रूपमा गरेको देखिएन । त्यस्तै पीडक प्रतिवादी परिवर्तित नाम ।५ को स्वास्थ परीक्षणमा जबरजस्ती करणी गरेको भन्ने खुल्ने कुनै सङ्केत तथा चिह्न देखिन आएको छैन भन्ने उल्लेख भएबाट नाबालकको उक्त आपराधिक कार्यमा संलग्नता भएको देखिन आएन । प्रतिवादी शेखर लक्समले पीडित परिवर्तित नाम ।२ लाई जबरजस्ती करणी गरेको यी १० वर्षे प्रतिवादी परिवर्तित नाम ।५ ले देखेको थाहा पाई आफ्नो अपराध छल्नको लागि यी नाबालिग प्रतिवादीलाई सो कार्यमा सहभागी गराउन खोजेकोसम्म देखिने ।

मूल प्रतिवादी शेखर लक्समले अभियोग दाबीबमोजिम कसुर गरेको ठहरी फैसला अन्तिम भइरहेको छ । प्रतिवादी शेखर लक्समले आफ्नो अपराध छल्न नाबालिग प्रतिवादी परिवर्तित नाम ।५ लाई पीडितको शरीरमाथि राख्ने कार्य गरेको भन्ने देखिँदा निज प्रतिवादी परिवर्तित नाम ।५ ले दाबीबमोजिमको कसुर गरेको देखिन आएन । तसर्थ, प्रतिवादी परिवर्तित नाम ।५ ले पीडित परिवर्तित नाम ।२ लाई जबरजस्ती करणी गरेको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको नदेखिएको अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसला अन्यथा भन्न नमिल्ने ।

अतः आरोपित कसुरबाट प्रतिवादी परिवर्तित नाम ।५ लाई सफाइ दिने ठहर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७३।०७।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७५ साल वैशाख २० गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०६९-CR-०७२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. मानबहादुर खत्री*

मृतक खरीकुमारी खत्रीको मृत्यु Head Injury भई भएको पुष्टि हुन आएको अवस्थामा निजलाई मार्नमा को कसको संलग्नता थियो भनी हेर्दा मृतकको टाउकोमा गम्भीर चोट लागेको, देब्रे हातमा समेत घाउ चोट लागेको देखिएको हुँदा मृतकका पति मानबहादुरले नै धारिलो हतियार प्रयोग गरी मारेका हुन् भनी किटानी रूपमा प्रतिवादीलाई सजाय गरिपाउँ भनी केशबहादुर क्षेत्रीले गरेको मौकाको जाहेरी देखिने ।

प्रतिवादीले अदालतको बयानमा आरोपित कसुरमा इन्कार रही बयान गरे पनि अनुसन्धान अधिकारीसमक्षको बयानमा आरोपित कसुरमा साबिती रही बयान गरेका छन् । अदालतको बयानमा श्रीमतीलाई मारेको कुरामा असहमति जनाए तापनि सोबाहेक अन्य बेहोरामा इन्कारी नरही मासु भात खाएको, आफूले रक्सी सेवन नगर्ने कुरा, श्रीमतीले रक्सी सेवन गर्ने बेहोरा, आफू र श्रीमती अलग अलग ठाउँमा सुत्ने बेहोरामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बेहोरा एक आपसमा मिल्ने गरी सिलसिलेवार तवरले उल्लेख गरेको पाइने ।

प्रतिवादीले अदालतमा बयान गर्दा मृतक श्रीमतीलाई आफैँले मारेको होइन भनी कसुरमा इन्कार रही बयान गरे पनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान आफ्नो इच्छाविपरीत जबरजस्ती कुटपिट, सास्ती कुनै प्रकारको यातना दिई गराएको भनी आफ्नो प्रहरीसमक्षको बयानको विश्वसनीयतालाई खण्डन गर्न सकेको देखिँदैन । प्रतिवादी मानबहादुरले

लगाएको कमिजमा रगत जस्ता टाटा रहेको, निजको कोटको खल्तीबाट मृतकको सुनको मारवाडी फेला परेको र सो मारवाडीमा कपालको रौसमेत रहेको साथै निज प्रतिवादीको सिरानमुनिबाट धारिलो हँसियासमेत बरामद भएको भनी तत्काल अनुसन्धानमा बरामद भएका वस्तुगत प्रमाणहरूबाट निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानसँग तादम्यता रही निजले कसुर गरेको भन्ने दाबीलाई पुष्टि गरेको देखिने ।

फौजदारी कसुरमा सजाय कम बेसी गर्नको लागि उमेर लिङ्ग, नाता प्रमुख नभई कसुरको मात्रा, वारदातको प्रकृति र प्रतिवादीले वारदात घटाउन खेलेको भूमिकाको आधारमा गर्ने । फौजदारी कसुरमा किटानी जाहेरी दिने, सो जाहेरी दरखास्तलाई पुष्टि हुने तवरले मौकामा कागज गर्ने, जाहेरी र मौकामा कागज गर्नेहरूको भनाइलाई पुष्टि हुने हिसाबले घटनास्थल प्रकृति मुचुल्का र बरामदी मुचुल्का खडा भई यी तथ्यलाई पुष्टि हुने गरी सरकारी निकायबाट लास परीक्षण गरी दिएको प्रतिवेदन तथा वारदातको तथ्यको विपरीत हुने गरी सिलसिलेवार तवरले खडा भएको स्वतन्त्र प्रमाणको विरूद्ध हुने गरी जाहेरी दिने व्यक्ति, घटनास्थल प्रकृति मुचुल्काका मानिस र मौकाको कागज गर्नेहरूले अदालतमा उपस्थिति भई प्रतिकूल दिएको बयानलाई प्रमाणमा ग्रहण गरी वारदातको वास्तविक अवस्थालाई नजर अन्दाज गरी प्रतिवादीलाई सहयोग हुने हिसाबले प्रमाणको हल्का मूल्याङ्कन गर्नु फौजदारी पीडित शास्त्रको रोहमा समेत न्यायसङ्गत हुने नदेखिने ।

वारदातका प्रत्यक्ष साक्षीहरूले मौकामा व्यक्त गरेको भनाइ मिसिल संलग्न अन्य परिस्थितिजन्य प्रमाणले स्वतन्त्र र शंकारहित तवरले पुष्टि गरिराखेको अवस्थामा सो तथ्यको प्रतिकूल हुने गरी बकपत्र गर्दैमा मौकामा गरेको बेहोरा खण्डित नहुने । अनुसन्धानको क्रममा मौकामा सङ्कलन गरेको प्रमाणहरू मिसिल संलग्न अन्य स्वतन्त्र वस्तुगत प्रमाणहरूबाट वारदातको यथार्थतालाई समर्थन गर्दछ भने त्यस्तो अवस्थामा सङ्कलन गरेको प्रमाणको विपरीत हुने गरी कोही व्यक्तिले बकपत्र गर्दैमा सो बकपत्र प्रमाणमा ग्राह्य हुन सक्ने पनि नदेखिने ।

प्रस्तुत मुद्दाको वारदातमा मृतक र प्रतिवादीका बिच रक्सी खाने विषयमा झगडा भएको छ । झगडा भई तत्काल उठेको रिसबाट वारदात घटेको नभई दुवैजना आ-आफ्नो स्थानमा सुतिरहेको अवस्थामा पूर्वरिसइवीको कारण राति उठी धारिलो हतियारले निन्द्रामा रहेकी श्रीमतीलाई पटकपटक प्रहार गरेको पुष्टि भएको छ । यस्तो वारदातलाई हेलचेक्र्याइँ, लापरवाहीपूर्वक मनसायरहित तवरले भएको मान्न नसकिने ।

धारिलो हतियारले निधार जस्तो संवेदनशील अङ्गमा प्रहार गर्नु नै आफैँमा मार्ने मनसाय हो । यस्तो अवस्थामा मनसाय थियो वा थिएन भनी खोजिरहनु आवश्यक पर्दैन भनी यस अदालतबाट समेत सिद्धान्त प्रतिपादन भइसकेको अवस्था रहेको देखिने ।

होस नपुर्‍याई काम गरेको अवस्था स्थापित भएको छैन । आकस्मिक रूपमा प्रहार भएको भन्ने पनि देखिँदैन । हतियारले चोट निधारमा छोड्दा त्यसको परिणामको पूर्ण कल्पना गरी वारदात घटेको अवस्था रहेको छ । मृतकको शव परीक्षण प्रतिवेदन (Autopsy Report) बाट मृतकको मृत्युको कारणमा सोही हतियारको प्रहार भई (head injury subdural hemorrhage) हुन गएको उल्लेख छ । मृतकको देब्रे नाडी र देब्रे निधारमा चोट लागेको छ । हात र निधारमा पटकपटक प्रहार भएको देखिएको र सो हतियार स्वयं प्रतिवादीबाट बरामद भई सनाखत भएको अवस्था विद्यमान हुने ।

अत: माथि विवेचित आधार, कारण तथा मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान,

लासको प्रकृति, घटनास्थलको चित्र र शव परीक्षण प्रतिवेदनसमेतबाट मार्ने र मर्नेबिच भएको वारदातपूर्वको झगडा र सोही झगडाकै कारण उठ्न गएको रिस तथा इवीकै कारण खगिकुमारीउपर धारिलो हँसियाको प्रयोग गरी हत्या गरेको कसुरमा अभियोग मागदाबीबमोजिम प्रतिवादी मानबहादुर खत्रीउपर ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्नुपर्नेमा सुरू फैसला उल्टी गरी ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ.को ६(४) नं. बमोजिम एक वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१।४ को फैसला केही उल्टी हुने भई ज्यानसम्बन्धी महलको १ र १३ (१) नं. बमोजिम प्रतिवादी मानबहादुर खत्रीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

मुलुकी ऐन, अ.बं. १८८ नं. को राय

आफू दम तथा सुगरका रोगी भएका कारणले रक्सी नखाने प्रतिवादीले आफ्नो वृद्ध पत्नीले रक्सी सेवन गरेको विषयलाई राम्रो नमानी रक्सी नखाउभन्दा श्रीमतीले नमानेको र आफूले लगाएका सुनको गरगहनासमेत फाली दिएको अवस्था देखिन आएको हुँदा स्वाभाविक तवरले यी वृद्ध प्रतिवादी उत्तेजित भई सोच्ने, सम्झिने विचारमा सन्तुलन गुमाउन गई रातिको समयमा यही रिस आवेशबाट प्रेरित हुन गई सुतेको आफ्नो श्रीमतीलाई हत्या गरेको घटना विवरणले मार्नुपर्नेसम्मको पूर्वयोजना, पूर्वावस्था कतै रहे भएको नदेखिँदा समाजका ज्येष्ठ नागरिकको रूपमा वृद्ध जीवन एकाङ्की रूपमा बिताउन बाध्य र विवश भएका शोकमग्न प्रतिवादीलाई जन्मकैद गर्दा ऐनबमोजिम हुने सजाय चर्को पर्ने देखिएको हुँदा निज प्रतिवादीलाई ऐनले हुने सजायभन्दा कम सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुन जाने देखिएको र ज्येष्ठ नागरिक, दम र सुगरको रोगी भएको हुँदा निज प्रतिवादी मानबहादुर खत्रीलाई अ.बं.१८८ नं. बमोजिम निज थुनामा बसेको अवधिसम्म मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल कार्तिक ६ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०६९-WO-१२४७, उत्प्रेषण, पद्मिनी प्रधानाङ्ग वि. राष्ट्रपतिको कार्यालय शितल निवास, महाराजगन्जसमेत*

मिसिल संलग्न मिति २०७०/१/१६ मा गोरखापत्रमा प्रकाशित निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्नेसम्बन्धी निर्वाचन आयोग, नेपालको सूचनाको प्रतिलिपिको बुँदा नं. ५ मा *निवेदन दिने राजनीतिक दलमध्ये संवत् २०६४ सालमा निर्वाचित तत्कालीन संविधान सभामा प्रतिनिधित्व गर्ने दलहरूबाहेक अन्य राजनीतिक दलहरूले कम्तीमा दश हजार मतदाताको समर्थनसहितको हस्ताक्षरयुक्त निवेदन पेस गर्नुपर्ने* छ भनी उल्लेख भएको देखियो । सोबमोजिम स-शक्ति नेपाल पार्टीको संविधान सभामा प्रतिनिधित्व भएको प्रमाणसहितको निवेदन दर्ता गर्न गएको मिसिल संलग्न प्रमाण कागजबाट देखिएन । लोकतान्त्रिक शासन व्यवस्थामा संविधान र प्रचलित कानूनी व्यवस्थालाई सर्वोपरि मान्दै कार्य गर्नु निर्वाचन आयोगको कर्तव्य भएको हुँदा संविधान एवं प्रचलित कानूनअनुसारको कार्यविधि पूरा नगरी दल दर्ता गर्न मिल्ने पनि देखिँदैन । नेपालको संविधानअनुसार २०७४ सालमा प्रतिनिधि सभा प्रदेश सभा र स्थानीय तहको निर्वाचनसमेत सम्पन्न भइसकेको हुँदा निवेदकले उठाएका विषयको औचित्यसमेत समाप्त भइसकेको छ । निर्वाचन आयोगबाट भएको काम कारबाहीमा कुनै कानूनी त्रुटिसमेत देखिएन । यसरी कानूनको स्पष्टसँग उल्लङ्घनको अभावमा रिट क्षेत्र आकर्षित हुन सक्ने पनि नदेखिने ।

अतः विवेचित आधार कारणबाट निवेदकले

उठाएका विषयहरूको औचित्य र प्रासङ्गिकसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विनोद कुमार बनिया
इति संवत् २०७४ साल पौष २४ गते रोज २ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०६७-CI-०७५१, लेनदेन, चन्द्रकृष्ण प्रजापती वि. इश्वरी श्रेष्ठ*

प्रमाण ऐन, २०३१ को दफा २७(२) मा "प्रचलित नेपाल कानूनबमोजिम वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा सो कानूनबमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुने छ" भन्ने व्यवस्था रहेको छ। त्यस्तै मुलुकी ऐन, लेनदेन व्यवहार महलको ५ नं. ले "साँवा जम्मै बुझाउँदा असामीले सो सम्बन्धमा गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला नपरेमा सोही बेहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ" भनी कानूनी व्यवस्था गरेको पाइने।

उपर्युक्त कानूनी व्यवस्थाबमोजिम वादी दाबीको सम्पूर्ण रकम बुझाइसकेको भन्ने प्रतिवादीले जिकिर लिएपछि सो कुरा प्रमाणित गर्नु निजको नै दायित्व हुन जान्छ । प्रतिवादीले वादीलाई मिति २०६३।६।३० मा रू.२ लाख बुझाएको भर्पाई कागज पेस गरेका छन् । सोदेखि बाहेक बाँकी रकमसमेत बुझाएको निज प्रतिवादीले जिकिर लिए तापनि रकम बुझाएको अन्य कुनै भरपाइ पेस गरेको देखिँदैन। साथै उक्त लिखत कागज फट्टा गराएको अवस्था पनि छैन। केबल ऋण रकम चुक्ता गरिसकेको भन्ने प्रतिवादीको मौखिक जिकिर अन्य प्रमाणको अभावमा विश्वास गर्न योग्य देखिएन। यस्तो अवस्थामा मिति २०६०।८।१५ को लिखतअनुसारको रू.४,५८,०००।- मध्ये मिति ०६३।६।३० मा प्रतिवादीले रू.२,००,०००।– तिरेको देखिँदा सो रकम कट्टा गरी बाँकी रू. २,५८,०००।– सावाँ रकम र सोको कानूनबमोजिको ब्याज र कोर्ट फीसमेत वादीले प्रतिवादीबाट भराइलिन पाउने नै देखिने।

वादी इश्वरी श्रेष्ठले सुरू अदालतमा फिरादसाथ दाबीको लेनदेन लिखतबापत थप आय टिकट दस्तुर तिरी फिराद गरेकोमा उक्त आय टिकट दस्तुरको रकमसमेत प्रतिवादीबाट वादीले भरिपाउने ठहऱ्याई काठमाडौँ जिल्ला अदालतबाट फैसला भएको रहेछ। यी प्रतिवादीले पुनरावेदन अदालतमा पुनरावेदन गर्ने क्रममा वादीले सुरू अदालतमा तिरेको उक्त आय टिकट दस्तुरबापतको रू.९,१६०।- रकम र.नं. ३३४, मिति २०६५।११।१८ मा धरौटीको रूपमा राखेको देखिन्छ । लेनदेन लिखतको वैधानिकताको लागि वादीले तिरेको आय टिकट दस्तुर प्रतिवादीबाट भराइदिने कानूनी व्यवस्था नभएकोले सो आय टिकट दस्तुर वादीलाई भराउन मिल्दैन । पुनरावेदन अदालतबाट फैसला हुँदा आय टिकट दस्तुर प्रतिवादीबाट वादीलाई भराउन नपर्ने भनी फैसला भए तापनि सो आय टिकट दस्तुरबापत यी पुनरावेदक प्रतिवादीले पुनरावेदन अदालत पाटनमा राखेको धरौटी रकम निजले फिर्ता पाउने भन्ने सम्बन्धमा तपसिल खण्डमा बोलेको पाइएन । तसर्थ वादीले आय टिकट दस्तुरबापत तिरेको उक्त रकम प्रतिवादीले पुनरावेदन गर्दा धरौटीमा राखेको देखिएको र उक्त धरौटी रकम निज प्रतिवादीले फिर्ता पाउने नै हुँदा सो रकम पाउनुपर्ने भन्ने हदसम्मको प्रतिवादीको पुनरावेदन जिकिरलाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार प्रमाणहरूवाट प्रतिवादी चन्द्रकृष्ण प्रजापतिले मिति २०६०।८।१५ को लिखतबमोजिम वादी इश्वरी श्रेष्ठसँग लिएको रू.४,५८,०००।– मध्ये रू.२,००,०००।- बुझाइसकेको देखिँदा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी सावाँ रकम

रू.२,५८,०००।– र कानूनबमोजिम पाउने ब्याज र सोको कोर्ट फीसमेत निज प्रतिवादीबाट वादीले भराई पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

फैसला तयार गर्नेः- इ.अ. केदारनाथ पौडेल र शा.अ. कल्याण खड्का

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कार्तिक १३ गते रोज २ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-CI-१११६, निर्णय बदर दर्ता, पासाङ दोर्जे लामा वि. मालपोत कार्यालय, दोलखासमेत*

व्यक्तिका कानून प्रदत्त हक अधिकार हनन भएको अवस्थामा त्यसको प्रचलनको लागि विधायिकी कानूनद्वारा निश्चित हदम्यादको व्यवस्था गरिएको हुन्छ । हदम्यादलाई पक्षले आफ्नो सुविधाअनुकूल हुने गरी शङ्कुचन वा विस्तार गर्न मिल्दैन । कानूनमा व्यवस्थित हदम्याद नघाई दायर भएको फिरादबाट पक्षले कानूनी उपचार पाउन सक्दैन । प्रस्तुत सन्दर्भमा वादीको फिराद हदम्यादविहीन भनी प्रतिवादीले खण्डन गरेकोमा सुरू अदालतबाट इन्साफको रोहमा त्यसतर्फ समुचित व्याख्या विवेचना भएको पाइँदैन । हदम्याद, हकदैया एवं क्षेत्राधिकारको विषयमा वादी प्रतिवादीबिच मुख नमिलेको अवस्थामा अदालतले सर्वप्रथम ती कानूनी प्रश्नको निरूपण गरेर मात्र विवादको तथ्यभित्र प्रवेश गरी सम्बद्ध कानून र प्रमाणको आधारमा इन्साफ गर्नुपर्ने हुन्छ । वादी प्रतिवादीको बिच मुख नमिलेको विषयतर्फ मौन रही भएगरेका फैसलालाई कानूनसम्मत मान्न नमिल्ने।

विवादित जग्गा वादीको निजी हक भोगभित्रको हो वा सरकारी वनजङ्गल कायम हुने हो भन्ने मुख्य विवाद रहेको देखिन्छ । उक्त विवादको निरूपणको लागि प्रमाण बुझ्ने सिलसिलामा अदालतबाट नक्सा गर्ने आदेश भएकोमा सोको सूचना प्रतिवादी पक्ष सरकारी कार्यालयलाई दिएको देखिँदैन । अदालतले प्रमाण बुझ्दा वादी प्रतिवादी दुवै पक्षले उठाएका विषयको सम्बोधन हुने गरी गर्नुपर्ने कुरा न्यायको अन्तर्निहित मान्यता हो । एक पक्षीय रूपमा बुझिएका प्रमाणबाट मात्र ठहर निष्कर्षमा पुग्ने कार्यलाई न्यायोचित मान्न मिल्दैन । विवादित जग्गा फिल्डबुकमा जङ्गल उल्लेख भएको, अदालतको आदेशानुसार भई आएको नक्सा मुचुल्काबाट पनि उक्त स्थानमा प्रसस्त रूख बुट्यानहरू देखिएको अवस्थामा के कुन प्रमाणको आधारमा वादीको हक ठहर्ने हो भन्ने सम्बन्धमा सुरू जिल्ला अदालतबाट समेत सूक्ष्म अवलोकन विश्लेषण भएको देखिएन । तसर्थ विवादित विषयमा हदम्याद, हकदैया एवं क्षेत्राधिकारको प्रश्न निरूपण गरी आवश्यक प्रमाण बुझी पुन निर्णय गर्नु भनी सुरूमा पठाउने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, उल्लिखित तथ्य र विवेचनाको रोहमा हकदैया, हदम्यादसमेतको प्रश्नमा समेत विचार गरी फैसला गर्नुपर्नेमा सो नगरी भएको सुरू दोलखा जिल्ला अदालतको मिति २०६८।२।१० को फैसला उल्टी गरी हकदैया हदम्याद, क्षेत्राधिकारसमेतका विवादित विषयको निरूपण गर्नको लागि वादीबाट पेस भएका प्रमाणहरूको सम्बन्धमा प्रमाण ऐनले तोकेको कार्यविधि अवलम्बन गरी बुझी थप नाप नक्सा गर्नुपर्ने भए रीतपूर्वकको नाप नक्सासमेत गरी कानूनबमोजिम पुनः फैसला गर्नु भनी पक्षहरूलाई तारेख तोकी मिसिल दोलखा जिल्ला अदालतमा पठाइदिने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।११।२५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

इति संवत् २०७४ साल चैत्र ६ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७३-CI-११०८, जग्गा खिचोला चलन घर उठाई जग्गा खाली गरी चलन, प्रमोदप्रसाद सिंह वि. राम अवतार साह*

नाप नक्सा मुचुल्काबाट न. नं. ७ को ०-१-७.४० जग्गा वादी रामअवतार साहको कित्ता नं. ८८७ भित्रको निर्विवाद जग्गा देखिन्छ । न. नं. ६ को ०-०-१.५४ जग्गा वादीले आफ्नो कित्ता नं. ८८७ भित्रको जग्गा भएको र प्रतिवादीले उक्त जग्गा कस्को हो भन्न सक्दिन भनी नाप जाँच मुचुल्काको नक्सा कैफियतमा खुलाएको देखिन्छ । न. नं. ४ को ०-०-७ जग्गा कि. नं. ८८६ भित्रको भई रामबाबु साहको नाउँको देखिन्छ । उक्त न. नं. ६ मा बाटो भनी देखाइएको ०-०-१.५४ जग्गासमेत गरी जम्मा वादीको कि. नं. ८८७ मा जम्मा जग्गा विवरण ०-१-८.९४ जग्गा निर्विवाद रहेको देखियो । यस अवस्थामा अब विवादित न. नं. २ को ०-०-३.१४ जग्गाको सम्बन्धमा निर्क्यौल गर्नुपर्ने देखिने ।

विवादित न.नं. २ को जग्गामा रहेको ०-०-३.१४ समेत प्रतिवादीको जग्गामा जोड्दा वादीको कि.नं. ८८७ को दर्ता मुताबिक ०-१-१३ जग्गा क्षेत्रफल पुगेको देखिएन । अर्कोतर्फ, प्रतिवादीले साबिकमा गाउँपञ्चायतबाट प्राप्त गरेको प्लट नं. २९ र ३० मा निर्विवादित न. नं. १ को ०-०-९.०९ र न.नं. ३ को ०-०-१०.४२ जग्गा गरी जम्मा ०-०-१९.५१ जग्गा भएबाट समेत उल्लेख गरिएको क्षेत्रफल पुगेको देखियो । यसरी प्रतिवादीको निर्विवाद भोगको जग्गाबाट नै निजहरूले पाएको प्लट नं. २९ र ३० को जग्गाको क्षेत्रफल पुगेको देखिन्छ । विवादित न.नं. २ को जग्गासमेत गणना गर्दा मात्र वादीको साबिक कि.नं. ४०२ को जग्गाको क्षेत्रफल पुग्न जाने देखिँदा सो विवादित न.नं. २ को जग्गा वादीको कि.नं. ८८७ अन्तर्गत रहेको देखियो । वादीको जग्गाधनी प्रमाणपुर्जा र नक्सा जाँच मुचुल्काबाट समेत विवादित न.नं. २ को जग्गा प्रतिवादीहरूले खिचोला गरेको देखिन आउने ।

प्रतिवादीहरूले विवादित न.नं. २ मा फुसको कच्ची घर बनाई वर्षौंदेखि भोग गर्दै आएको भन्ने जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरूले उक्त जग्गामा घर बनाउने तयारी गरेकै अवस्थामा वादीले निषेधाज्ञा निवेदनसमेत दिएको भन्ने पाइन्छ । उक्त फुसको कच्ची घर निर्माण जहिलेसुकै पनि हुनसक्ने हुँदा प्रतिवादीहरूले २०३३ सालमा नै सो घर निर्माण भएको भन्ने प्रमाणित हुन सकेको अवस्था छैन । तत्कालीन मुलुकी ऐनको घर बनाउनेको महलको १ नं. घर बनाउँदा आफ्नो हक नपुग्ने जग्गा मिची घर बनाउन हुँदैन भन्नेसमेत कानूनी व्यवस्था गरेको छ । तसर्थ, प्रतिवादीहरूले आफ्नो हक नपुग्ने वादीको जग्गा खिचोला गरी फुसको कच्ची घर बनाई बसेको पुष्टि भएको देखिने ।

अतः विवेचित आधार कारणबाट वादी दाबीबमोजिम नाप नक्सा मुचुल्कामा अंकित न.नं. २ को ०-०-३-१४ जग्गा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई घर उठाई चलन चलाई पाउने ठहराएको सुरू जिल्ला अदालतको फैसला सदर गरी भएको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७६ साल कार्तिक २१ गते रोज ५ शुभम् ।

इजलास नं.९

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०६८-CR-०३२४, डाँका, जोनी लामासमेत वि. उत्तमबहादुर थापा मगरसमेत

काठमाडौं जिल्ला, खड्ग भद्रकाली गा.वि.स. वडा नं. १ स्थित जाहेरवालाहरूको घरमा मिति २०६३।११।१९ गते बिहान १:३० बजेको

समयमा प्रतिवादी उत्तमबहादुर थापा मगरसमेतका व्यक्तिहरूले घर परिवारलाई नियन्त्रणमा लिई कोठाको ढोका दराजसमेत फोडी रू.१२,२०,०००।- बराबरको धनमाल डाँका गरी लगेकाले निजहरूलाई कारबाही गरिपाउँ भनी राधेश्याम थापा तथा जोनी लामासमेतको किटानी जाहेरी दर्खास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । प्रतिवादीहरूमध्ये उत्तरे भन्ने उत्तम थापा मगर, गोपालबहादुर बम्जन, कमल थापा मगरले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवालाहरूको घरमा मिति २०६३।११।१९ गते चोरी गरेको भनी आरोपित कसुरमा साबित भए पनि अदालतमा बयान गर्दा डाँका गरेकोमा अस्वीकार गरेको अवस्था छ । प्रतिवादीहरू गोपालबहादुर बम्जनसमेतबाट चोरीको धनमाल बरामद भएको देखिन्छ । बरामदी धनमाल जाहेरवालाहरूले सनाखत गरिदिएको र उक्त धनमाल जाहेरवालाहरूले बुझी लिइसकेको पाइएबाट यी तीनजना प्रतिवादीहरू उत्तरे भन्ने उत्तमबहादुर थापा मगर, गोपालबहादुर बम्जन, कमल थापा मगरको उक्त वारदातमा संलग्नता भएको देखिन आउने ।

मुलुकी ऐन, चोरीको महलको ६ नं. मा **"चारजनाभन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार डाँकाको वारदात हुनको लागि कम्तीमा ५ जना व्यक्तिहरूको संलग्नतामा जबरजस्ती वा रहजनी चोरीमा लेखिएको रीतसँग हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको हुनुपर्छ । प्रस्तुत वारदातमा प्रतिवादीहरूमध्ये उत्तरे भन्ने उत्तमबहादुर थापा, गोपालबहादुर बम्जन र कमल थापा मगरको मात्र संलग्नता रहेको देखिन्छ । अन्य प्रतिवादीहरूले जाहेरवालाको घरमा वारदात मितिमा चोरी गरेको कुरा तथ्य युक्तियुक्त प्रमाणले पुष्टि भएको पाइएन । मिति २०६३।११।१९ को वारदातमा ३ जना प्रतिवादी मात्र संलग्नता रहेको पाइयो । यस्तो अवस्थामा ४ जनाभन्दा बढीको संख्या स्थापित हुन नसकेको स्थितिमा प्रस्तुत वारदातलाई डाँकाको वारदात हो भनी मान्न सकिने अवस्था रहेन । वारदातमा खुकुरी रडसहितको हातहतियार प्रयोग भई जबरजस्तीसँग जाहेरवालाहरूको घरमा धनमाल गरगहना चोरी गरेको अवस्था स्थापित भएको हुँदा प्रस्तुत वारदात चोरीको महलको ४ नं. बमोजिम जबरजस्ती चोरी गरेको अवस्था देखिने ।

मौकामा पक्राउ परेका प्रतिवादीहरू गोपालबहादुर बम्जनसमेतबाट रू.२,६२,३८८।– बराबरको धनमाल गरगहना बरामद भएको अवस्था छ । बरामदी धनमाल जाहेरवालाहरूले सनाखत गरिदिएको र उक्त धनमाल जाहेरवालाहरूले बुझी लिइसकेको मिसिल संलग्न कागजातबाट देखिन्छ । जाहेरी दरखास्तमा रू.१२,२०,०००।- भनी उल्लेख गरेको आधारमा मात्र सोहीबमोजिम रू.१२,२०,०००।- नै बिगो कायम गर्नु तथ्यसङ्गत हुँदैन । मौकामा बरामद भएको बिगो रू.२,६२,३८८।- नै प्रस्तुत वारदातमा जबरजस्ती चोरी गरेको पुष्टि भएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम बिगो र डाँकाको समेत वारदात कायम गरी सबै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादीहरूमध्येका आशिष भन्ने दिलबहादुर बम्जन, रोहित भन्ने रेतु थापा मगर र अमरबहादुर थापा मगरले सफाइ पाउने तथा प्रतिवादीमध्येका उत्तरे भन्ने उत्तमबहादुर थापा मगर र कमल थापा मगरलाई मुलुकी ऐन, चोरीको १४(२) नं. बमोजिम पहिलो पटक कायम गरी जनही १ महिना १५ दिन कैद तथा बिगो रू.२,६२,३८८।- को डेढी रू.३,९३,५८२।- जरिवाना

भई जरिवानाबापत कैदसमेत हुने र प्रतिवादीमध्येका गोपालबहादुर बम्जनको हकमा मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिम दोस्रो पटक कायम गरी ४ महिना १५ दिन कैद, बिगो रू.२,६२,३८८।- को डेढी रू. ३,९३,५८२।- जरिवाना भई सो जरिवानाबापत कैदसमेत हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।५।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सुरू अदालतले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतले गरेको फैसला सदर हुने ठहरे तापनि केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) (ख) मा कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) बमोजिम यस प्रकारको मुद्दामा रू.१,००,०००।- (एक लाख) भन्दा बढी जरिवाना हुन सक्ने अवस्था नभएकोले निज प्रतिवादीहरूलाई जनही रू.१,००,०००।- (एक लाख) जरिवाना हुन्छ । जरिवानाबापत कैद गर्ने प्रावधान मुलुकी अपराध संहिता, २०७४ मा रहेको नदेखिँदा जरिवाना असुल नभएको अवस्थामा कानूनबमोजिम हुने भएकाले जरिवानाबापत कैद हुने देखिन आउने । अन्य कुरामा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने । अरूमा तपसिलबमोजिम गर्नू ।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७७ साल मङ्सिर १५ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दामा यसैअनुसार फैसला भएको छ ।

- ०६८-CR-०५८०, फैसला, नरेशकुमार अग्रवाल वि. राजकुमार श्रेष्ठसमेत
- ०६८-CR-०४१३, डाँका चोरी, राजकुमार श्रेष्ठ वि. नेपाल सरकार
- ०६८-CR-०५८२, डाँका, नेपाल सरकार वि. राजकुमार श्रेष्ठ
- ०६८-CR-०५८१, डाँका, नेपाल सरकार वि. राजकुमार श्रेष्ठ
- ०६८-CR-०४११, डाँका, नेपाल सरकार वि. राजकुमार श्रेष्ठ
- ०६८-CR-०४१०, डाँका, राजकुमार श्रेष्ठ वि. नेपाल सरकार
- ०६८-CR-०४१२, डाँका, राजकुमार श्रेष्ठ वि. नेपाल सरकार

इजलास नं.१०

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल, *०७६-WH-०४१०, बन्दीप्रत्यक्षीकरण, कमल कोइराला वि. उदयपुर जिल्ला अदालत*

निवेदक परिवर्तित नाम गाइघाट-२ समेत २ जनाउपर उदयपुर जिल्ला अदालतमा लागु औषध (लुपिजेसिकसमेत) मुद्दाको अभियोग पत्र दर्ता भई मुद्दाको कारबाही प्रक्रिया अगाडि बढेको पाइयो । उक्त मुद्दामा उदयपुर जिल्ला अदालतबाट मिति २०७५।८।६ मा फैसला हुँदा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ (१)(झ) बमोजिम जनही दुई वर्ष कैद र रू. एक लाखको दरले जरिवाना हुनेमा यी प्रतिवादी १६ वर्ष उमेर पूरा भई १८ वर्ष पुगेको नहुँदा निजको कैदको हकमा मुलुकी अपराध (संहिता), २०७४ को दफा ४५ (४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई कैद सजाय ठहर भएको देखियो । सो फैसलाउपर यी निवेदकले चित बुझाई पुनरावेदन नै नगरी बसेको अवस्था पाइयो । हाल निवेदनमा पनि उक्त व्यवस्था २०७५/०८/०६ को फैसलालाई चुनौती दिएको पाइएन । निवेदकले

नै चुनौती नदिएको विषयमा प्रवेश गरी सो फैसलाको कानूनसम्मतताको विषयमा प्रस्तुत रिटबाट बोल्न मिल्ने नदेखिने।

निवेदकउपर साधिकार निकाय जिल्ला अदालतमा अभियोग पत्र दर्ता भई सो अदालतबाट कानूनको उचित न्यायिक प्रक्रिया अवलम्बन गरी मुद्दाको कारबाही तथा सुनुवाइको क्रममा कैद र जरिवाना दुवै सजाय हुने ठहरी फैसला भएको र सोही फैसलाबमोजिम सजाय भुक्तानको लागि यी निवेदक बालसुधार गृहमा रहेको देखियो। यसरी यी निवेदकले बालसुधार गृहमा रही कैद भुक्तान गरिरहेको अवस्थालाई गैरकानूनी थुना भन्न मिलेन। निजको उक्त थुनालाई गैरकानूनी भन्न नमिलेबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था नदेखिने।

निवेदकले लिएको कोभिड-१९ को महामारीको सन्दर्भमा यस अदालतको पूर्ण बैठकको मिति २०७६।१२।७ को निर्णयको आधारमा नाबालकलाई बालसुधार गृहबाट मुक्त गरी निजको आमाको जिम्मा लगाई पाउँ भन्ने जिकिरतर्फ हेर्दा, सो पूर्ण बैठकको निर्णयले बालबालिकालाई स्वस्थ र सुरक्षित राख्नको लागि बालबालिकाको अत्यधिक चाप रहेका बालसुधार गृहमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणबाट हुने खतरालाई मध्यनजर गर्दै उनीहरूको सर्वोत्तम हक, हित र सुरक्षाको लागि अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी उनीहरूका अभिभावकले निवेदन दिन सक्ने र त्यसरी निवेदन दिएको खण्डमा आवश्यक प्रक्रिया पूरा गरी अभिभावक वा संरक्षकको जिम्मा लगाउन सक्ने भन्ने पाइने।

उक्त निर्णयले बालसुधार गृहमा रहेका सबै बालबालिकाहरूलाई सोलोडोलो रूपमा उनीहरूका संरक्षक वा अभिभावकको जिम्मा लगाउने र बालसुधार गृह खाली बनाउने उद्देश्य नभई त्यहाँ रहेका हरेक बालबालिका विरूद्ध चलेको मुद्दाको प्रकृति, गम्भीरता, कसुरदारको पारिवारिक स्थिति, कसुर गर्दाको परिस्थिति, कसुरमा सो बालकको संलग्नता, पीडितको उमेर, निजलाई पुऱ्याएको क्षति, पीडितउपर पर्ने डर त्रास र खतराको अवस्था, भुक्तान गरेको सजायको अवधिसमेतका कुराहरू तथ्यपरक ढङ्गबाट केलाई सम्बन्धित जिल्ला अदालतले नै थुनामुक्त गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक निर्णय लिन सकुन् भन्ने अभिप्रायले सर्वोच्च अदालतबाट नीतिगत निर्णय भएको अवस्था देखिने।

निवेदक परिवर्तित नाम गाइघाट २ लाई भएको सजायमध्ये के कति भुक्तान भइसकेको छ र के कति भुक्तान हुन बाँकी रहेको छ भन्नेतर्फ हेर्दा, **"निज सुरू अनुसन्धानको सिलसिलामा मिति २०७५/३/१७ देखि प्रहरी हिरासतमा बसी अदालतको मिति २०७५/५/२० को आदेशले हालसम्म बालसुधार गृह सानोठिमी, भक्तपुरमा रहेको देखिँदा निज प्रतिवादी प्रहरी हिरासतमा बसेको मिति २०७५/३/१७ देखि नै कैद कट्टा गरी जरिवाना दाखिल गरे १ वर्ष ४ महिना कैदबापत २०७६/७/१६ सम्म थुनामा राखी निजलाई अन्य मुद्दाबाट तहाँ कार्यालयमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०७६/७/१७ मा थुनामुक्त गरिदिनू। जरिवाना दाखिला नगरे जरिवानाबापत ११ महिना ४ दिन कैद थप गरी अन्य मुद्दाबाट कैदमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०७७/६/२१ मा थुनामुक्त गरिदिनू"** भनी कैद म्याद सम्बन्धमा जिल्ला अदालत उदयपुरले बालसुधार गृह सानोठिमी भक्तपुरमा मिति २०७५/१०/२३ मा पत्राचार गरेको देखियो। यस हिसाबबाट निज निवेदकको १ वर्ष ४ महिनाको कैद अवधि मिति २०७६/७/१६ मा समाप्त भइसकेको देखियो। निजले रू. एक लाख जरिवाना नबुझाएकोले सो जरिवानाबापत थप ११ महिना ४ दिन अर्थात् मिति २०७६/७/१७ देखि २०७७/६/२१ सम्म कैद बस्नुपर्ने देखिएकोमा निजले मिति २०७६/७/१७

देखि हालसम्म ८ महिना १९ दिन भुक्तान गरिसकेको देखिने।

निवेदकले गरेको कसुर जघन्य, गम्भीर वा सामान्य कुन प्रकृतिको हो र निजले गरेको कसुरबाट कसैलाई पीडित बनाएको छ वा छैन भन्नेतर्फ हेर्दा यी निवेदकलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ (१) (झ) बमोजिम लागु औषधको कारोबारसमेतको कसुरमा २ वर्ष कैद र रू. १ लाख जरिवाना सजाय गरेकोमा कैदको हकमा मुलुकी अपराध (संहिता), २०७४ को दफा ४५ (४) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइले हुने १ वर्ष ४ महिना कैद सजाय ठहर भएको देखिन्छ। दफा १४ (१) (झ) को व्यवस्था हेर्दा **"माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि बिस लाख रूपैयाँसम्म जरिवाना"** हुनसक्ने देखिन्छ। मुलुकी अपराध संहिताले ३ वर्षभन्दा बढी १० वर्षसम्म कैद सजाय हुने कसुरलाई **"गम्भीर"** कसुरको वर्गमा राखेको देखिन्छ। यी निवेदकलाई भएको सजायको आधारमा हेर्दा निज निवेदकले **"गम्भीर"** प्रकृतिको कसुर गरेको देखिए तापनि निजले लागेको कैद सजाय भुक्तान गरी जरिवानाबापत थप भएको कैदको समेत दुई तिहाइभन्दा बढी कैद भुक्तान गरिसकेको अवस्था देखियो। त्यसैगरी निवेदकलाई लागु औषधको कारोबारसमेतको कसुरमा सजाय भएकोमा निज आफैँ नियमित लागु औषधको सेवनकर्तासमेत भई लागु औषधको कुलतमा फसिसकेको भन्ने बालमनोविद्को प्रतिवेदन रहेको भन्ने उदयपुर जिल्ला अदालतको फैसलामा समेत उल्लेख भएको देखिँदा निजले गरेको कसुरबाट अन्य व्यक्ति पीडित भएको पाइँदैन, बरू निज आफैँ पीडित भएको र उचित परामर्शको आवश्यकता रहेको पाइने।

नेपालको संविधानको धारा १६(१) मा भएको व्यवस्थाको आधारमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उद्देश्यले बनेको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १६(१) मा **"बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरूले काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने छ"** र १६(२) मा **"जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुने छ"** भनी उल्लेख भएको पाइन्छ। त्यसैगरी दफा ३६ को उपदफा १, २, ३ र ४ मा सजायसम्बन्धी व्यवस्था गर्दै १० वर्षभन्दा कम उमेरका बालबालिकाले गरेको कसुरमा कुनै सजाय नहुने र सोभन्दा माथिकाले कसुर गरेमा उमेरका आधारमा वर्गीकरण गरी १० वर्षदेखि १४ वर्षभन्दा कम, १४ वर्षदेखि १६ वर्षभन्दा कम र १६ वर्षदेखि १८ वर्षभन्दा कम उमेर गरी ३ समूहमा छुट्याई सजायको मात्रा पनि क्रमशः बढाउँदै लगी उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइसम्म सजाय हुने व्यवस्था गरेको देखिन्छ। त्यसैगरी दफा ३६(५) मा **"बाल अदालतले उपदफा (२), (३) वा (४) बमोजिम सजाय हुने ठहर भएको बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसुरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थितिसमेतलाई विचार गरी सर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप देहायका कुनै उपयुक्त निर्णय गर्ने छ"** भन्दै निम्नानुसारको विकल्पहरू उल्लेख गरेको देखिने।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट हाम्रो देश पनि अछुतो रहेको छैन। यसको संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न प्रत्येक व्यक्ति, समाज र राष्ट्रको उत्तिकै जिम्मेवारी रहेको छ। यसको निमित्त सकेसम्म शारीरिक सामाजिक

दुरी राख्नुपर्ने देखिन्छ। भौतिक संरचनाको अनुपातमा जनघनत्व बढी भएमा कोरोना भइरसको जोखिम बढ्ने सम्भावना अझ बढी रहन्छ । हाम्रो देशको बालसुधार गृहको अवस्था पनि यसको अपवाद रहन सक्दैन । सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु हामी सबैको दायित्व हुन्छ । यस अवस्थामा अत्यन्त जोखिममा रहेका वर्गहरू जस्तै कैदी, थुनुवा तथा सुधारगृहमा रहेका व्यक्तिहरूको सामाजिक दुरीको पनि सुनिश्चितता गर्न आवश्यक देखिन्छ । निवेदक रहेको सुधारगृह नै अहिले कोभिड-१९ को महामारीको कारणले असुरक्षित छ र बालबालिकाको हकमा अभिभावकले जिम्मा लिई सजाय स्थगन गर्न सक्ने कानूनी व्यवस्था छ भने यस्तो विषम परिस्थितिमा सङ्क्रमणको रोकथाम र जोखिम न्यूनीकरणको निमित्त कानूनबमोजिमको उपयुक्त विकल्प खोज्नुलाई अन्यथा मान्नुपर्ने नदेखिने।

कोरोना भाइरस (कोभिड-१९) को महामारीकै सन्दर्भमा यस अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकले **बालबालिकाका अभिभावकले आफ्ना बालबालिकालाई अदालतले खोजेको बखत उपस्थित गराउन मन्जुर गरी निवेदन दिएमा आवश्यक प्रक्रिया वा आदेश गरी त्यस्ता बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने व्यवस्था मिलाउने** भनी नीतिगत निर्णय गरेको, साथै यस अदालतबाट बालबालिकासम्बन्धी परेका ०७६-WH-०३७७ र ०७६-WH-०३२९ को रिट निवेदनमा पनि कैदमा रहेका बालबालिकाको सर्वोत्तम हितलाई दृष्टिगत गर्दै (कोभिड-१९) को जोखिमबाट बचाउने उद्देश्यले सुधार गृहको विकल्प खोजिनु उपयुक्त हुने भनी सिद्धान्तसमेत कायम भएको अवस्थामा प्रस्तुत विवादमा उदयपुर जिल्ला अदालतले आफूले गरेको सजाय आफैँले छुट गरी थुनामुक्त गर्न सकिने कानूनी व्यवस्था नरहेको भन्दै निवेदकको माग अस्वीकार गरेको देखियो । यसबाट कोभिड-१९ को महामारीको समयमा संविधानले प्रत्याभूत गरेको मौलिक हक एवम् बालबालिकासम्बन्धी ऐन, २०७५ को व्यवस्थाको साथै उपर्युक्त कुराहरूसमेतलाई विचार गरिएको नपाइँदा उदयपुर जिल्ला अदालतको मिति २०७७।३।१४ को आदेश कानून एवम् न्यायिक दृष्टिकोणले समेत त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको देखिने।

निवेदकको मुद्दाको प्रकृति हेर्दा कुनै व्यक्ति पीडित रहे भएको अवस्था नभएको र निवेदक मुद्दाको सुरूबाटै पुर्पक्षको निमित्त थुनामा रही निजलाई भएको सजायलाई “गम्भीर कसुर” को वर्गमा राख्न सकिने भए पनि निजले जिल्ला अदालतको फैसलाले ठहर भएको कैद १ वर्ष ४ महिना भुक्तान गरिसकेको र जरिवाना दाखिला नगरेकोले थप भएको कैद ११ महिना ४ दिनमध्ये ८ महिना १९ दिन बालसुधार गृहमा बिताइसकेको र अब २ महिना १५ दिन मात्र कैद भुक्तान हुन बाँकी रहेको देखिएकोले बाँकी रहेको कैदको हिसाबबाट यो सजाय “सामान्य कसुर” को अवधिभित्र पर्न आएको देखियो । तसर्थ, माथि उल्लिखित कुराहरूसमेतलाई दृष्टिगत गरी बालकहरूमा आएको सुधारबारे सजाय स्थगन वा स्वरूप परिवर्तन गर्ने विषयमा बालसुधार गृहको समेत राय लिई पुनः कानूनबमोजिम आदेश गर्नु भनी विपक्षी उदयपुर जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

इति संवत् २०७७ साल साउन ५ गते रोज २ शुभम्।

- यसै प्रकृतिको ०७६-WH-०४११, बन्दीप्रत्यक्षीकरण, लक्ष्मी (नानी) थापा वि. उदयपुर जिल्ला अदालत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री तेजबहादुर के.सी., *०७३-RB-००५२, ०७३-*

RB-०१७४, बैंकिङ कसुर, नेपाल सरकार वि. पुनम कायस्थ, समिर देवकोटा वि. नेपाल सरकार

बयान बेहोरासमेतबाट प्रतिवादी जाहेरवालाले सञ्चालन गरेको हेप्पी इन्टरनेसनलमा काम गर्ने कर्मचारी देखिन्छन्। कार्यालयमा कामकै सिलसिलामा जाँदा जाहेरवालाको टेबुलको घर्रा खुल्ला देखी चेक र दस्तखत नमूना भएको पत्रसमेत चोरी गरी उक्त चेकमा आफैँले फर्जी दस्तखत गरी विभिन्न मितिमा पटकपटक गरी ७,४०,०००।- निकालेको भन्ने देखिन्छ । जाहेरवालाको नाउँको उल्लिखित खाता नं.९६०१०१७५००२९४ का विभिन्न चेकहरू साटिएका छन्। पछिल्लो पटक मिति २०७२।०३।१३ मा प्रतिवादीले आफूसँग बचेको जाहेरवालाको चेक साट्न बैंकमा गएको अवस्थामा चेकमा भएको हस्ताक्षर (सही) मा शंका लागी बैंकका कर्मचारीले प्रहरी र जाहेरवालासमेतलाई सूचना गरेपछि यी प्रतिवादी पक्राउ परेको देखिन्छ । विशेषज्ञको रायअनुसार चेकमा भएका दस्तखत नमूना जाहेरवालाको दस्तखत नमूनासँग मिले भिडेका छैनन् । चेक चोरी गरी साटिएको रूपैयाँमध्येबाट खरिद गरेको भनिएका मोटर साइकल, मोबाइल र औंठी बरामद भएको अवस्था छ । सोही रूपैयाँमध्ये रू.१,५५,७८६।- एभरेष्ट बैंक नयाँ बजार बालाजुमा रहेको प्रतिवादीको खाता नं. ०२०००५०१२०८२७४ मा जम्मा रहेको भन्ने बैंकको पत्रबाट देखिएको छ । बरामदी समान खरिद गर्ने र बैंकमा जम्मा भएका उक्त रूपैयाँको अन्य स्रोत प्रतिवादीले देखाउन सकेको अवस्था छैन। उल्लिखित चेक साट्नका लागि यी प्रतिवादी दरबार मार्गमा रहेको नविल बैंकमा गएको कुरा CCTV Footage बाट पनि देखिएको छ । यस्तो अवस्थामा यी प्रतिवादी समिर देवकोटाको हकमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा २ को देहाय (क) अनुसार बिगो रू.७,४०,०००।- बराबर जरिवाना भई तजबिजी ६ महिनाको कैद सजायसमेत हुने बरामद भएको रू.२,९५,०००।- को पल्सर मोटरसाइकल, रू.३०,०००।- पर्ने मोबाइल र रू.२५,०००।- पर्ने सुनको औंठीसहितका बरामदी सामानहरू, एभरेष्ट बैंक नयाँ बजार बालाजु शाखामा रहेको प्रतिवादीका नाउँको खाता नं.०२०००५०१२०८२७४ मा जम्मा रहेको रू.१,५५,७८६।- र नपुग रू.२,३४,२१३।- समेत प्रतिवादीबाट जाहेरवालाले भरी पाउने ठहर गरी पुनरावेदन अदालत पाटन वाणिज्य इजलासबाट मिति २०७३।१।५ मा भएको फैसला मनासिब नै हुँदा अन्यथा गरिरहनु नपर्ने।

अर्को प्रतिवादी पुनम कायस्थको हकमा हेर्दा, प्रतिवादी पुनम कायस्थको नाममा चेक काटिएको र सो चोरीको चेकबाट भुक्तानी लिएको कुरामा विवाद नभएको अवस्थामा एउटै कसुर गरेको प्रतिवादीहरूमध्ये एउटालाई सजाय गर्ने र अर्कोलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला पुनम कायस्थलाई सफाइ दिएको हदसम्म त्रुटिपूर्ण हुँदा उक्त फैसला केही उल्टी भई पुनम कायस्थलाई समेत अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिने।

वादी नेपाल सरकारको तर्फबाट पेस भएको उक्त पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा यी प्रतिवादी पुनम कायस्थ अनुसन्धानको क्रममा पक्राउ परेको देखिँदैन । निजको नाउँमा अदालतबाट जारी भएको म्यादमा पनि निज उपस्थित भएको र आफ्नो तर्फबाट प्रतिवाद गरेको अवस्था छैन। यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश भई निजको नाउँमा जारी भएको म्यादमा पनि प्रतिवादी उपस्थित भएको अवस्था छैन। यी प्रतिवादीले अदालतबाट जारी भएको म्यादमा उपस्थित हुन नसकेको भए पनि वादी पक्षले निज विरूद्धको प्रमाण पेस गरी अभियोग मागदाबीबमोजिमको कसुर गरेको भनी पुष्टि एवं प्रमाणित गर्न सकेको पनि पाइँदैन । जाहेरवालाका चोरी भएका चेकहरूमध्ये एउटा चेक यी प्रतिवादी पुनम कायस्थको नाममा जारी

भएको देखिन्छ तर यी प्रतिवादी पुनम कायस्थले उक्त चेक चोरी भएको चेक हो र त्यसमा फर्जी हस्ताक्षर गरेर आफ्नो नाउँमा जारी भएको छ भन्ने विषयमा जानकारी हुँदाहुँदै चेकहरू सटही गरेको भन्ने देखिँदैन। निजलाई यो सम्पूर्ण विषयमा जानकारी हुँदाहुँदै चेक सटही गरेको हो भनी वादी पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । मिसिल अध्ययनबाट पनि त्यो देखिँदैन । फेरी समिर देवकोटाको अनुसन्धानको बयानबाट सो चेक काट्ने र सही गर्ने आफू नै हो भनी बयान गरेको अवस्था छ र निजबाट नै बिगो असुलउपर भएको स्थिति पनि छ। यस्तो अवस्थामा यी प्रतिवादी पुनम कायस्थको हकमा अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, विवेचित आधार कारण र प्रमाणसमेतबाट प्रतिवादी समिर देवकोटाको हकमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा २ को देहाय (क) अनुसार बिगो रू.७,४०,०००।- बराबर जरिवाना भई तजबिजी ६ महिनाको कैद सजायसमेत हुने प्रतिवादीबाट बरामद भएको रू.२,९५,०००।- को पल्सर मोटरसाइकल, रू. ३०,०००।- पर्ने मोबाइल र रू.२५,०००।- पर्ने सुनको औंठीसहितका बरामदी सामानहरू, एभरेष्ट बैंक नयाँ बजार बालाजु शाखामा रहेको प्रतिवादीका नाउँको खाता नं. ०२०००५०१२०८२७४ मा जम्मा रहेको रू.१,५५,७८६।- र नपुग रू.२,३४,२१३।- समेत प्रतिवादी समिर देवकोटाबाट जाहेरवालाले भरी पाउने र प्रतिवादी पुनम कायस्थले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०७३।०१।०५ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम्।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६९-WO-०८१४, उत्प्रेषण / परमादेश, कृष्णराज अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को लिखित जवाफ हर्दा, सार्वजनिक सडक ऐनको दफा ३ को अधीनमा रही सार्वजनिक हितको लागि तानसेन नगरपालिकाभित्रको सडक मार्गलाई वर्गीकरण गरी **बर्तुङ्ग-तानसेन-रिडी-तम्घास सडकको होलाङ्गदी मोडदेखि धरमपानी हुँदै ढुङ्गाखानीसम्मको सडकलाई सहायक मार्ग कायम गरी सो सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवैतिर १५।१५ मिटर सडक सीमा तोक्ने र सोही सडकको होलाङ्गदी मोडदेखि बसपार्क, गौरीशंकर आप्पुभिलेज हुँदै ढुङ्गाखानीसम्मको बाटोलाई शहरी मार्ग कायम गरी मिति २०६९।५।१८ को नेपाल राजपत्रमा सूचना प्रकाशित** गरिएको भन्ने देखिन्छ। उल्लिखित ऐनले निर्धारण गरेको सीमा बढीमा ३१ मिटर कायम गर्न पाउने व्यवस्था देखिन्छ। तर मिति २०६९।५।१८ को नेपाल राजपत्रमा प्रकाशित सूचनामा १५।१५ मिटर मात्र सडक सीमा तोकेको अवस्था देखियो । यसरी विपक्षी भौतिक योजना तथा निर्माण मन्त्रालयबाट १५/१५ मिटर सीमा तोक्ने कार्य कानूनसम्मत नै देखिने।

ऐनको अधीनमा रही सडकको विस्तार सडक सीमा तथा सडक मार्गहरूको विस्तार गर्दा व्यक्तिको घर जग्गा सडक मापदण्डभित्र रहेकोको अवस्थामा सरकारले उचित मुअब्जा तथा क्षतिपूर्ति दिएर गर्न सक्ने हुन्छ। यस्तो क्षतिपूर्ति तथा मुआब्जा प्रचलित कानूनबमोजिम निर्धारण हुने हुन्छ। विपक्षी सङ्घीय तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ हेर्दा, प्रचलित कानूनबमोजिम नगरपालिकाबाट नक्सा

पास गरी निर्माण गरिएका घर, टहराहरूको हकमा अनिवार्य रूपमा कानूनबमोजिमको क्षतिपूर्ति उपलब्ध गराएर सडक विस्तार गर्ने भन्ने उल्लेख गरेको देखियो । सडक सीमा तोक्ने कार्य कार्यकारिणीको क्षेत्राधिकारभित्रको विषय रहेको र नगरपालिका क्षेत्रभित्र कसलाई सहायक मार्ग र कसलाई सहरी मार्ग कायम गर्ने भन्ने विषय पूर्वाधारको विकासले निर्धारण गर्ने हुँदा यस्तो कार्य कार्यकारिणी क्षेत्राधिकारभित्रको विषय देखिएको, सडक निर्माणको कार्य भइसकेको नभई नेपाल राजपत्रमा प्रकाशित सडक सीमासम्बन्धी सूचना प्रकाशित भएकै मात्र कारणबाट निवेदकहरूको हकमा प्रतिकूल असर परेको भन्न मिल्ने नदेखिने ।

अतः उल्लिखित आधार कारणबाट सार्वजनिक सडक ऐनको अधीनमा रही भौतिक योजना तथा निर्माण मन्त्रालयबाट नेपाल राजपत्रमा प्रकाशित सूचना कानूनविपरीत नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७६ साल पुष २८ रोज शुभम् ।

४

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-०५७७, गैंडा मारी खाग बिक्री व्यवसाय गरेको, राजन प्रजा वि. नेपाल सरकार*

प्रतिवादीमध्येको देवराज कार्कीले यस अदालतमा दायर गरेको ०७१-CR-०६५४ को पुनरावेदन मिति २०७६।०१।२४ मा फिर्ता लिएको पेस भएको रेकर्ड मिसिलबाट देखिन्छ । अन्य प्रतिवादीहरूको हकमा निजहरूको पुनरावेदन नपरेको हुँदा सो सम्बन्धमा केही बोलिरहनु नपर्ने ।

पुनरावेदक प्रतिवादी राजन प्रजाको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा यी प्रतिवादी राजन प्रजाले आफू गैंडा मार्न नगएको भनी कसुरमा इन्कारी जनाई बयान बेहोरा लेखाएको देखिए तापनि प्रतिवादीमध्येको धोती माइला भन्ने डिलबहादुर प्रजा, मङ्गलबहादुर प्रजासमेतले यी प्रतिवादीसमेत भई निकुञ्जको अमृते पोष्टमा दुम्सी मार्न भनी गएकोमा दुम्सी फेला नपरेको तर अरूले मारेको गैंडा फेला परेकाले उक्त गैंडाको खाग काटी लगी बेचेको रूपैयाँ बाँडी खाएको भनी पोल गरी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूले प्रतिवादी राजन प्रजालाई अनाहकमा पोल्नुपर्ने कुनै कारण देखिँदैन । यो यस कारणले पोल गरेको भनी यी प्रतिवादीले भन्न र खुलाउन सकेको पनि पाइँदैन । चितवन राष्ट्रिय निकुञ्जको दुधौराखोलाको नदी तटीय वन र घाँसे मैदानको छेउमा खाग नभएको गैंडा मृत अवस्थामा फेला परेको भन्ने मिति २०५९।११।१२ को घटनास्थल प्रकृति मुचुल्कासमेतबाट देखिन्छ । उक्त मितिमा यी प्रतिवादीसमेत निकुञ्ज क्षेत्रमा गएको भन्ने निजको बयानसमेतबाट देखिँदा यी प्रतिवादीसमेतले गैंडाको खाग काटी लगी बिक्री गरी रूपैयाँ बाँडी लिएको भन्ने विषयमा विवाद देखिँदैन । प्रतिवादी धोती माइला भन्ने डिलबहादुर प्रजासमेतको बयान बेहोराबाट यी प्रतिवादीहरूले आफैँले गैंडा मारेको भन्ने नदेखिए पनि अरूले मारेको गैंडाको खाग काटी बिक्री गरेकोमा सहमति जनाई बयान गरेको देखिन्छ। कसैले खाग काटेको, कसैले बिक्री गरी ल्याएको र रूपैयाँ बाँडी खाएको भन्ने सहप्रतिवादीहरूको बयान बेहोराबाट देखिएको छ । निजहरूको बयान बेहोराबाट उक्त घटनास्थल प्रकृति मुचुल्का समर्थित भएको देखिन्छ । यी प्रतिवादीले मौकामा र अदालतमा समेत कसुरमा इन्कारी जनाई बयान गरेको भए तापनि अधिल्लो मुद्दामा कसुर स्वीकार गरेको देखिने ।

चितवन राष्ट्रिय निकुञ्चको दुधौराखोलाको नदी तटीय वन र घाँसे मैदानको छेउमा खाग नभएको गैंडा मृत अवस्थामा फेला परेको देखिएको, यी प्रतिवादीसमेत उक्त मितिमा बिनाइजाजत निकुञ्ज क्षेत्रमा प्रवेश गरेको र गैंडाको खाग काटी लगी बिक्री

गरी रूपैयाँ बाँडी खाएको देखिएको अवस्थामा यी प्रतिवादीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) विपरीतको कसुर अपराधमा ऐ.को दफा २६(१) बमोजिम १० (दश) वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने ठहर गरी चितवन राष्ट्रिय निकुञ्जबाट मिति २०६८।११।३० मा भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०३।१० को फैसला मनासिब हुँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी राजन प्रजाको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर गरी चितवन राष्ट्रिय निकुञ्जबाट मिति २०६८।११।३० मा भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।०३।१० को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृतः ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल माघ २४ गते रोज ६ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-WO-०३९८, उत्प्रेषण, राजेन्द्रकुमार महर्जन वि. मानबहादुर बोटेसमेत*

प्रतिष्ठानमा आगलागीको घटना भएको कारण यी विपक्षीसमेत उपर आगजनी मुद्दा चलेको देखिन्छ । मिति २०६८।१०।१४ मा यी विपक्षी मानबहादुर बोटेका छोरा विनोद बोटेको अगुवाइमा प्रतिष्ठानमा आउने पाहुनाहरूलाई भित्र प्रवेश गर्न नदिई क्याम्पको मुख्य गेटमा ताला लगाई दिएको कारण आवत जावत गर्न नसकी काम बन्द गर्नुपरेको, रासन पानी ओसार पसार गर्न नदिएको, स्टाफहरूसमेत सेनाको गाडीमा प्रतिष्ठानबाट फिर्ता हुनुपरेको भन्ने तथ्य श्रम अदालतको फैसलामा समेत उल्लेख भएबाट उक्त प्रतिष्ठान गम्भीर प्रकृतिको श्रम विवादको चरणबाट गुज्रिरहेको तथ्यमा विवाद देखिँदैन, तथापि आगजनी मुद्दामा यी विपक्षीसमेतले सफाइ पाएको र मिति २०६८।१०।१४ मा घटना हुँदा यी विपक्षी आगलागी मुद्दाको अनुसन्धानको क्रममा हिरासतमा रहेको कारण यिनै विपक्षीको उपस्थितिमा घटना भएको नदेखिएको भनी श्रम अदालतबाट मिति २०७१।३।६ को फैसलाबाट सेवामा पुनर्बहाली भएको देखिन्छ । यसरी आगजनीको घटना हुनु र सेनाको गाडीबाट अन्य कर्मचारीहरूलाई फिर्ता बोलाउने अवस्था सिर्जना हुनुबाट समग्रमा हेर्दा प्रतिष्ठानका केही कामदार कर्मचारी तथा व्यवस्थापनबिच अविश्वासको गहिरो खाडल सिर्जना भएको टड्कारै देखिएको छ । जोसुकैको संलग्नतामा भएको भएपनि व्यवसायको प्रकृति हेर्दा पाहुनाको आगमनमा भर पर्नुपर्ने व्यावसायिक प्रतिष्ठानमा पाहुनाको आवतजावतलगायत निजहरूलाई आवश्यक सेवा पुऱ्याउने कार्यमा बाधा पुऱ्याउनु, ढोका बन्द गरी रासन पानी ओसारपसार अवरोध गर्नु स्वीकार आचरण मान्न सकिँदैन। श्रम अदालतबाट उपर्युक्त तथ्य तथा त्यस्ता कार्यबाट प्रतिष्ठानलाई नियमित व्यवसाय सञ्चालन गर्नमा भएका अवरोधबारे तथा यी विपक्षीहरूलाई फैसला हुँदाको मितिमा कहाँ, के काममा पुनर्बहाली गर्न सकिने भन्ने कुनै विवेचना गरेको नदेखिने।

नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र टेम्पल टाइगर जंगल एन्ड रिसोर्ट प्रा.लि.का बिचमा चितवन राष्ट्रिय निकुञ्जभित्र पर्यटन व्यवसाय सञ्चालन गर्ने प्रयोजनार्थ मिति २०६६।९।२ मा भएको सम्झौताबमोजिम निवेदक कम्पनीले आफ्नो व्यवसाय

सञ्चालन गरी आएको देखिन्छ । उक्त सम्झौताको बुँदा नं.१ मा कम्पनीले होटल लज रिसोर्ट र पर्यटन व्यवसाय २०६९ साल आषाढ मसान्तसम्मका लागि मात्र सञ्चालन गर्न पाउने कुरा उल्लेख भएको देखिन्छ । निवेदक कम्पनीको मिति २०६९।२।१ गते बसेको सञ्चालक समितिको बैठकले सम्झौताको नवीकरण नभएमा के गर्ने भन्ने विषयमा व्यवस्थापक तथा कामदारबिच अन्तरक्रिया गर्ने भन्ने निर्णय भएको र मिति २०६९।२।२४ मा अब उप्रान्त सम्झौता नवीकरण नगरिने भन्ने जानकारी भएअनुसार होटल रिसोर्ट बन्द भएमा अन्य उपाय नहुने हुँदा कामदारलाई समूह बनाई कम्पनीबाट अवकाश दिने गरी सञ्चालक समितिबाट निर्णय भएको र अन्य सबै कर्मचारीहरूले त्यसलाई स्वीकार गरी हिसाब किताब फछ्र्यौट भई कामदार कर्मचारीहरूलाई विभिन्न मितिमा बाँकी भुक्तानी दिनुपर्ने रकमसहित अवकाश दिएको देखिन्छ । मिति २०६९।३।३१ गते होटल बन्द गर्ने भनी चितवन राष्ट्रिय निकुञ्जबाट निवेदक कम्पनीलाई जानकारी गराएको पत्रसमेत मिसिल सामेल भएको देखिन्छ । यसबाट यी विपक्षीलाई पुनर्बहाली गर्नु भनी भएको श्रम अदालतको फैसला मिति २०६९।३।३१ पश्चात् कार्यान्वयन हुन सक्ने अवस्थै नदेखिने ।

विपक्षीउपर श्रम ऐन, २०४८ ले तोकेको आचरण पालना नगरेको र निजका काम कारबाही उच्छृङ्खल भएको भनी निलम्बन, स्पष्टीकरण माग्नेलगायतका कार्य गरी प्रतिष्ठानको कारोबार बन्द हुनुपूर्व सेवाबाट अवकाश दिएको पाइन्छ । कम्पनी एउटा व्यावसायिक संस्था भएको र यस्ता व्यावसायिक संस्थाले आफ्नो उद्देश्य पूरा गर्नको लागि संस्थामा कार्यरत जनशक्तिबाट अनुकूल परिणामको अपेक्षा गरेको हुन्छ । रोजगारदाता प्रतिष्ठान र रोजगारबिच आ-आफ्नो दायित्व एवं कर्तव्यको सीमा रेखा तोकिएको हुन्छ । तोकिएको दायित्व र कर्तव्यबाट कुनै पनि पक्ष विमुख हुन मिल्दैन । यो प्रतिष्ठानको व्यवस्थापन तथा रोजगारीमा रहेका सबैलाई लागु हुने मान्यता हो । यदि यस्तो भएमा तोकिएको दायित्व र कर्तव्यबाट विमुख हुने पक्षउपर अर्को पक्षले कानूनी मार्गको प्रयोग गर्न सक्छ । विपक्षीले श्रम ऐनले तोकेको आचरण पालना नगरेको कारण संस्थालाई हानि नोक्सानी हुन गएकोले कारबाहीको प्रक्रिया अगाडि बढाएको भन्ने निवेदन बेहोराबाट देखिन्छ । तोकिएको आचरणविपरीत काम गरेको भनी विपक्षीसँग स्पष्टीकरण माग गर्दासमेत तोकिएको मितिभित्र स्पष्टीकरण नदिई आलटाल गरी आफ्नो बानी बेहोरा सुधार्नतर्फ नलागी आफ्ना उच्छृङ्खल गतिविधिलाई निरन्तरता दिएको भन्नेसमेतको आरोप लागेको देखिन्छ । यस अवस्थामा विपक्षी आफू कानूनी आचरणभित्र रहेको दाबी गरे पनि प्रतिष्ठानमा घटेको घटना सम्बन्धमा मौन बसेकोबाट आफ्नो भनाइ पुष्टि गर्न सकेको देखिँदैन । यस पृष्ठभूमिमा कम्पनीले विपक्षीलाई सेवाबाट हटाएको केही महिनामै कम्पनीको करार अवधि समाप्त भई प्रतिष्ठानको व्यवसाय नै बन्दपश्चात् विपक्षीको सेवा रोजगारी यथावत् रहनुपर्छ भन्ने मान्यता राख्न उचित हुँदैन । कारोबार नै बन्द भइसकेको प्रतिष्ठानमा पुनर्बहाली गर्नु भन्ने श्रम अदालतको फैसला कानूनसङ्गत भन्न सकिने नदेखिने ।

अतः निवेदक कम्पनीमा कार्यरत विपक्षीलाई श्रम ऐनले तोकेको आचरणविपरीतको कार्य गरेको भन्ने आरोपमा स्पष्टीकरण माग्नेलगायतका कानूनी कारबाही प्रक्रिया अगाडि बढाई अवकाशसम्म दिएको देखिएको अवस्थामा निवेदक कम्पनीको सम्झौताबमोजिम तोकिएको म्याद मिति २०६९।३।३१ मै समाप्त भई साबिकमा यी विपक्षी मानबहादुर बोटे कार्यरत रहेको प्रतिष्ठानको व्यवसाय बन्द भएको, वन तथा भू-संरक्षण मन्त्रालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनको पत्र संख्या ०६९/०७० च.नं. ०६ को होटल बन्द गर्नेबारेको पत्र मिसिल सामेल रहेको र तेस्रो

पक्ष नेपाल सरकारका कारण सम्झौता अवधि थप नभई प्रतिष्ठानको व्यवसाय सञ्चालन हुन नसक्ने अवस्था सिर्जना भएको अवस्थामा कम्पनीमा कार्यरत अन्य कामदारसमेतले आफूले पाउने सेवा सुविधा बुझी लिई सेवाबाट अवकाश (बहिर्गमन) भइसकेको सन्दर्भमा विपक्षीलाई श्रम ऐनले तोकेको आचरण पालना नगरी खराब आचरण गरेको भन्ने आरोप पुष्टि हुन नसकेकोले निवेदक कम्पनीको सेवाबाट हटाउने गरी भएको आदेश बदर हुने ठहऱ्याई मिति २०६९।३।३१ मा व्यवसाय बन्द भएपश्चात्को अवधिको पारिश्रमिक तथा अन्य सुविधा पाउने गरी सेवामा पुनर्वहाली हुने भनी श्रम अदालतबाट मिति २०७१।३।६ मा भएको फैसला कानून, न्याय र विवेकको आधारमा नमिलेको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल माघ ८ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको ०७१-WO-०३९९, उत्प्रेषण, राजेन्द्रकुमार महर्जन वि. युगनारायण कुमालसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-CI-००१७, मोही प्रमाणपत्र, जमल खदम मोमिन वि. राजकुमारी देवी*

पुनरावेदक वादीले मोही नामसारीको लागि दाबी गरेको कित्ता नं.२८६ को जग्गा नै यकिन हुन नसकेको, कुत बुझाएको भनिएको भरपाइबाट कित्ता नं. ६४ को जग्गा देखिएको अवस्था रहेकोमा कित्ता नं.६४ हाल दाबी गरिएको कित्ता नं.२८६ को जग्गा नै हो भन्ने कहीँकतैबाट प्रमाणित हुन आएको देखिँदैन। अचल सम्पत्तिको सम्बन्धमा विवाद रहेको अवस्थामा लिखित प्रमाणहरूबाट वादीको दाबीलाई समर्थित गरेको अवस्था नदेखिँदा सो मुद्दाहरू निर्णय नं. ३४५० ने.का.प. २०४५ अङ्क ५ मा उल्लिखित उत्प्रेषण र निर्णय नं. ८३८०, ने.का.प. २०६७ अङ्क ५ मा प्रतिपादित नजिरको सिद्धान्त प्रस्तुत मुद्दामा लागु हुन सक्ने अवस्था नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणहरूबाट सुरू भूमि सुधार कार्यालय, महोत्तरीको मिति २०६८।९।२४ गतेको निर्णय उल्टी गरी कि.नं.२८६ को जग्गामा निवेदक जमल खदम मोमिनको मोही कायम हुन नसक्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७०/६/७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष १० गते रोज ५ शुभम्।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CR-१४०१, मानव ओसारपसार, नेपाल सरकार वि. रामकृष्ण मेहतासमेत*

मिसिल संलग्न प्रमाण कागजातबाट प्रतिवादीले पीडितलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन निजलाई अपहरण गरी, बेहोस पारी, नाजुक स्थितिको फाइदा उठाई लगेको भन्ने अवस्था देखिँदैन । पीडितको प्रमाणित मौकाको बयानमा उल्लेख भएबाट पीडितलाई प्रतिवादीले किन्न, बेच्न वा वेश्यावृत्तिमा नै लगाउने उद्देश्यका लागि लगेको भन्ने तथ्य स्थापित हुन सकेको देखिँदैन र सोको वस्तुनिष्ठ प्रमाण पुऱ्याउने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोजन पक्षमा रहेकोमा विवादरहित स्वतन्त्र प्रमाणहरू पेस गरी पुष्टि गराउन सकेको पाइँदैन । यद्यपि पीडितलाई मोटरसाइकलमा हाली लैजाने क्रममा प्रहरीले पिछा गरेपछि प्रतिवादीले मोटरसाइकल छाडी भागेकोमा कुनै विवाद रहेको नदेखिँदा पीडितलाई भारदह चोक पुऱ्याइदिन्छु भनी मोटरसाइकलमा चढाई लाने क्रममा भारदहतर्फ नलगी

भारततर्फ लैजानुपर्ने कारण के थियो भनी यी प्रतिवादी रामकृष्ण मेहताले स्पष्ट भन्न नसकेको स्थितिसमेतबाट पीडितलाई भारततर्फ लैजाँदैको अवस्थामा भारत पुग्न नपाउँदै बिचमा अवरोध पर्न गएको कारण कार्य सम्पन्न हुन नसकेको देखिने।

प्रतिवादीको कसुर कार्यमा रहेको संलग्नतालाई विचार गरी ऐ. ऐनको दफा १५(१)(च) मा भएको **"शोषण गर्ने उद्देश्यले दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए २ वर्षदेखि ५ वर्षसम्मको कैद सजाय हुने"** भन्ने कानूनी व्यवस्था नै आकर्षित हुने देखियो। यस अवस्थामा आधार, कारण एवं विद्यमान कानूनी व्यवस्थासमेतको व्याख्या विश्लेषणबाट पीडितलाई यी प्रतिवादी रामकृष्ण मेहताले शोषण गर्ने उद्देश्यले लगेको ठहर गरी प्रतिवादीलाई दुई वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।८।१ को फैसला अन्यथा नदेखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीमध्येकी लक्ष्मी खड्काको हकमा निजको नाममा जारी भएको वारेन्टसहितको म्यादी पुर्जीका म्यादभित्र अदालतमा हाजिर नभई हालसम्म फरार रहेको देखिँदा निजको हकमा अ.बं.१९० नं. बमोजिम मुद्दा मुल्तबीमा राखिदिने गरी सुरू जिल्ला अदालतबाट मिति २०७२।१।२८ मा भएको फैसला मनासिब नै देखिने।

अतः उपर्युक्त तथ्य एवं घटनाक्रम रहेको प्रस्तुत वारदातमा उल्लिखित विवेचित आधार, प्रमाण तथा कारणबाट जाहेरी दरखास्त र सोलाई समर्थन गर्ने पीडितको मौकाको बयान कागज, पीडितलाई मोटरसाइकलमा हाली लैजाने क्रममा प्रहरीले पिछा गरेपछि प्रतिवादीले मोटरसाइकलसमेत छाडी भागेपछि निजको मोटरसाइकल घटनास्थलबाट प्रहरीले बरामद गरेको बरामदी मुचुल्का, प्रहरी कर्मचारीको प्रतिवेदन, बुझिएका व्यक्तिहरूले मौकामा गरिदिएको बयान कागज, वस्तुस्थिति मुचुल्काका मानिस एवं प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा भएको साबिती बयानसमेतका आधार कारणबाट पीडितलाई शोषण गर्ने उद्देश्यले निज पीडितलाई नेपाल भारत सीमा क्षेत्रसम्म ओसारपसार गरेको भन्ने अवस्था देखिँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम २(दुई) वर्ष कैद सजाय हुने ठहर गरी भएको साथै अर्का प्रतिवादी लक्ष्मी खड्काका हकमा मुलुकी ऐन, अ.बं.१९० नं. बमोजिम मुल्तबीमा रहने गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।८।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल पौष २ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री अनिलकुमार अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७५-WO-०२२४, उत्प्रेषण / परमादेश, विजयप्रसाद कुशवाहा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकलाई कर्मचारी समायोजन ऐन, २०७४ को दफा ५ बमोजिम समायोजन गरेको नभई दफा ११ बमोजिम कामकाज गर्न खटाइएको अवस्था हो। कर्मचारी समायोजन ऐन मुलुकमा आएको परिवर्तित शासन प्रणाली अर्थात् सङ्घीय शासन व्यवस्थाको तीनै तहका इकाइमा कर्मचारी व्यवस्थापन गर्ने प्रयोजनको लागि ल्याइएको विशेष ऐन हो। दफा ५ र दफा ११ फरक-फरक अवस्थामा लागु हुने व्यवस्था हुन्। दफा ११ कार्यान्वयन गर्ने सिलसिलामा दफा ५ मा भएको व्यवस्था बाध्यात्मकरूपमा पालना गर्नुपर्छ भन्ने देखिँदैन। विशेष परिस्थितिलाई सम्बोधन गर्ने

प्रयोजनको ल्याइएको विशेष ऐनका व्यवस्थालाई अन्य कानूनका व्यवस्थाले प्रतिकूल प्रभाव पार्ने देखिएमा विशेष ऐनकै व्यवस्था लागु हुने हुन्छ । यसरी विपक्षी स्वास्थ्य सेवा विभागले उक्त ऐनको दफा ११ बमोजिम निवेदकलाई कलैया अस्पताल, बाराबाट बुर्तिवाङ प्रा. स्वा.केन्द्र, बागलुङमा कामकाज गर्न खटाइएको निर्णय एवम् पत्र कानूनसम्मत नै रहेको देखिने ।

रिट निवेदकलाई कामकाज गर्न खटाइएको कार्यले निजलाई त्यस्तो कुनै अपूरणीय क्षति पुगेको देखिँदैन। निजले आफूलाई के कस्तो किसिमको के कति अपूरणीय क्षति भएको हो भनी वस्तुनिष्टरूपमा आफ्नो निवेदनमा दाबी लिन सकेकोसमेत देखिँदैन । कामकाज गर्न खटाइएको कार्यबाट रिट निवेदकले पाउने तलब भत्ता एवम् अन्य सुविधामा कटौती भएको र निजको पेसा एवम् रोजगारीमा प्रतिकूल प्रभाव परेकोसमेत भएको देखिँदैन । यस्तो अवस्थाको विद्यमानतामा रिट निवेदकलाई काजमा खटाउने कार्यबाट निजले दाबी गरेका माथि उल्लिखित संवैधानिक एवम् कानूनी हक अधिकारको हनन भएको भनी मान्न मिल्ने देखिने ।

निवेदकलाई कामकाज गर्न खटाइएको कार्य कानूनसम्मत रहेको तथा निजको संवैधानिक एवम् कानूनी हकको हनन नभएको भनी पुष्टि भएको र हाल यी रिट निवेदक बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङमा रिक्त दरबन्दी रहेको स्थानमा उपस्थित भई कार्यरत रहेको भन्ने निवेदकको कानून व्यवसायीबाट बहसको सिलसिलामा इजलाससमक्ष जानकारीसमेत गराइएको हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकले दाबी लिइएको विषय निष्प्रयोजित भइसकेको अवस्था छ । अतः यी रिट निवेदक विजयप्रसाद कुशवाहालाई कलैया अस्पताल, बाराबाट बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्र, बागलुङमा कामकाज गर्न खटाउनेसम्बन्धी विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०७५।५।४ को निर्णय र मिति २०७५।५।८ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी विपक्षीहरूका नाममा परमादेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम् ।

इजलास नं.१२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७३-WO-०१२७, उत्प्रेषण / परमादेश, लक्ष्मीनारायण मण्डलसमेत वि. जि.डि. फर्मास्युटिकल्स प्रा.लि., पर्सासमेत*

कुनै पनि प्रतिष्ठानले कामदारलाई काममा लगाउँदा श्रम ऐन, २०४८ ले निर्देश गरेको न्यूनतम मापदण्ड पूरा गर्नु पर्दछ । ऐनअनुसारको मापदण्ड पूरा नगरी काममा लगाएमा कामदारले सक्षम निकायमा उजुरी गर्न पाउने व्यवस्थासमेत उक्त ऐनले गरेको छ । प्रस्तुत विवादमा पनि व्यवस्थापकले श्रम ऐन, २०४८ को दफा ४ को पालना नगरी कामदारलाई नियुक्ति पत्र नदिई काममा लगाएको र न्यूनतम पारिश्रमिकबापतको पूरा रकम नदिएको भन्ने देखिन्छ। नियुक्ति पत्रले कामदार र प्रतिष्ठानबिचको सम्बन्धलाई निर्धारण गरेको हुन्छ । यी रिट निवेदकहरूलाई विपक्षी प्रतिष्ठानले नियुक्ति पत्र नदिई काममा लगाएको भए पनि निजहरूले काम गरेको अवधिको न्यूनतम पारिश्रमिकबापतको बाँकी रकम विपक्षी प्रतिष्ठानबाट भरी पाउने भनी श्रम कार्यालय, पर्साले गरेको निर्णयलाई श्रम अदालतले सदर गरी नियुक्ति दिने भन्ने हदसम्मको निर्णय उल्टी गरेको पाइन्छ। यसरी कामगरेको अवधिको पारिश्रमिकबापतको बाँकी रकम पाउने निर्णय भएपछि उक्त रकम फिर्ता लिन विपक्षी प्रतिष्ठानले निवेदकहरूलाई पत्राचारसमेत गरेको लिखित जवाफ र सोसाथ पेस भएको पत्रको प्रतिलिपिबाट देखिन्छ । प्रतिष्ठानमा काम गरेको अवधिलाई स्वीकार गरी निवेदकहरूलाई कामदारकै रूपमा मानी न्यूनतम पारिश्रमिकबापतको निजहरूको

बाँकी रकम फिर्ता पाउने भन्ने श्रम कार्यालयको निर्णय श्रम अदालतले सदर गरी सो हदसम्मको उक्त फैसला अन्तिम रहेको देखिन्छ । यसरी अन्तिम भएर रहेको श्रम अदालतको फैसलाले उक्त समयमा यी निवेदकहरू विपक्षी प्रतिष्ठानको कामदार रहेको भन्ने देखिइसकेको अवस्थामा नियुक्ति पत्र नलिएकै आधारमा निजहरू सो प्रतिष्ठानको कर्मचारी होइनन् भन्न सक्ने अवस्था रहँदैन । उक्त फैसलाले निवेदकहरू कामदार र विपक्षी प्रतिष्ठान रोजगारदाता रहेको भन्ने सम्बन्ध स्थापित गरी सकेको पाइने ।

निवेदकहरूले श्रम कार्यालयमा निवेदन दिँदा स्थायी नियुक्तिसमेत माग गरेको पाइन्छ । निजहरूको एक वर्षको अविच्छिन्न सेवा अवधि खुल्ने प्रमाण पेस हुन नआएकोले निवेदकहरूलाई स्थायी नियुक्ति दिन सकिएन भन्ने श्रम कार्यालयको निर्णयउपर निवेदकहरूको श्रम अदालतमा पुनरावेदन परेको देखिँदैन । उक्त निर्णयमा चित्त नबुझे तत्काल प्रचलनमा रहेको श्रम ऐनको दफा ७३(६) बमोजिमको निर्धारित म्यादभित्र श्रम अदालतमा पुनरावेदन गरी उपचार प्राप्त गर्ने हक यी निवेदकहरूलाई भएकोमा सो अवलम्बन गरेको देखिएन । यसरी हक स्थापित गराउने वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सोको अवलम्बन नगरी यस अदालतमा असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन दिएको पाइयो । वैकल्पिक उपचारको व्यवस्था रहेको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने देखिएन । साथै प्रस्तुत रिट निवेदनमा निवेदकहरूलाई असर पर्ने निर्णय श्रम कार्यालयबाट भएको र श्रम कार्यालयलाई यी निवेदकहरूले प्रस्तुत रिट निवेदनमा विपक्षीसमेत बनाएको नपाइने ।

अतः विवेचित कानूनी आधार र कारणसमेतबाट श्रम कार्यालयको मिति २०७१।२।२१ को निर्णयउपर पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था भई उपचारको वैकल्पिक व्यवस्था रहेको अवस्थामा यस अदालतमा असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदन जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: मेघनाथ चापागाँई

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७६ साल असार १७ गते रोज ३ शुभम् ।

इजलास नं.१३

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६८-CR-१२८२, नकबजनी चोरी, नेपाल सरकार वि. विवश थापासमेत*

प्रतिवादीहरू विवश थापा, साजन गुरूङ, सुरज गुरूङ, निर्मल सापकोटा र विक्रम गुरूङको अदालतमा पूर्ण इन्कारी रही गरेको बयानलाई समर्थन र पुष्टि हुने गरी निजहरूका साक्षीहरूले समेत अदालतमा आई बकपत्र गरेको पाइन्छ । प्रतिवादीहरूको घरको खानतलासी गर्दासमेत प्रस्तुत अपराधसँग सम्बन्धित चोरीका केही वस्तु फेला परेको अवस्था खानतलासी मुचुल्काबाट देखिन आएन । अभियोग दाबीको कसुर स्वीकार गरी साबिती बयान गर्ने दिलबहादुर ठाडाबाहेक अन्य प्रतिवादीहरूको हकमा कसुर अपराधसँग सम्बन्धित ठोस प्रमाणको अभाव रहेको देखियो । यसै सम्बन्धमा **विमलकुमार यादव वि. नेपाल सरकार (ने.का.प. २०७५, नि.नं. १०१४९ को, अङ्क १)** को डाँका मुद्दामा *"प्रमाणको भार शङ्कारहित तवरले दाबी पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादीले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा सहप्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानकै आधारमा कसुरदार ठहऱ्याउनु न्यायोचित नहुने"* भनी व्याख्या गरिएको पाइने ।

प्रमाण ऐनको दफा २५ अनुसार दाबी पुष्टि

गर्ने भार वादी पक्षमा रहने भएकोले प्रतिवादीहरू विवश थापा, साजन गुरूङ, सुरज गुरूङ, निर्मल सापकोटा, विक्रम गुरूङले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्नुपर्नेमा सो गर्न सकेको नदेखिँदा जाहेरी दरखास्त र सहप्रतिवादीले अदालतमा गरेको बयानकै आधारमा कसुरदार ठहऱ्याउनु न्यायोचित देखिँदैन । **नेपाल सरकार विरूद्ध कमल घर्ती मगरसमेत (ने.का.प. २०७५, नि.नं. १००९७, अङ्क ९)** को मुद्दामा समेत *"फौजदारी कसुरमा अभियुक्तहरूउपरको कसुर वादीले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्ट रूपमा व्यवस्था गरेको पाइन्छ । कसुर शङ्कारहित तवरले प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्ने"* भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसरी प्रमाणको अभावमा शंकाको सुविधा प्रतिवादीले पाउने नै देखिन्छ । प्रस्तुत सिद्धान्त र प्रतिवादीहरू विवश थापा, साजन गुरूङ, सुरज गुरूङ, निर्मल सापकोटा र विक्रम गुरूङ कसुरमा इन्कार रही गरेको बयान, अपराधसँग सम्बन्धित केही वस्तु फेला नपरेको भन्ने खानतलासी मुचुल्का तथा निजहरूका साक्षीहरूले निजहरूको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको अवस्थामा वादीले शङ्कारहित तवरले दाबी प्रमाणित गर्न प्रमाण पुऱ्याउनसमेत नसकेको देखिँदा चोरी जस्तो कसुर अपराधमा दोषी ठहर गर्न मिल्ने देखिएन । प्रतिवादीहरू विवश थापा, साजन गुरूङ, सुरज गुरूङ र निर्मल सापकोटालाई सफाइ दिने गरी पुनरावेदन अदालत बुटवल रूपन्देहीबाट भएको फैसला मिलेकै देखिने ।

मौकामा र अदालतमा कसुर अपराध स्वीकार गर्ने प्रतिवादी दिलबहादुर ठाडाको हकमा विचार गर्दा, जाहेरवालाले आफ्नो घरबाट बिगो रू.८६,५००।- बराबरको धनमाल चोरी भएको भनी जाहेरीमा उल्लेख गरी जाहेरी दिएकोमा प्रतिवादी दिलबहादुर ठाडाले जाहेरवालाको घरबाट नगद रू.४७,५००।– चोरी गरेको भनी कसुर अपराध स्वीकार गरेको देखिन्छ । यस अवस्थामा प्रतिवादी दिलबहादुर ठाडालाई मुलुकी ऐन चोरीको १४(१) नं. बमोजिम १$^{१}/_{२}$ महिना कैद र रू.९७५०।- जरिवानासमेत हुने ठहऱ्याई भएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६७।२।२४ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवल, रूपन्देहीको फैसलामा सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण र यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तसमेतको आधारमा यी प्रतिवादी दिलबहादुर ठाडाले स्वीकार गरेको रकम रू.४७,५००।– ठहर गर्नुपर्नेमा सुरू नवलपरासी जिल्ला अदालतले मुलुकी ऐन चोरीको १४(१) नं. बमोजिम १$^{१}/_{२}$ महिना कैद र बिगो रू.६५००।- कायम गरी सो बिगोको डेढी बढाई रू.९७५०।- जरिवाना गर्ने ठहर गरेको फैसलालाई पुनरावेदन अदालत बुटवलबाट सुरू फैसला सदर गर्ने गरेकोमा सो बिगो रू.६५००।– कायम गरी गरेको हदसम्म फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी दिलबहादुर ठाडालाई निजले चोरी गरेको भनी स्वीकार गरेको बिगो रू. ४७,५००।- बिगो कायम गरी निजलाई मुलुकी ऐन चोरीको १४(१) नं. बमोजिम १$^{१}/_{२}$ महिना कैद र ठहरेको बिगो रू. ४७,५००।-

को डेढी ७१,२५०।- जरिवाना हुने ठहर्छ । अन्य प्रतिवादीहरू विवश थापा, साजन गुरूङ, सुरज गुरूङ र निर्मल सापकोटाको हकमा अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।१।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल माघ २८ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री सुष्मालता माथेमा, *०७५-WH-०१७५, बन्दीप्रत्यक्षीकरण, कमलराज प्रसाई वि. प्रजिता भुर्तेलसमेत*

दाबीबमोजिम रिट निवेदकका भतिजा प्रज्योत प्रसाई तथा भतिजी प्रत्युषा प्रसाईलाई प्रत्यर्थीहरूले बदनियतपूर्वक, गैरकानूनी तवरले बन्दी बनाई राखेको अवस्था हो, होइन ? भन्नेतर्फ विचार गर्दा, प्रत्यर्थीमध्येकी मेरी भाइ बहारी नाता पर्ने प्रजिता भुर्तेल २०७३ सालमा क्यानाडाबाट नेपाल आई माइतबाटै बन्दीप्रत्यक्षीकरणको रिट म रिट निवेदक र मेरो भाइ, प्रत्यर्थीको पति पुरूषोत्तम प्रसाईका विरूद्धमा दर्ता गरी सर्वोच्च अदालतबाट मिति २०७३।५।६ मा छोराछोरी दुवैलाई निज प्रजिताकै संरक्षणमा दिने गरी रिट जारी भएकोले छोरा छोरी लिई निज माइतीघर कोटेश्वरमा बस्न थालिन्। तर सर्वोच्च अदालतको उक्त आदेशले म रिट निवेदकको परिवार तथा मेरो भाइलाई छोराछोरीसँग भेटघाट गर्न दिनबाट वञ्चित गरेको थिएन, उक्त आदेश प्रतिकूल छोराछोरीसँग भेटघाट गर्न मात्र दिइएन बल्की प्रत्यर्थी प्रजिताका बुबा आमा तुलसा भुर्तेल र भोगेन्द्र भुर्तेलसमेतको सहयोगमा छोराछोरी दुवैलाई हाम्रो परिवारको कुनै सदस्यलाई थाहा जानकारी नै नदिई बिना हाम्रो सरसल्लाह क्यानाडा लैजाने कार्य गरेको हुँदा म र मेरो परिवारसँग ती छोरा छोरीलाई बोलचाल, भेटघाट, सम्बन्ध, सम्पर्क गर्न नदिएको कार्यले निज छोराछोरीलाई बन्दी बनाई राखेको अवस्था देखिँदा छोराछोरीलाई यस अदालतमा उपस्थित गराई कानूनले तोकेको निर्धारित उमेरबमोजिम छोरीलाई नि:सर्तरूपमा र छोरालाई निजको सहमतिअनुसार मेरो जिम्मा लगाई छोराछोरीहरू विदेशमा लगी विदेशी नागरिक बनाउने, धर्म परिवर्तन गराउने जस्ता कार्य गर्न रोक लगाई पाउँ भनी मूलरूपमा रिट निवेदनमा दाबी लिएको अवस्था देखिन्छ । यस अदालतमा प्रत्यर्थीमध्ये प्रजिता प्रसाईले ०७३-WO-०००५ नं. मा दर्ता गराएको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी दिएको रिट निवेदनमा यस अदालतबाट मिति ०७३।५।६ मा **"विपक्षी पुरूषोत्तम प्रसाईको जिम्मामा रहेका बालक प्रज्योत प्रसाई र बालिका छोरी प्रत्युषा प्रसाईलाई आजैका मितिदेखि निजहरूकी आमा निवेदिका प्रजिता प्रसाई भुर्तेलले सुरक्षितसँग पालन पोषण गर्न गराउन, निजहरूको जिम्मा, स्वास्थ्य उपचारलगायत सबै कार्यहरू गरी छोराछोरीको अधिकतम एवम् सर्वोत्तम हित ग्राह्य अभिभावकत्व र प्राकृतिक संरक्षकत्व निवेदिकामा रहने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ"** भनी आदेश जारी भइसकेको अवस्था रहनुको साथै सो रिटमा निज बालबालिकासमेतलाई अदालतमा झिकाएर आमा बाबुमध्ये कोसँग बढी हेलमेल तथा खुसी देखिन्छन् भन्ने सम्बन्धमा बालमैत्री रूपमा बाल न्याय प्रणालीले निर्देशन गरेको कार्यविधि अनुरूप सोधनी गर्दासमेत इजलासले निक्यौंल गरी बुबाको औषत तुलनामा प्राकृतिक आमाले नै संरक्षकत्वमा प्राथमिकता पाउने भनी आदेश भएकोसमेत मिसिल संलग्न प्रमाणको रूपमा प्रेषित सो रिट निवेदनमा

भएको आदेशको प्रमाणित प्रतिलिपिबाट देखिने।

रिट निवेदकले निज छोराछोरीलाई प्रत्यर्थी प्रजिताले Canada लगेको हुँदा भेटघाटसमेत गर्न नपाउने अवस्था आएको भनी लिएको रिट निवेदन जिकिरतर्फ विचार गर्दा, यी प्रत्यर्थी प्रजिता तथा निजका छोराछोरीलाई यी रिट निवेदकका भाइ पुरूषोत्तम प्रसाई (पिता / पति) ले नै निज आफूले Canada को आवासीय भिसा प्राप्त गरेपछि १३/१०/२०१३ AD मा Visa दिलाउन स्वयं आफैँ Principal Applicant मा बसी Visa मा सहमति दिएको अवस्था यस अदालतमा निवेदक प्रजिता प्रसाई, प्रत्यर्थी पुरूषोत्तम प्रसाई भई चलेको (०७३-WO-०००५ नं. को) रिटमा निज पुरूषोत्तम प्रसाईले फिराएको हाल प्रमाणको रूपमा यस रिटको मिसिलमा संलग्न रहेको सो रिट (०७३-WO-०००५) निवेदनको लिखित जवाफको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । प्रत्यर्थीका पति पुरूषोत्तम प्रसाई आफैँ Canada को स्थायी आवासीय अनुमति लिएका व्यक्ति हुन् भन्ने बेहोरासमेत सो लिखित जवाफबाट देखिएको अवस्था छ । यस स्थितिमा निजले Canada मा रहेका निजका बच्चाहरूसँग कहिल्यै भेटघाट गर्न नै नपाउने अवस्थाको विद्यमानता रहन्छ भन्ने कुरा विश्वसनीय देखिएन । प्रत्यर्थीहरूले लिखित जवाफको साथ संलग्न गरी प्रेषित गरेको Canada को स्कुलको सिफारिसपत्र हेर्दा यी नाबालक प्रज्योत प्रसाई र प्रत्युषा प्रसाई Aug. 15, 2017 देखि हालसम्म Manmeet Singh Bhuller School, Calgery Alberta मा अध्ययन गरिरहेको तथा यी दुवै बच्चाहरूको नाममा Government of Canada ले Alberta Personal Health Card जारी गरिरहेको अवस्था मिसिल संलग्न कागजातबाट देखिएको छ । जसलाई रिट निवेदक तथा निजका पक्षबाट उपस्थित कानून व्यवसायीले अन्यथा भन्न सकेको अवस्थासमेत छैन । यसबाट प्रत्यर्थी प्रजिता प्रसाईले आफ्ना नाबालिक छोरा छोरीको सर्वोत्तम हित (Best Interest of the Child) अनुकूलकै कार्य गरिरहेको अवस्था देखिने।

साथै पति / पिता पुरूषोत्तम प्रसाइ स्वयंले २०७३ भाद्र २१ गते छोरा छोरी आफ्नो संरक्षणमा राखिपाउँ भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २० अन्तर्गत काठमाडौं जिल्ला अदालतमा निवेदन दर्ता गरी हाल सो निवेदन विचाराधीन अवस्थामा रहेको मिसिल संलग्न कागजातहरूबाट देखिँदा सो विषयमा सोही निवेदनबाट कानूनबमोजिम हुने नै हुँदा निवेदकले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट मुलुकी देवानी संहिता, २०७४ को दफा ११५(५) बमोजिम बच्चाको उमेरलाई आधार देखाई बच्चा आफ्नो जिम्मामा रहन पाउनुपर्ने भनी लिएको दाबी सम्बन्धमा यस बन्दीप्रत्यक्षीकरणको रिटबाट बोल्न मिल्ने नदेखिने।

साथै रिट निवेदकले आफ्ना बच्चाहरूलाई नेपाली नागरिकबाट विदेशी नागरिक बनाउने तथा धर्म परिवर्तनसमेत गराउने भनी लिएको अर्को दाबीतर्फ विचार गर्दा, प्रस्तुत दाबीसमेत बन्दीप्रत्यक्षीकरण रिटको रोहबाट निरूपण हुन सक्ने विषय नहुँदा सो सम्बन्धमा समेत केही बोलिरहन पर्ने देखिएन। तसर्थ, रिट निवेदक तर्फबाट उपस्थित हुनुभएका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सक्ने स्थिति नरहने।

प्रत्यर्थी प्रजिता प्रसाईले यस अदालतबाट पाएको अभिभावकत्व र संरक्षकत्वको आदेशपश्चात् आफ्ना बच्चाहरू क्यानडामा लगी, क्यानडामा बच्चाहरू लिई बसी शिक्षा दीक्षासमेत दिइरहेको, **अन्यथा प्रमाणित नभएसम्म नाबालकको निम्ति आमा प्राकृतिक र कानूनी संरक्षक (Natural and**

Legal Guardian) नै हुने हुँदा अन्यथा भन्न सक्ने अवस्था नरहने भनी यस अदालत **पूर्ण इजलासबाट** निवेदक विवेक चालिसेसमेत वि. सल्यवती चालिसेसमेत भएको बन्दीप्रत्यक्षीकरणको रिट (ने.का.प.२०६१, अङ्क ६, नि.नं.७३८९) मा कानूनी सिद्धान्त प्रतिपादन भइरहेको अवस्थासमेत देखिने।

अतः माथि उल्लिखित आधार कारणहरू तथा प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारमा बन्दीको अवस्था स्थापित भएको नहुँदा रिट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : राजु पराजुली

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल जेठ १७ गते रोज ६ शुभम्।

इजलास नं.१४

मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री सुष्मालता माथेमा, *०७४-CR-०४३८, ०४३९, बहुविवाह, रोजिना तामाङ वि. नेपाल सरकार*

मनु तामाङ र जाहेरवाली इन्द्रकुमारी तामाङबिच लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद वा मिलापत्र भएको सम्बन्धमा हेर्दा, जाहेरवाली इन्द्रकुमारी तामाङ र प्रतिवादी मनु तामाङबिच लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी सुरू गोरखा जिल्ला अदालतबाट मिति २०७१।११।१४ मा मिलापत्र भएको मिसिलबाट देखिन आउँछ । जबकी प्रस्तुत बहुविवाह मुद्दाको जाहेरी मिति २०७१।०१।२८ गते परिसकेको छ। साथै मनु तामाङ र रोजिना तामाङले २०६७ सालमा दोस्रो विवाह गरेको कुरा अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा उल्लेख गरेको पाइन्छ । यस्तो अवस्थामा प्रतिवादी मनु तामाङ र जाहेरवालीबिच १० वर्षअगाडि विवाह भएको र उनीहरूबिच लोग्ने स्वास्नीको सम्बन्धमा कानूनबमोजिमको सम्बन्ध विच्छेद नभई तथा अंश लिई छुट्टी भिन्न पनि नभई २०६७ सालमा यी प्रतिवादी मनु तामाङले रोजिना (अधिकारी) तामाङलाई अर्को विवाह गरेको कुरामा विवाद रहेको देखिन आउँदैन । प्रतिवादीले रोजिना तामाङलाई २०६७ सालमा विवाह गरेको तथा जाहेरवालीले मौकैमा भनेको बेला नै कुनै लिखत कागजातको आधारमा थाहा जानकारी पाएको भन्ने तथ्यसमेत पुष्टि हुन सकेको पाइँदैन । तसर्थ कानूनतः जाहेरवाली जेठी श्रीमती घरमा हुँदाहुँदै प्रतिवादी रोजिना (अधिकारी) तामाङसँग दोस्रो विवाह गैरकानूनी भई बहुविवाहको कसुर गरेको कारणले पहिले गरेको कसुरको सजायबाट कसुरदारले छुट पाउन सक्ने अवस्था नहुने।

मुलुकी ऐन, विवाहवारीको महलको ९ र ९(क) नं. मा भएको कानूनी व्यवस्थाका तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादी मनु तामाङले निजको श्रीमती एवम् जाहेरवाली इन्द्रकुमारी तामाङसँग सम्बन्ध विच्छेद नगरी तथा निज अंश लिई छुट्टी भिन्न नभई वैवाहिक सम्बन्ध कायम रहँदारहँदै रोजिना तामाङसँग अर्को विवाह गरेको र प्रतिवादी रोजिना तामाङले पनि प्रतिवादी मनु तामाङको घरमा जेठी श्रीमती जाहेरवाली रहेको जानकारी हुँदाहुँदै निज प्रतिवादी मनु तामाङसँग विवाह गरेको हुँदा प्रतिवादीहरू मनु तामाङ तथा रोजिना तामाङलाई बहुविवाहमा कसुरदार ठहर गरी सोही महलको १० नं. बमोजिम सजायसमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला अन्यथा नभई मिलेकै देखिने।

अत: उल्लिखित आधार कारणबाट प्रतिवादीहरू मनु तामाङ र रोजिना तामाङलाई मुलुकी ऐन, विवाहवारीको १० नं. बमोजिम सजाय गर्नुपर्नेमा सुरू गोरखा जिल्ला अदालतले सफाइ दिने गरी मिति २०७१।१२।१ मा भएको सुरू फैसलालाई उल्टी गरी प्रतिवादीहरू दुवैजनालाई वादी दाबीबमोजिम मुलुकी ऐन, विवाहवारीको १० नं. बमोजिम जनही १(एक) वर्षका दरले कैद र जनही रू.५,०००।- (पाँच हजार) का दरले जरिवाना हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पोखराबाट भएको मिति २०७३।५।१३ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामानन्दप्रसाद अधिकारी

कम्प्युटर: समी नेपाली

इति संवत् २०७६ साल कार्तिक २० गते रोज ४ शुभम्।

इजलास नं.१५

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-१२०६, बहुविवाह, सुस्मा भुजसमेत वि. नेपाल सरकार*

आफ्नो लोग्नेले सुस्मा भुजलाई बहुविवाह गरेको भनी मौकामा किटानी जाहेरी दिएको र सो किटानी जाहेरी घटना विवरण कागज गर्ने मानिसहरूले खुलाई लेखाई दिएको बेहोरा तथा प्रतिवादी सुस्मा भुजको बाबुले गरेको कागजसमेतबाट प्रतिवादी अल्ताफ हुसेन मुसलमान र सुस्मा भुजले बहुविवाह गरेको तथ्य पुष्टि भइरहेको अवस्था प्रतिवादीहरूले गरेको इन्कारी बयान तथा जाहेरवालीले अदालतमा आई जाहेरीको प्रतिकूल गरेको बकपत्र विश्वासलायक देखिएको अवस्था नदेखिने।

निजै पुनरावेदकहरू प्रतिवादी भएको यसै मुद्दासँग लगाउमा रहेको जारी मुद्दामा गाउँ सर्जमिन मुचुल्कामा भएको देखिन्छ। उक्त सर्जमिन मुचुल्काका अधिकांश व्यक्तिहरूले सुस्मा भुजलाई अल्ताफ हुसेनले स्वास्नी बनाई भाडाको घरमा राखेका र निजले नै खाना खर्च दिई आएको भन्ने बेहोरा लेखाई दिएको पाइन्छ। सो भनाइबाट समेत निज पुनरावेदक प्रतिवादीहरूले बहुविवाह गरेको स्पष्ट देखिएको अवस्थामा सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

अतः उल्लिखित आधार कारणबाट समेत प्रतिवादी अल्ताफ हुसेन मुसलमानले अभियोग दाबीबमोजिम आफ्नो घरमा जेठी श्रीमती छँदाछँदै प्रतिवादी सुस्मा भुजसँग बहुविवाह गरी र घरमा जेठी श्रीमती भएको जानीजानी सुस्मा भुजले अल्ताफ हुसेनसँग बहुविवाह गरेको कुरा शंकारहित तवरबाट पुष्टि एवं समर्थन भएको हुँदा निज प्रतिवादीहरूलाई तत्कालीन मुलुकी ऐन, विहावारीको १० नं. बमोजिम जनही १ (एक) वर्ष ६ (छ) महिना कैद र रू.१०,०००।- (दश हजार) रूपैयाँ जरिवाना हुने ठहऱ्याई भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।२५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत उपसचिवः ताराप्रसाद डाँगी

फैसला लेखनमा सहयोग गर्ने उपसचिवः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CR-१२०७, जारी, सुस्मा भुजसमेत वि. सुनिल भुज

- ०७२-CR-११६०, अंश, सुस्मा भुज वि. सुनिल भुजसमेत

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७५-CR-०६०७, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. ईश्वरराज गिरीसमेत

ज्यानसम्बन्धी महलको माथि वर्णित १५ नं. मा स्पष्टसँग उल्लेख भएको तत्त्व "मनसाय" हो जसले उद्योगको सैद्धान्तिक पक्षसँग तादाम्यता राख्दछ । अर्थात् उद्योगमा पनि त्यही आपराधिक मनसाय रहनुपर्छ, जुन कर्तव्य ज्यानको कसुरको लागि आवश्यक हुन्छ । यहाँ निन्दित मनसाय, निर्ममता, दयाहीनता त्यही श्रेणीको हुनुपर्छ जुन कर्तव्य ज्यानमा हुन्छ । उद्योग ठहर्नको लागि केवल तयारी मात्र नभई अभियुक्तले वारदात घटाउने मनसायका साथ सोतर्फ गम्भीर प्रयास गरेको र सो कार्य खतरनाकरूपले पूर्ण अपराधको नजिक (Dangerous proximity to the end) हुनुपर्छ । अर्थात् ज्यानसम्बन्धीको १५ नं. मा उल्लिखित भाषामा भन्ने हो भने "मर्नेसम्मको काम" गर्दा पनि "कुनै कारणले" ज्यान मर्न नपाएको हुनुपर्छ। प्रतिवादीहरूले सडक निर्माण कार्यमा अवरोध गर्दा भएको विवाद झगडाको कारण पीडितमध्येका जाहेरवाला लक्ष्य तामाङलाई घा चोट लागेको भनी जाहेरीमा उल्लिखित बेहोरा पीडितहरूको बकपत्रको बेहोरा र प्रतिवादीहरूको बयान बेहोराबाट पीडितहरू र प्रतिवादीहरूबिच सामान्य वादविवाद भएको कारणले कुटपिटसम्म भएको कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ। पीडितहरूको ज्यान मार्ने गरी प्रतिवादीहरूको पूर्वतयारी र ज्यान मार्ने मनसायसमेत रहेको भन्ने कुरा पुष्टि गर्न सकेको पाइँदैन भने कसुर प्रमाणित गर्नको लागि यथेष्ट आधार प्रमाणहरू वादी पक्षले पेस गर्न नसकेको अवस्थासमेतबाट प्रतिवादीहरू ईश्वरराज गिरी, विनोद श्रेष्ठ, कुमार तामाङ, विनय श्रेष्ठ, निरज तामाङ, सुरेन्द्र श्रेष्ठ र रामकृष्ण श्रेष्ठसमेतले ज्यान मार्ने उद्योगको कसुर गरेको भन्न मिल्ने नदेखिने।

प्रतिवादीहरू ईश्वरराज गिरी, विनोद श्रेष्ठ, कुमार तामाङ, विनय श्रेष्ठ, निरज तामाङ, सुरेन्द्र श्रेष्ठ र रामकृष्ण श्रेष्ठसमेतले पीडितहरूलाई मार्नुपर्नेसम्मको इवी मनसाय के हो, मार्नुपूर्वको योजना, तयारी कस्तो थियो भन्ने विषय कहीँकतै नदेखिएको, पीडितहरूको घा जाँच केस फारामको विवरण हेर्दा Type of injury मा अङ्गभङ्ग नभएको, अङ्ग फोरिएको फुकालिएको नभएको, मर्ने वा नमर्ने भन्नेमा नमर्ने, Condition of Patient मा stable उल्लेख भएको देखिँदा पीडितको ज्यानै मर्नेसम्मको चोटपटक रहेको नदेखिको, प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबी प्रमाणित गर्ने भार वादीलाई भएकोमा वादी नेपाल सरकारले वस्तुनिष्ठ तवरबाट प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसुर गरेको प्रमाणित गराउन सकेको नदेखिँदा उच्च अदालत पाटनले प्रस्तुत मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुटपिटतर्फ परिणत गर्ने गरी र प्रतिवादी ईश्वरराज गिरीलाई अभियोग मागदाबीबमोजिम कसुरदार ठहर गरेको सुरू अदालतको फैसला प्रतिवादी ईश्वरराज गिरीको हकमा केही उल्टी गरी निज प्रतिवादी ईश्वरराज गिरीसमेतले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मनासिब नै देखियो। वादी नेपाल सरकारको पुनरावेदन जिकिर र उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीहरूबिच कुटपिट भई प्रतिवादीहरूकै चोटबाट पीडितहरू घाइते भएको देखिए तापनि निजहरूबिच पूर्वरिसइवी र ज्यान मार्नेसम्मको मनसाय रहेको

मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको, घाउ जाँच केस फारमबाट पीडितको शरीरमा लागेको घाउ चोटको प्रकृति ज्यान मर्नेसम्मको गम्भीर नभएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार कुटपिटतर्फ परिणत गर्नुपर्नेमा प्रतिवादी ईश्वरराज गिरीलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गर्ने गरेको हदसम्मको सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७३/०९/२८ को फैसला नमिलेकोले केही उल्टी भई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत हुने र प्रतिवादीहरू ईश्वरराज गिरीसमेतका विनोद श्रेष्ठ, कुमार तामाङ, विनय श्रेष्ठ, निरज तामाङ, सुरेन्द्र श्रेष्ठ र रामकृष्ण श्रेष्ठसमेतले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७४।०९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल मङ्सिर ४ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-११९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. जपेन्द्रबहादुर शाहीसमेत*

वारदातको दिन कार्यक्रममा जाने बहाना बनाई विभिन्न होटलमा मृतकलाई रक्सी सेवन गराई राति घर जाने बहानामा प्रतिवादीहरूले कुटपिट गरी सख्त घाइते बनाई खारखोलाको भिरबाट फाली त्यहाँबाट प्रतिवादी भक्तबहादुर ऐडी आफ्नो घरमा भागी गएको र जपेन्द्रबहादुर शाही भाग्ने क्रममा रक्सीको नसाले आफैँ लडी घाइते भएको भन्ने अभियोग दाबी लिएको देखिन्छ । मृतक र प्रतिवादीमध्येका जपेन्द्रबहादुर शाही सानैदेखिका मिल्ने साथी भएको र निजहरू र अर्का प्रतिवादी भक्तबहादुर ऐडीबिच वारदातको दिनसम्म कुनै झै-झगडा वादविवाद भएको भन्ने तथ्य मिसिल संलग्न कागजातबाट खुल्न आई पुष्टि भएको देखिँदैन । वारदातको दिन ध्वजबहादुर शाहीले दलित महिलालाई गाली गलौज गरेको विषयमा प्रतिवादी जपेन्द्रबहादुर शाही र मृतकको पहल प्रयासमा तोली प्रहरी चौकीमा झगडा मिलापत्र गराएको भन्ने कुरा स्वयम् जाहेरवालाको जाहेरी दरखास्तबाट देखिन आएको पाइन्छ । त्यसपछि मृतक प्रमुख अतिथि रहेको एच.आर.सी. को कार्यक्रममा मृतक र प्रतिवादी जपेन्द्रबहादुर शाहीसँगै उपस्थित रहेको देखिन्छ । कार्यक्रमपश्चात् आफ्नो स्वइच्छाले निजहरूले विभिन्न पसलमा र अन्तिममा प्रतिवादी भक्तबहादुर ऐडीको पसलमा गई रक्सी पिएपछि घरतिर जाने भनी दुवैजना हिँडेको केही समयपछि खारखोला भिरबाट पहिले प्रतिवादी जपेन्द्रबहादुर शाहीलाई बायाँ हात भाँच्चिएको र टाउकोमा चोट लागेको अवस्थामा उद्धार गरिएको र केही स्थान परबाट मृतकलाई गम्भीर घाइते भएको अवस्थामा फेला पारी उद्धार गरी उपचारको क्रममा निजको मृत्यु भएको देखिने ।

मृतकको मृत्य हुनुमा प्रतिवादीहरूको कुनै संलग्नता छ, छैन भन्नेतर्फ विचार गर्दा प्रतिवादीहरूले आरोपित कसुरमा पूर्ण इन्कार रही वारदातको बारेमा सिलसिलेवार रूपमा मौका र अदालतमा समेत बयान गरेको पाइन्छ । मृतकलाई प्रतिवादीहरूले मार्नुपर्नेसम्मको कारण, पूर्वरिसइवी, उद्देश्य, पूर्वतयारी, योजना र मृतकमाथि जोखिमी हतियारको प्रयोग जस्ता कुराको अभाव रहेको देखिन्छ । जाहेरवालाले पहिलो जाहेरी दिँदा प्रतिवादी जपेन्द्रबहादुर शाहीसँगै बसी रक्सी खाएको कारण निजउपर समेत शंका गरी अनुसन्धान गरिपाउँ भन्ने जाहेरी दिएको पाइन्छ भने दोस्रो पुरक जाहेरीमा प्रतिवादीहरूले मार्ने योजना

बनाई रक्सी खुवाई कुटपिट गरी भिरबाट फालेको भन्ने दाबी गरे तापनि प्रतिवादीहरूसँग पूर्वरिसइवी रहेको र वारदातको दिन मृतक र प्रतिवादीहरूबिच झगडा भएको भन्ने कुनै तथ्यगत प्रमाणले जाहेरवालाको जाहेरी बेहोरा पुष्टि गर्न सकेको देखिँदैन । पहिलो जाहेरी दिँदा प्रतिवादीहरूउपर किटानी जाहेरी नदिएको र सँगसाथमा रहेको कारण निज प्रतिवादीबाट खुलाउन लगाई अनुसन्धान गरिपाउँ भन्ने जाहेरी दिएकोमा पछिल्लो जाहेरीमा किटानी गर्नुपर्ने आधार तथ्य के हो ? खुल्न आएको छैन । पहिले नै प्रतिवादीउपर किटानी जाहेरी दिनु नपर्ने आधार अवस्था कारण केही खुल्न आएको देखिँदैन । मृतकको शव परीक्षण प्रतिवेदनमा Blunt Force Injury to head, chest and back भन्ने उल्लेख भएको र मृतकको लासको पिठ्युँ निधार शरीरका विभिन्न भागमा खोस्रिएको घाउ रहेको भन्ने लासजाँच प्रकृति मुचुल्कामा देखिएको तथ्यलाई अनुमानको भरमा प्रतिवादीहरूको कुटपिटका कारणबाट नै भएको हो भनी भन्ने कुरा शंकारहित तवरबाट मिसिल संलग्न प्रमाणबाट पुष्टि र प्रमाणित नभएको अवस्थामा मृतक भिरबाट लड्दाको परिणाम स्वरूप आएको शव परीक्षण प्रतिवेदन र लासजाँच प्रकृति मुचुल्का हो भनी मान्नुपर्ने देखिने ।

जाहेरवालाले अदालतमा बकपत्र गर्दा घटनास्थलमा पुग्दा प्रतिवादी जपेन्द्रबहादुर शाही रोडको तलतिर खसेको, मृतक र प्रतिवादी खसेको ठाउँको दूरी करिब १५ मिटर फरक रहेको भनी उल्लेख गरेकोबाट यसरी प्रतिवादी जपेन्द्रबहादुर शाही स्वयम् मृतक लडेको भिरमा लडेको स्थितिले प्रतिवादीको इन्कारी बयानलाई बल पुगेको देखिन्छ । जाहेरवालाको अदालतको बकपत्रमा "हामी तीनजना दाजुभाई मृतक दाजुको खोजीमा घरबाट टर्चलाइट बलेको स्थानतिर पुग्दा टर्चलाइट नजलेको र हामीहरूले जोर जोरले बोलाउँदा कुनै प्रतिक्रिया नआएपछि हामीहरू आफ्नो घरतिर फर्कने क्रममा हामीहरूले घटनास्थलतर्फ फिर्ता भई हेर्दा प्रतिवादी जपेन्द्रबहादुर शाहीले भिरबाट हामीहरूलाई यता तलतिर आउ भनी भन्दा हामीहरू त्यहाँबाट सिधै तल खोल्सातिर गई हेर्दा मृतक दाजु घाइते अवस्थामा फेला पारेका हौं" भनी बेहोरा उल्लेख गरेको देखिँदा प्रतिवादीले मृतकसमेतलाई उद्धार गर्न आफू घाइते अवस्थामा पनि घटनास्थल देखाउन सहयोग गरेको पुष्टि हुन आएको देखिन्छ । यसरी जाहेरवालाको बकपत्रबाट पनि प्रतिवादीहरूको मृतकलाई कुटपिट गरी सख्त घाइते बनाई भिरबाट फाली मार्ने मनसाय र योजना नभएको र मार्नु नै पर्ने पूर्वरिसइवीसहितको कुनै कारण अवस्थासमेत कहीँकतैबाट पुष्टि भएको नदेखिने ।

मौकामा बुझिएका मानिसहरूले अदालतमा उपस्थिति भई बकपत्र गर्दासमेत प्रतिवादी जपेन्द्र शाही र मृतक वारदातको दिनसँगै मादक पदार्थ सेवन गरी रातमा मात्र घर फर्कने क्रममा एकान्त ठाउँमा पुगेपछि प्रतिवादीहरू दुवै मिली कुटपिट गरी बाटोबाट तल फालेका हुन् भनी लेखाई दिएका भन्ने वादी पक्षको जिकिर बेहोरातर्फ हेर्दा निजहरू वारदातको प्रत्यक्षदर्शी पनि नरहेको भनी निजहरूको अनुसन्धानका बखत गरेको कागज र अदालतसमक्षको बकपत्र बेहोरासमेतबाट प्रस्ट भएको परिस्थितिमा केवल अनुमान, शंका र अनिश्चित प्रमाणको आधारमा कसैलाई पनि दोषी करार गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने देखिएको स्थितिबाट वादी पक्षको पुनरावेदन सप्रमाण पुष्टि हुन सक्ने देखिएन । साथै मृतक एच.आर.सी. को बैठकबाट फर्केपछि प्रतिवादीहरूले मृतकलाई रक्सी खुवाएर मार्नुपर्नेसम्मको कारण, उद्देश्य र मनसाय रहेको भनी वादी पक्षले वस्तुनिष्ठ प्रमाणका साथ शंकारहित तवरबाट पुष्टि गर्न सकेको

नदेखिने।

त्यस्तै प्रतिवादीहरूको पोलिग्राफ टेस्ट गर्दासमेत मृतकउपर घटना घटाउनुमा निज प्रतिवादीहरूको कुनै भूमिका नरहेको भन्ने स्पष्ट हुँदा प्रतिवादीहरूउपरको अभियोग दाबी स्थापित भएको नदेखिएको स्थिति र उल्लिखित आधार कारणहरूसममेतबाट प्रतिवादी भक्तबहादुर ऐडीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू बाजुरा जिल्ला अदालतको मिति २०७३।८।२० को फैसला मिलेको देखिँदा सदर हुने र अर्का प्रतिवादी जपेन्द्रबहादुर शाहीउपरको अभियोग दाबी ठोस र शंकारहित तवरबाट पुष्टि नभएको अवस्थामा सफाइ दिनुपर्नेमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १४ नं. को कसुर कायम गरी १० वर्ष कैद गर्ने गरी भएको फैसला मिलेको नदेखिँदा सुरू बाजुरा जिल्ला अदालतको मिति २०७३।८।२० को फैसला निजको हकमा बदर भई प्रतिवादी जपेन्द्रबहादुर शाहीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी दुवै प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको उच्च अदालत दिपायलको फैसला मनासिब नै देखिने।

प्रतिवादी जपेन्द्रबहादुर शाह र मृतक बाल्यकालदेखिकै साथी रहेको, वारदातको दिन कार्यक्रम सकेपश्चात् निजहरू हार्दिकताका साथ विभिन्न ठाउँमा सँगै बसी रक्सी खाएको भनी उल्लेख भएको कुरामा दुवै पक्षको विवादरहित स्वीकारोक्ति र तथ्यसमेतबाट मृतक र प्रतिवादीबिच पूर्ववत् एवं तत्काल समयमा कुनै किसिमको कटुतापूर्ण सम्बन्ध रहेको भनी भन्न सकिएको पनि देखिँदैन। केवल शंका र अनुमानको भरमा कसैलाई दोषी करार गर्नु फौजदारी न्यायको सिद्धान्तअनुकूल मानिँदैन । कसैउपर अभियोग लगाउनु मात्र प्रयाप्त हुँदैन। त्यस्तो अभियोग दाबी पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षमा नै रहने हुन्छ। प्रस्तुत विवादमा वादी पक्षले आफ्नो अभियोग दाबी स्वतन्त्र र शंकारहित प्रमाणबाट खम्बिर गराउन नसकेको स्थितिमा अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर तथा सोही पुनरावेदन बेहोराबमोजिम गरिपाउन प्रयोजनार्थ प्रत्यर्थी झिकाई पाउँ भन्ने बेहोराको वादी पक्षको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि उल्लिखित तथ्य, आधार, प्रमाणहरू, कानूनी व्यवस्थासमेतका आधारमा सुरू बाजुरा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू जपेन्द्रबहादुर शाही र भक्तबहादुर ऐडीउपरको आरोपित कसुर पुष्टि हुने तथ्यगत स्वतन्त्र र विश्वसनीय प्रमाणको अभाव रहेबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी उच्च अदालत दिपायलबाट मिति २०७५।०२।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल मङ्सिर ४ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-११९७, ज्यान मार्ने उद्योग र डाँका, नेपाल सरकार वि. श्रीराम पन्तसमेत*

प्रतिवादीहरूले पीडित घाइतेलाई मार्ने उद्देश्यबाटै कुटपिट गरेको देखिँदैन। पीडितलाई मार्ने नै उद्देश्यबाट ३/३ जना प्रतिवादीहरूले हतियार प्रयोग गरी कुटपिट गरेको भए घाइते मात्र बनाई पीडितलाई छाडी जानुपर्ने अवस्था कारण केही देखिँदैन। साथै कुनै तेस्रो पक्षले हस्तक्षेप गरी मर्नबाट बचाएको कारणले पीडित बच्न गएको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य तथा प्रमाणहरूबाट पुष्टि हुन सकेको

देखिँदैन । पीडित जाहेरवाला र घटना विवरणको कागज गर्ने वादीका साक्षीहरूलगायत कसैले पनि अदालतसमक्षको बकपत्र बेहोरामा तेस्रो पक्षको हस्तक्षेपबाट पीडितहरूको ज्यान मर्न नपाएको हो भनी लेखाउन सकेको देखिँदैन । पीडितहरूको घाउजाँच केस फारामबाट पनि पीडितलाई मर्नेसम्मको घाउ चोट भएको देखिँदैन। घाउजाँच केस फारामको मर्ने वा नमर्ने भन्ने महलमा नमर्ने (not fatal) भनी उल्लेख गरेको देखिने।

यसरी उल्लिखित तथ्य र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा भएको कानूनी व्यवस्थामा स्पष्टसँग उल्लेख भएको अपराधको तत्त्व "मनसाय" हो, जसले उद्योगको सैद्धान्तिक पक्षसँग तादाम्यता राख्दछ । अर्थात् उद्योगमा पनि त्यही आपराधिक मनसाय रहनुपर्छ, जुन कर्तव्य ज्यानको कसुरको लागि आवश्यक हुन्छ। यहाँ निन्दित मनसाय, निर्ममता, दयाहीनता त्यही श्रेणीको हुनुपर्छ जुन कर्तव्य ज्यानमा हुन्छ। उद्योग ठहर्नको लागि केवल तयारी मात्र नभई अभियुक्तले वारदात घटाउने मनसायका साथ सोतर्फ गम्भीर प्रयास गरेको र सो कार्य खतरनाकरूपले पूर्ण अपराधको नजिक (Dangerous proximity to the end) हुनुपर्छ। अर्थात् ज्यानसम्बन्धीको १५ नं. मा उल्लिखित भाषामा भन्ने हो भने "मर्नेसम्मको काम" गर्दा पनि "कुनै कारणले" ज्यान मर्न नपाएको हुनुपर्ने।

पीडितहरू र प्रतिवादी श्रीराम पन्तको परिवारबिच जग्गाको सामान्य वादविवाद रहेको कारणले कुटपिटसम्म भएको कुरा पीडितहरू र प्रतिवादीहरूले स्वीकार गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ। पीडितहरूको ज्यान मार्ने गरी प्रतिवादीहरूको पूर्वतयारी र ज्यान मार्ने मनसायसमेत रहेको भन्ने कुरा पुष्टि गर्न सक्ने यथेष्ट आधार प्रमाणहरू वादी पक्षले पेस गर्न नसकेको अवस्थासमेतबाट प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने तर्कसँग सहमत हुन नसकिने।

यसरी मिसिल संलग्न तथ्य तथा कागज प्रमाणहरूबाट प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १५ नं. अन्तर्गतको नदेखिएको अवस्थामा जाहेरवाला तथा पीडितले ज्यान मार्ने उद्देश्यबाटै कुटपिट भएको हो भनी लेखाएको आधारमा मात्रै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुरदार ठहऱ्याउनु कानून तथा न्यायको रोहमा मिल्ने नदेखिने।

उल्लिखित कानूनी व्यवस्थाको आधारमा पुनरावेदक वादी नेपाल सरकारको प्रतिवादीहरूले डाँका गरेको भनी लिएको पुनरावेदन जिकिरतर्फ, विचार गर्दा मुलुकी ऐन चोरीको महलको १ नं. विपरीत ६ नं. को कसुरमा १४ नं. बमोजिम सजायसमेत गरिपाउँ भन्ने अभियोग दाबी रहेकोमा डाँकाको दाबी पुग्न नसक्ने गरी भएको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । जाहेरवालाको जाहेरी दरखास्तमा तथा पीडितहरूको कागज बेहोरामा प्रतिवादीहरूले कुटपिट गरी बेहोस बनाई पीडित प्रकाश बिडारीसँग रहेको १.५ तोलाको नम्बरी सुन चेन डाँका गरेर लगेको भनी लेखाएको भए पनि प्रतिवादीहरूले पीडितको साथबाट सुन चेन डाँका गरी लगेको कुरा वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। सुन चेन डाँका गरेको भने तापनि उल्लेख भएको उक्त सुनको चेनको अस्तित्व रहेको भन्ने प्रमाण पेस हुन सकेको पनि देखिँदैन । उक्त डाँका भएको भनिएको सुनको चेन प्रतिवादीहरूको साथबाट बरामद भएको पनि देखिँदैन । डाँका गरिएको चेनको सम्बन्धमा पूर्ण विवरणसहित यो यस्तो प्रकारको चेन यो यस मितिमा खरिद गरेको हो भनी बिलसमेत पेस हुन आएको देखिँदैन साथै चेन खोसी लिँदा घाँटीमा कुनै घाउ चोटपटकसमेत रहेको देखिँदैन । उक्त चेन

प्रतिवादीहरूमध्ये को कसले के कसरी खोसी लिएका हुन् भनी सोसमेत प्रस्ट रूपले जाहेरवालाबाट खुल्न आएकोसमेत नदेखिने।

प्रतिवादीहरूले मौकामा तथा अदालतमासमेत डाँकाको कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। पीडितहरू तथा जाहेरवालाको भनाइ कुनै पनि स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन सकेको देखिँदैन। उक्त डाँका भएको कुरालाई वादी पक्षले शंकारहित तवरबाट विवादरहित प्रमाण पेस गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि प्रमाणित हुन आएको नदेखिको अवस्थासमेतबाट वादी दाबीबमोजिम डाँकातर्फको दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था देखिँदैन। त्यसैले अभियोग दाबी नपुग्ने गरी भएको फैसला बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र सोही पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार कारण र मिसिल संलग्न प्रमाणहरूबाट कुटपिटको वारदातसम्म स्थापित हुन आएको हुँदा, मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. विपरीत १५ नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम प्रतिवादीहरू जयराम पन्त र श्रीराम पन्तलाई ५(पाँच) वर्ष कैद सजाय हुने ठहर्‍याई भएको सुरू धादिङ जिल्ला अदालतको मिति २०७४/१०/०८ को फैसला केही उल्टी भई प्रतिवादीहरू जयराम पन्त र श्रीराम पन्तलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १५ नं. तथा ऐ.चोरीको १ र ६ नं. बमोजिमको कसुरमा ऐ.१४(३) नं.बमोजिम कसुर कायम गरी प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर गरी अभियोग दाबीबाट सफाइ पाउने ठहर र वारदातको प्रक्रियाबाट कुटपिटको वारदात देखिन आएकोले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम पीडित पक्षले सकार गरे प्रस्तुत मिसिल प्रमाणबाट सोतर्फ कारबाहीसमेत हुने ठहर गरी भएको भएको उच्च अदालत पाटनको मिति २०७५।४।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रकाशदत्त भट्ट

इति संवत् २०७६ साल मङ्सिर ४ गते रोज ४ शुभम्।

इजलास नं.१६

१

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७१-CI-०९२८, जग्गा खिचोला कम्पाउन्ड हटाई चलन, सहजान खातुन वि. डम्बरबहादुर बस्नेत*

वादी डम्बरबहादुर खड्काको नाम दर्ताको कि.नं. १८१२ को जग्गाको क्षेत्रफल ०-०-१५ रहेको दर्ता स्रेस्ताबाट देखियो। मिति २०६८।१२।९ को नापी कार्यालय सुनसरीले ट्रायल चेक गरी पठाएको पत्रबाट कि.नं. १८१२ को जग्गाको क्षेत्रफल ०-०-१५ देखिँदा स्रेस्ताअनुसारकै जग्गा कायम भएको देखिन्छ। पुनरावेदक प्रतिवादी सहजान खातुनको दर्ता स्रेस्ताबाट निजको कि.नं. २४०८ को जग्गाको क्षेत्रफल ०-०-१६ देखिन्छ। ट्रायल चेकबाट निजको कि.नं. २४०८ को जग्गाको क्षेत्रफल ०-०-१६ नै कायम भई स्रेस्ताबमोजिम नै रहेको देखिने।

वादी डम्बरबहादुर खड्काको दर्ता स्रेस्ता र ट्रायल चेकबाट कि.नं. १८१२ को जग्गाको क्षेत्रफल ०-०-१५ रहेकोमा मिति २०७०।१२।६ को नक्सा मुचुल्काबाट न.नं. १३ र १४ को कि.नं. १८१२ मा ०-०-१० वादीको निर्विवादको जग्गा देखिन्छ। कि.नं. १८१२ मा ट्रायल चेक र दर्ता स्रेस्ताभन्दा ०-०-५ जग्गा कम देखिन आयो। पुनरावेदक प्रतिवादी सहजान खातुनको कि.नं. २४०८ न.नं. २, ३ र ८ मा

जनिई निर्विवाद हक भोगको ०-०-१६ जग्गा देखिँदा दर्ता स्रेस्ता र ट्रायल चेकअनुसारकै जग्गा पुगेको देखिन्छ । विवादित जग्गाको क्षेत्रफलहरू जोड्दा स्रेस्ताभन्दा बढी जग्गा प्रतिवादीको भोगमा रहेको देखिने।

नक्साको आकृति प्रकृतिलाई मध्यनजर गर्दा पनि वादीको कि.नं. १८१२ को जग्गाको उत्तरतर्फबाट मिची प्रतिवादीले पर्खाल लगाएको न.नं. ६ बाट स्पष्ट रूपमा देखिएको छ। सो न.नं. ६ को जग्गाको क्षेत्रफल न. नं. ४ र ५ मा समावेश छ भनी नक्सा कुण्डलीमा उल्लेख छ। सो हुँदा न.नं ४ को ०-०-२१/२ र न. नं. ५ को जग्गाको क्षेत्रफल ०-२१/२ देखिँदा सो जग्गा र वादीको न.नं. १३ र १४ को निर्विवादको जग्गाको क्षेत्रफल ०-०-१० समेत जोड्दा ट्रायल चेक र स्रेस्ताबमोजिमको वादीको जग्गा पुग्दछ। त्यसकारण न.नं. ६ को कम्पाउन्ड वाल पर्खाल वादीकै कि.नं. १८१२ को जग्गामा पारी खिचोला गरी बनाएको देखिन्छ। यस्तो अवस्थामा विवादित न.नं. ६ को जग्गामा बनाएको पर्खाल वादीकै कि.नं.१८१२ को जग्गामा बनाएको भन्ने देखिँदा वादी दाबीको जग्गामा प्रतिवादीले खिचोला गरेको स्पष्ट रूपमा देखिएकाले तत्कालीन पुनरावेदन अदालत विराटनगरको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणबाट नक्सा मुचुल्काबाट प्रतिवादीले न.नं. ६ मा उल्लेख भएको पर्खाल वादीको दर्ता स्रेस्ताभित्रको जग्गामा पर्ने गरी निर्माण गरी खिचोला गरेको देखिन आएकाले वादी दाबी नपुग्ने भनी सुनसरी जिल्ला अदालतबाट मिति २०६९।३।१३ मा भएको फैसला उल्टी गरी नक्सा नं. ६ को कम्पाउन्ड वाल पर्खाल हटाई सो जग्गाबाट प्रतिवादीको खिचोला मेटाई वादीले चलन पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत विराटनगरको मिति २०७१।२।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-०९२९, जग्गा खिचोला कम्पाउन्ड हटाई चलन, सहजान खातुन वि. मेनुका खड्का बस्नेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CR-१०४१, अदालतको अवहेलना, श्याम सुन्दर साह वि. ईश्वर मण्डल धानुक*

सार्वजनिक बाटोमा कुनै बाधा अवरेध गर्ने गरी कुनै निर्माण कार्य नगर्नु, नगराउनु भनी प्रत्यर्थी यी पुनरावेदक प्रतिवादीको नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ । सो अन्तरिम आदेशको जानकारी यी पुनरावेदकको नाममा मिति २०६९।१।८ मा तामेल भएको भन्ने तामेली म्यादको प्रतिबाट स्पष्टरूपमा देखिएको छ। सो म्याद निज आफैँले बुझी सहीछापसमेत गरेको देखियो। पुनरावेदक प्रतिवादीले रिट नं.०७४१३ को निषेधाज्ञा मुद्दामा सो मुद्दा पर्नुअघि नै आफूले घरको तल्लाको छत ढलान गरी छज्जीसमेत निर्माण गरिसकेको भनी लिखित जवाफ फिराएको देखिन्छ। यी पुनरावेदकले जनकपुर नगरपालिकाबाट मिति २०६६।८।१६ मा भवन निर्माणको अनुमति पत्र लिएको र सो पत्रानुसारको समयमा कार्य सम्पन्न नगरी पुनः २०७०।८।१४ मा भवन निर्माण सम्पन्न गर्न म्याद थप लिएको अवस्था छ। मिति २०६९।१।७ मा अन्तरिम आदेश जारी भएको छ । निजले भवन निर्माणका मिति २०७०।८।१४ मा थप समय माग

गरेकोबाट निर्माण कार्य नरोकिएको प्रस्ट देखिने।

रिट नं. ०७४१३ को निषेधाज्ञा मुद्दामा भएको मिति २०६९।१।१४ को अन्तरिम आदेशलाई निरन्तरता दिने सम्बन्धमा छलफल हुँदा प्रमाणको रूपमा विवादित घरको फोटोहरूसमेत पेस गरेको देखिन्छ । सो फोटोहरूबाट घरको पहिलो तल्ला र छज्जी ढलान भएको अथवा पहिले नै कार्य सम्पन्न भएको भन्ने देखिएको छैन । निर्माण कार्य भइरहेको प्रस्टरूपमा देखिन्छ । यसबाट यी पुनरावेदक प्रतिवादीले अन्तरिम आदेश प्राप्त भएपछि पनि सो आदेशलाई पालना गरेको भन्ने देखिएन । अन्तरिम आदेश प्राप्त भएपछि पनि निरन्तर कार्य गरिरहेको पुष्टि हुँदा जानाजान (Willful) नै अदालतको आदेशको अवज्ञा गरी अवहेलना गरेको प्रस्ट हुन आयो। तसर्थः आफूले अदालतको अवहेलना गरेको छैन। अदालतको आदेशको अवज्ञा गरेको भनी अवहेलना ठहर गरी आफूलाई सजाय गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी श्यामसुन्दर साहलाई न्याय प्रशासन ऐन, २०४८ को दफा १८(२) बमोजिम अदालतको अवहेलनामा रू.५००।- (पाँच सय) जरिवाना हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जनकपुरको मिति २०६९।१०।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर: देविमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर १८ गते रोज ४ शुभम्।

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ६**
१.	उत्प्रेषण / परमादेश	कुलबहादुर कार्कीसमेत वि. जिल्ला विकास समितिको कार्यालय खाँदबारी, संखुवासभासमेत	१
२.	उत्प्रेषण / परमादेश	कान्छा महर्जनसमेत वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौंसमेत	२
३.	जबरजस्ती करणी / हाडनाता करणी	परिवर्तित नाम (एन १) वि. नेपाल सरकार	३
४.	लागु औषध (हेरोइन)	रिक्की शाही वि. नेपाल सरकार	४
५.	लागु औषध (खैरो हेरोइन)	मनिषराज श्रेष्ठ वि. नेपाल सरकार	४
६.	लागु औषध (ब्राउन सुगर)	समन वि.क. वि. नेपाल सरकार	४
७.	उत्प्रेषण / परमादेश	मणिराम ढकाल वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत	५
इजलास नं. १			**६ – ७**
८.	उत्प्रेषण / परमादेश	विजयकुमार यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत	६
इजलास नं. २			**७ – १४**
९.	जबरजस्ती करणी (अप्राकृतिक मैथुन)	नेपाल सरकार वि. प्रकाश के.सी., प्रकाश के.सी. वि. नेपाल सरकार	७
१०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. लिलबहादुर दर्लामी	८
११.	उत्प्रेषण	अनितादेवी महरा वि. उर्मिला देवीसमेत	९
१२.	उत्प्रेषण	अशोककुमार यादव वि. पुनरावेदन अदालत राजविराजसमेत	१०
१३.	अंश	केशवराम यादव अहिर वि. स्वामी दयाल अहिरसमेत	११
१४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. डिमा देण्डी शेर्पासमेत	१२
१५.	लागु औषध खैरो हेरोइन	नेपाल सरकार वि. विक्रम तामाङसमेत	१३
इजलास नं. ४			**१४ – २१**
१६.	सार्वजनिक अपराध	नेपाल सरकार वि. इन्द्रबहादुर घले	१४
१७.	वैदेशिक रोजगार ठगी	नेपाल सरकार वि. उद्धव गुरागाई	१५
१८.	कर्तव्य ज्यान	प्रमिला राई वि. नेपाल सरकार	१६
१९.	अपहरणपश्चात् कर्तव्य ज्यान	बलदेव नाउँ वि. नेपाल सरकार	१७

२०.	किर्ते जालसाजी	सहदेव साह वि. सोमनी सरवरिया	१७
२१.	जालसाजी	भवदत्त सुवेदी वि. त्रिलोचन सापकोटा	१८
२२.	उत्प्रेषण	नानु श्रेष्ठ वि. सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत	१९
इजलास नं. ५			२१ – २४
२३.	भन्सार महसुल फिर्ता	भैरहवा भन्सार कार्यालय, बेलहिया सिद्धार्थनगर वि. युनाइटेड टेलिकम	२१
२४.	फैसला बदर अंश नामसारी	चिनकी बारी वि. शिवड बारीसमेत	२२
२५.	आयकर (आ.व.२०५१/०५२)	अमृतप्रसाद कायष्ठ वि. नेपाल वनस्पति घ्यू उद्योग लिमिटेड, हेटौंडा	२३
इजलास नं. ६			२५ – ३०
२६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. बागवीर तामाङसमेत	२५
२७.	कर्तव्य ज्यान	गजिन भन्ने गजेन्द्रबहादुर लिम्बु वि. नेपाल सरकार	२७
२८.	जबरजस्ती करणी	केशर रोकाय क्षेत्री वि. नेपाल सरकार	२८
२९.	जबरजस्ती करणी / हाडनाता	डिलप्रसाद बास्तोला वि. नेपाल सरकार	२९
इजलास नं. ७			३० – ३५
३०.	जबरजस्ती करणी	अजय राम वि. नेपाल सरकार	३०
३१.	कर्तव्य ज्यान	मोतीराम जैशी वि. नेपाल सरकार	३२
३२.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. करूणाकर घिमिरे	३३
३३.	रकम दिलाई पाऊँ	दुर्गाप्रसाद श्रेष्ठ वि. सञ्चालक समिति, नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयसमेत	३४
३४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामप्रसाद महतो नुनियासमेत	३५
इजलास नं. ८			३५ – ४१
३५.	जबरजस्ती करणी	नेपाल सरकार वि. ।५ (परिवर्तित नाम)	३५
३६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. मानबहादुर खत्री	३६
३७.	उत्प्रेषण	पद्मिनी प्रधानाङ्ग वि. राष्ट्रपतिको कार्यालय शितल निवास, महाराजगन्जसमेत	३८
३८.	लेनदेन	चन्द्रकृष्ण प्रजापती वि. इश्वरी श्रेष्ठ	३९

३९.	निर्णय बदर दर्ता	पासाङ दोर्जे लामा वि. मालपोत कार्यालय, दोलखासमेत	४०
४०.	जग्गा खिचोला चलन घर उठाई जग्गा खाली गरी चलन	प्रमोदप्रसाद सिंह वि. राम अवतार साह	४१
इजलास नं. ९			**४१ – ४३**
४१.	डाँका	जोनी लामासमेत वि. उत्तमबहादुर थापा मगरसमेत	४१
इजलास नं.१०			**४३ - ५०**
४२.	बन्दी प्रत्यक्षीकरण	कमल कोइराला वि. उदयपुर जिल्ला अदालत	४३
४३.	बैंकिङ कसुर	नेपाल सरकार वि. पुनम कायस्थ	४६
४४.	उत्प्रेषण / परमादेश	कृष्णराज अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत	४८
४५.	गैंडा मारी खाग बिक्री व्यवसाय गरेको	राजन प्रजा वि. नेपाल सरकार	४९

इजलास नं.११			**५० - ५४**
४६.	उत्प्रेषण	राजेन्द्रकुमार महर्जन वि. मानबहादुर बोटेसमेत	५०
४७.	मोही प्रमाणपत्र	जमल खदम मोमिन वि. राजकुमारी देवी	५२
४८.	मानव ओसारपसार	नेपाल सरकार वि. रामकृष्ण मेहतासमेत	५२
४९.	उत्प्रेषण / परमादेश	विजयप्रसाद कुशवाहा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत	५३
इजलास नं.१२			**५४ - ५५**
५०.	उत्प्रेषण / परमादेश	लक्ष्मीनारायण मण्डलसमेत वि. जि.डि. फर्मास्युटिकल्स प्रा.लि., पर्सासमेत	५४
इजलास नं.१३			**५५ - ५९**
५१.	नकबजनी चोरी	नेपाल सरकार वि. विवश थापासमेत	५५
५२.	बन्दी प्रत्यक्षीकरण	कमलराज प्रसाई वि. प्रजिता भुर्तेलसमेत	५७
इजलास नं.१४			**५९ - ६०**
५३.	बहुविवाह	रोजिना तामाङ वि. नेपाल सरकार	५९

इजलास नं.१५			६० - ६६
५४.	बहुविवाह	सुस्मा भुजसमेत वि. नेपाल सरकार	६०
५५.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. ईश्वरराज गिरीसमेत	६१
५६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जपेन्द्रबहादुर शाहीसमेत	६२
५७.	ज्यान मार्ने उद्योग र डाँका	नेपाल सरकार वि. श्रीराम पन्तसमेत	६४

इजलास नं.१६			६६ - ६८
५८.	जग्गा खिचोला कम्पाउन्ड हटाई चलन	सहजान खातुन वि. डम्बरबहादुर बस्नेत	६६
५९.	अदालतको अवहेलना	श्याम सुन्दर साह वि. ईश्वर मण्डल धानुक	६७